सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




• वर्ष १४ • अंक ७ • काठमाडौं, शुक्रबार, असार १३, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, June 27 , 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-





# धरापमा लाहुरे बन्ने सपना

• **शिव शर्मा**

पोखरा- बेलायती सेना तथा सिंगापुर प्रहरीमा भर्तीका लागि अहिले पोखरा रंगशालामा करिब २ हजार ५ सय युवा प्रशिक्षण लिइरहेका छन् । यसरी विभिन्न संघ-सस्थामार्फत् तालिम लिनेबाहेक आफूखुसी तालिम लिनेहरू पनि बाक्लै देखिन्छन् । युवाहरूको एउटै सपना छ लाहुरे हुने र धेरै पैसा कमाउने तर अहिले लाहुरे सपना बुन्ने युवाहरूको रहर धरापमा पर्ने सम्भावना बढेको छ । किन ? जवाफ सहज छ, माओवादीको घोषणापत्रमा गोर्खा भर्तीकेन्द्र बन्द गर्ने एजेन्डा अघि सारिएको छ । माओवादीको यो एजेन्डाले लाहुरे परिवारलाई तीतो अनुभव गराएको छ । अहिले लाहुरे परिवारमा यसैको चर्चा-परिचर्चा बढी छ । माओवादीको घोषणापत्रमा गोर्खा भर्तीकेन्द्रका बारेमा लेखिएको छ- 'नेपाली नागरिकहरू विदेशी सेनामा भर्ती हुने गोर्खा भर्ती केन्द्रजस्ता लज्जास्पद परम्पराको अन्त्य गरिनुपर्छ र उनीहरू सबैलाई स्वदेशभित्रै सम्मानपूर्ण र उत्पादनसिल रोजगारीको व्यवस्था गर्नुपर्छ । यस विषयमा देशभित्र जनमत र सहज वातावरण निर्माण गरेर आवश्यक कदम चालिनेछ ।'

धरान, पोखराजस्ता सहरको अर्थतन्त्र लाहुरे पेन्सनले नै चलेको छ । माओवादीले एजेन्डामा उल्लेख गरेजस्तै गोर्खा भर्तीकेन्द्र बन्द गरेर सबै युवालाई योग्यताअनुसारको काम दिलाउन त्यति सजिलो भने देखिँदैन । दुई पटकसम्म फालिएर तेस्रो पटक भर्तीका लागि तालिम लिइरहेका पोखरा, न्युरोडका २० वर्षीय कमल थापा नेपालमा योग्यताअनुसारको रोजगारीको व्यवस्था नभएकै कारण लाहुरे संस्कार विकसित भएको बताउँछन् ।

माओवादीले घोषणापत्रमा उल्लेख गरेजस्तो कुरा व्यवहारमा उतार्न युवाहरूलाई विदेशमा पाउने तलब सुविधा दिन सक्नुपर्छ भन्दै थापा थप्छन्- 'यस्तो भए अर्काको मुलुकमा काम गर्न को जान्थ्यो ?' लाहुरे भर्ती बन्द गर्ने माओवादीको एजेन्डाले लाहुरे बन्न प्रयासरत युवाहरूलाई निराश तुल्याएको छ । लाहुरे तालिम लिइरहेका एक युवाले केही आक्रोशित हुँदै भने- 'गोर्खा भर्तीकेन्द्र बन्द गरियो भने मुलुकमा बेरोजगारीले विकराल रूप लिनेछ ।

कतिलाई के रोजगारी दिने ? यसले अवस्था थप जटिल हुनेछ । माओवादीको यो एजेन्डालाई कतिले उचित रूपमा पनि लिएका छन् । एक थरी भन्छन्- 'स्वदेशमै रोजगारीको व्यवस्था गरेर भर्तीकेन्द्र रोक्नुपर्छ ।' बेलायती सेना तथा सिंगापुर प्रहरीमा भर्ती भएर जाने नेपालीहरूलाई त्यहाँका स्थानीयको तुलनामा तलब-भत्ता पनि न्यून छ । नेपालीलाई स्थानीय नागरिकको तुलनामा १०

**बाँकी पृष्ठ ५ मा**


## भर्ती बन्द गरे आन्दोलन हुने



माओवादीले गोर्खा भर्ती केन्द्र बन्द गरे आन्दोलनमा उत्रने भूतपूर्व सैनिकहरूले बताएका छन् । उनीहरूले भर्ती केन्द्र बन्द गर्ने अप्रिय निर्णय भएमा त्यस विरुद्ध सबै भूतपूर्व सैनिक सडक संघर्षमा उत्रने चेतावनी दिए ।

भर्ती केन्द्र बन्द गर्ने अभियानको विरोध कार्यक्रमको पहिलो दिन भूतपूर्व सैनिक संघले गत बिहीबार बुटवलमा पत्रकार सम्मेलन गरी भर्ती बन्द गर्ने माओवादीको चुनावी प्रतिबद्धतापत्र र केही दिनअघि यही विषयमा भारतीय पूर्वराजदूत श्यामशरणले दिएको अभिव्यक्तिले आफूहरू आन्दोलित भएको बताए । भूतपूर्व सैनिक संघका केन्द्रीय उपाध्यक्ष धनबहादुर मास्की रानाले भर्ती केन्द्र बन्द गर्ने चुनावी प्रतिबद्धता गरेको माओवादीले सरकारको नेतृत्व गर्ने निश्चितप्राय: भएको अवस्थामा विदेशी सेनामा भर्ती हुने गोर्खाली समुदाय चिन्तित भएको बताए । रानाका अनुसार पुर्खाकै समयदेखि भारत तथा बेलायतमा बहादुरी प्रदर्शन गरेको क्षेत्र तथा युवा जमातले रोजगारीको ठूलो हिस्सा आगट्ने भर्ती केन्द्र हटाउने कल्पना पनि गर्न सकिँदैन । देशलाई सुनको अण्डा दिने भर्ती केन्द्र बन्द गर्नु कुनै हालतमा युक्तिसंगत नहुने बताउँदै रानाले भने, 'यदि हटाउने निर्णय भए भूतपूर्व सैनिक सडक संघर्षमा उत्रनेछन् ।'

**बाँकी पृष्ठ ५ मा**






## सम्पादकीय

# प्रवेशिका परीक्षाको परिणाम

अपेक्षा गरिएभन्दा चाँडो प्रकाशन गरिएको यो वर्षको प्रवेशिका परीक्षा (एसएलसी) को परिणामले आममानिस तथा मुलुकका योजनाविद्हरूमा उत्साह थपिदिएको छ । पूर्वानुमान गरिएको भन्दा निकै बढी विद्यार्थी उत्तीर्ण भएको यो वर्षको एसएलसी परीक्षाफलले एकातिर अभिभावकहरू प्रसन्न देखिएका छन् भने अर्कातिर निजी क्षेत्रबाट उच्च माध्यमिक विद्यालयहरू सञ्चालन गरिरहेका व्यक्ति तथा संस्थाहरू पनि खुसी छन् । रोजगारको ठूलो बजार भएको मुलुकमा एसएलसी वा सो सरहको यस्तो परिणामले निकै महत्त्व राख्छ, तर हाम्रोजस्तो सानो रोजगार बजार भएको तथा अधिकांश युवा रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता रहेको मुलुकका लागि अहिलेको एसएलसी परीक्षाको परिणामले योजनाविद्हरूलाई झस्काएको पनि हुनुपर्छ । पछिल्लो एक दशकमा नेपालले अवलम्बन गरेको उदार आर्थिक नीतिलाई पछ्याउँदै निजी क्षेत्रले शिक्षा क्षेत्रमा व्यापाक लगानी गरेको छ । यस्तो लगानीको परिणामस्वरूप अहिले मुलुकको ग्रामीण क्षेत्रदेखि सहरी क्षेत्रसम्म निजी क्षेत्रको शैक्षिक प्रतिष्ठानहरूले पर्याप्त अवसर सिर्जना गरेका छन् । सम्भवतः यस्ता अवसरहरूले नै एसएलसीको परिणामलाई प्रभावित गरेको छ भन्ने आधारहरू छन् ।

तथ्यांकअनुसार यो वर्ष नियमिततर्फ ६३ दशमलग ७३ प्रतिशत तथा एक्जाम्टेडतर्फ ३२ दशमलव २४ प्रतिशत विद्यार्थीले एसएलसी परीक्षा उत्तीर्ण गरेका छन् । संख्याका हिसाबले गर्दा यो वर्ष नियमिततर्फ १ लाख ९५ हजार ६ सय ८९ तथा एक्जाम्टेडतर्फ ५९ हजार ९ सय ६३ विद्यार्थी उत्तीर्ण भएका छन् । विद्यार्थीहरूको यो सफलताले मुलुकमा उच्च शिक्षा उपलब्ध गराउने दायित्व लिएकाहरूमा जुन उत्साह देखिएको छ त्यस्तो उत्साह रोजगार बजारमा पनि छ भन्ने आधार छैन । अहिले विश्वव्यापी रूपमा देखा परेको आर्थिक मन्दी तथा कमजोर विकासदर एवं संविधानसभाको निर्वाचनका बाबजुद मुलुकको आर्थिक अवस्थामा कायापलट हुन सक्छ भन्ने आधार अहिलेसम्म देखिएको छैन । यस्तो स्थितिमा एसएलसीको यस्तो परिणामले मुलुकमा बेरोजगारीको अवस्थालाई थप जटिलतातर्फ डोऱ्याउन सक्छ, यो विषयमा हामी सबै सचेत रहनु आवश्यक छ, अन्यथा हामीले निकट भविष्यमै शैक्षिक बेरोजगारहरूको एउटा ठूलो जमातको सामना गर्नुपर्ने छ । कुरा एसएलसी उत्तीर्ण हुनेहरूको मात्र होइन, अनुत्तीर्ण हुनेहरूको पनि हो । कतिपय अवस्थामा उत्तीर्ण हुनेहरूभन्दा अनुत्तीर्ण हुनेहरूले समाजमा जटिलता निम्त्याउँछन् तसर्थ सरकारले एसएलसी अनुत्तीर्ण हुनेहरूका लागि, उनीहरूलाई निराशातर्फ धकेलिनबाट रोक्न, तत्काल ठोस र परिणाममुखी कार्यक्रम ल्याउनुपर्छ । त्यसो हुन सकेन भने मुलुकको युवापुस्तामा जुन निराशा छाउनेछ त्यसले एसएलसी परिणामले दिएको उत्साहमाथि सामाजिक अवसादको लेप लगाइदिनेछ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न ।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

# नयाँ नेपालमा सहिदको स्थान

एक समय सहिद शुक्रराज शास्त्रीका पिताले आफ्नो छोरोलाई हेर्दै भनेका थिए रे- 'तँजस्तो छोरोलाई जन्म दिएर म धन्य छु ।' शुक्रराज शास्त्री वास्तविक सहिद हुन् जसले मुलुकलाई अन्धकारमा १ सय ४ वर्ष थुन्ने राणाहरूको विरोधमा आवाज उठाए र देशमा चेतना फैलाउन 'स्वर्गको दरबार' जस्तो कृतिलाई जन्म दिए । त्यही भएर उनलाई फाँसी दिएको चौतारीमा आज पनि पूजा हुन्छ र मानिसहरू त्यहाँ पुग्दा नतमस्तक हुन्छन् । त्यस्तै गंगालालले पनि आफूतिर बन्दुक सोझ्याउनेलाई 'तेरो बाबुको शक्ति छ भने छातीमा गोली हान' भनेका थिए । कैयन् प्रलोभन देखाइयो, त्रासका कैयन् कथा बुनिए तर सहिदहरू देशमा उज्यालो ल्याउन एक कदम पनि पछि हटेनन् । उनीहरूको जीवनी अध्ययन गर्दा आफ्नो रगत पनि त्यस्तै उत्सर्गमा पोख्न हाम्रो मन आतुर हुन्छ । त्यतिबेलाको सरकारले उनीहरूको उत्सर्गलाई पुरस्कार दिँदा ती सहिदहरूलाई राजाको पाउले दबाएको प्रतिमा दियो । नयाँ नेपालमा त्यस्तो शोषण र अन्याय विम्बित हुने प्रतिमा शेष रहनु हुँदैन । नयाँ गणतान्त्रिक नेपालको प्रारम्भ काला इतिहासका सालिकहरूलाई प्रलयकारी धक्का दिएर सुरु गर्नुपर्छ । सहिदभन्दा माथि कोही हुँदैन, न ईश्वर, न कुनै राजा । नेपालका चार सहिदलाई अपमान गरी बनाइएको स्मारकले, नेपालको राजतन्त्रको परम्परागत कुटिल छवि ओकल्छ । नयाँ संघीय गणतान्त्रिक नेपालमा सहिदलाई पाउमा राख्ने परम्परालाई उल्टयाउनुपर्छ ।

आज यस्ता सहिदहरूको नाम इतिहासमा विस्मृत हुँदै गएर नयाँ-नयाँ सहिद थपिने क्रम बढ्दो छ । अहिले तरकारी किन्न गएको बखत मरे पनि सहिद घोषणा गर्न आवाज उठाइन्छ । नेताहरू पनि सहिदको पद उपहारमा दिएर घटनालाई टाल्न सकिने विश्वासमा छन् । नेपाली नेताहरूले सहिदको परिभाषा नबुझेकोमा दुःख लाग्नु स्वाभाविक हो । हालै केही दिनअघि मारिएका एक व्यापारीलाई सहिद घोषणा गर्न तयार भएको माओवादी अध्यक्ष पुष्पकमल दाहालको टिप्पणीले सहिदको परम्परागत परिभाषा नै ढलमलाएको छ । सहिद घोषणा गर्नुभन्दा पहिले के हेक्का राख्नुपर्छ भने सहिद घोषणा गर्न उनको राष्ट्रप्रतिको योगदान के हो ?

सहिद तिनलाई भनिन्छ, जसले आफ्नो मुलुकका लागि आफ्नो रगत चुहाएको होस् । माओवादीहरूले व्यक्तिगत रिसइबीमा मारेकाहरूलाई सहिद घोषणा गर्नु त के टिप्पणी गर्नु पनि सुहाउने कुरा होइन । यस्तो कुरामा हरेक पक्षबाट विरोध हुनुपर्छ । यस्ताखाले हत्यामा क्षतिपूर्ति दिएर परिवारको घाउमा मल्हम लगाउन सकिन्छ, सहिद नै भनिदिँदा सहिदहरूको उत्सर्ग र बलिदानको अवमूल्यन हुनेछ ।

> केही वर्षयता जो-कोहीलाई सहिद घोषणा गर्नु फेसन नै भएको छ । यस्तो परिपाटीले वास्तविक सहिदको स्थानमा नक्कली सहिदको प्रतिमा ठडिने त होइन भन्ने शंकाको कालो बादल पनि मडारिन थालेको छ । व्यक्तिगत एवं संस्थागत रिसइबीका कारण हत्या गरेर, हत्याउप्रान्त सहिदको पगरी गुथाइदिएर घटनाको आक्रोशलाई कम गर्न सकिएला तर यसले वास्तविक सहिदको अपमानको क्षतिपूर्ति गर्न सकिँदैन । इतिहास खोतल्ने हो भने कैयन् सहिदको नाम र प्रतिष्ठा पुरिएको छ । बरु इतिहास उत्खनन गरी त्यस्ता अज्ञात सहिदहरूको सालिक बनाऔँ ।

केही वर्षयता जो-कोहीलाई सहिद घोषणा गर्नु फेसन नै भएको छ । यस्तो परिपाटीले वास्तविक सहिदको स्थानमा नक्कली सहिदको प्रतिमा ठडिने त होइन भन्ने शंकाको कालो बादल पनि मडारिन थालेको छ । व्यक्तिगत एवं संस्थागत रिसइबीका कारण हत्या गरेर, हत्याउप्रान्त सहिदको पगरी गुथाइदिएर घटनाको आक्रोशलाई कम गर्न सकिएला तर यसले वास्तविक सहिदको अपमानको क्षतिपूर्ति गर्न सकिँदैन ।

इतिहास खोतल्ने हो भने कैयन् सहिदको नाम र प्रतिष्ठा पुरिएको छ । बरु इतिहास उत्खनन गरी त्यस्ता अज्ञात सहिदहरूको सालिक बनाऔँ । सकिन्छ भने राणाशासन, पञ्चायती शासन र अरू काला कालखण्डमा बेपत्ता पारिएकाहरूलाई सहिद घोषणा गर्न पहल गरौँ, सहिदजस्तो गरिमामय शब्दको अपमान नगरौँ । जनआन्दोलन भाग-२ का कैयन् जिउँदा सहिद आज पनि शरीरका विभिन्न अङ्गमा गोली बोकेर हिँडिरहेका छन् । जोकोहीलाई सहिद घोषणा गरी क्षतिपूर्ति दिँदै हिँड्नुभन्दा इतिहासका गौरव, ती जिउँदा सहिदहरूको उपचारको व्यवस्था गर्नु बढी न्यायोचित हुन्छ ।

हाम्रा दलहरूमा के कमजोरी छ भने उनीहरू सहिदलाई दलीय ध्वजा अन्तर्गत परिचित गराउन चाहन्छन् । सहिदलाई यसरी पार्टीगत भागबन्डा नगरौँ, बरु सम्पूर्ण सहिदलाई राष्ट्रकै विभूति मानेर गौरव गर्न सक्ने वातावरण तयार गर्न आवश्यक पहल गरौँ ।

**–प्रेमकृष्ण श्रेष्ठ, काठमाडौं**

## तीतो सत्य

• कसैको सुन्दर एवं स्वच्छ आत्मामा चोट नपुऱ्याऊ किनकि आत्मीय चोटको औषधी पाउन सकिँदैन ।

• फूल रोज्नेले काँडालाई पनि अँगाल्न सक्नुपर्छ ।

• सूर्यले निःस्वार्थ सेवा प्रदान गर्छ । त्यसैले सूर्यसँग कुनैप्रकारको सम्झौता नगर ।

• कसैको प्रतीक्षामा नबस किनकि गन्तव्यमा पुग्न ढिला भैसकेको हुनेछ ।

• पत्थर पग्लँदैन टुक्राटुक्रा भएर जान्छ । त्यसैले पत्थरलाई कहिल्यै पगाल्ने प्रयास नगर ।

• बिना संघर्ष सफल बन्न सकिँदैन ।

**आनन्द खड्का, काठमाडौं**

• अरूको कुरालाई बीचैमा काटी आफ्नो कुरालाई प्राथमिकता दिने प्रयास गर्नु घमन्ड हो ।

• प्रेमको महत्त्व जति मिलनमा हुन्छ त्यसको सयौं गुणा बढी विछोडमा हुन्छ ।

• हामी सबैले व्यक्तिभन्दा व्यक्तित्वलाई महत्त्व दिने बानी बसाल्नु आवश्यक छ ।

**विजय पँगेनी, स्याङ्जा**

• भविष्य जान्न चाहन्छौ भने वर्तमानको अध्ययन गर ।

• मानिसमा सबैको भएर पनि कसैको नहुने र कसैको नभएर पनि सबैको हुने गुण हुनुपर्छ ।

• सेवाका निम्ति पैसाको आवश्यकता पर्दैन, पर्छ आफ्नो संकुचित विचारको त्याग ।

• इच्छा नै दुःखको जड हो ।

**बद्रीगोपाल रिसाल, इटहरी**

'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।

–सम्पादक

## नीति नियम

**यदि कसैको स्थायी सम्पत्ति (घर-जग्गा) धरौटी राखिएको रहेछ भने धरौटीको मूल्यभन्दा कम मूल्यमा हुन सक्दैन । साहूको ऋण चुक्ता हुनासाथ उक्त घरजग्गा शुद्ध रूपमा फिर्ता गरिदिनुपर्छ । यदि कसैको धेरौटीवस्तु अरू कसैलाई दिन्छ भने त्यसको नोक्सानी दिनेवालाले बेहोर्नुपर्छ । यदि बन्धकी लिनेवालाले धरौटी इन्कार गर्छ भने धरौटी राख्नेको सामाजिक स्थिति तथा उसको चरित्रबाट त्यसको निर्णय गर्नुपर्छ । धरौटी दबाएर खान खोज्नेलाई चोरीको दण्ड-सजाय दिनुपर्छ । ऋण, धरौटी, गरगहना आदिका कार्य उत्तम खालका साक्षीहरूको रोहबरमा गर्नुपर्छ त्यसमा कुनै विवाद आएमा साक्षीहरूकै सहायताले न्यायपूर्वक निर्णय गर्नुपर्छ ।**

**काम गर्ने मजदुरले आफ्नो जति तलब तोकिएको छ त्यति लिनुपर्छ । यदि तलब पहिले नै तोकिएको छैन भने आफूले काम गरेको समयअनुसार लिनुपर्छ । कृषकले अन्न, ग्वालाले घिउ तथा व्यापारीले आफ्नो वस्तुको दसौं भाग वेतनका रूपमा लिन सक्छन् । नोकरबाट खेती, पशुपालन, व्यापार आदि कार्य गराउन सकिन्छ जसलाई तलब दिइँदैन । तर यस्ता दासहरूलाई अनुचित तवरबाट यसरी काम गराइनु धर्मसम्मत हुँदैन ।**

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



# मिथिला कलामा

परम्परागत मिथ बोकेको मिथिला कलाको महत्त्व छुट्टै छ । हिन्दू धर्मको दर्शनशाश्त्रसँग सम्बन्धित रहेर सिर्जना गरिने यो कलालाई पछिल्लो पुस्ताले अनुसरण नगर्दा अहिले समग्र मिथिला कला नै लोपोन्मुख अवस्थामा पुग्न थालेको छ । पुस्तान्तरण हुँदै आएको यो कलाका सर्जक मैथिल समाजका महिलाहरू मानिन्छन् । परम्परागत शैलीमा बनेका घरलाई आकर्षक देखाउन पनि यो कलालाई महिलाहरूले प्रयोग गर्दै आएका छन् । यसकारण पनि मैथिली समाजमा यो कलामा पुरुषले हात हाल्न नहुने धारणा रहँदै आएको थियो, तर कलाकार प्रतीक रायमाझीले कला सिर्जनाका निम्ति महिला वा पुरुषवर्ग आवश्यक नभै शिल्पी सर्जकका हात आवश्यक हुन्छ भन्ने कुरा पुष्टि गरेका छन् । रौतहटको गौरमा बस्ने यी युवा यतिखेर मिथिला कलाको प्रवर्द्धनमा सक्रिय भेट्टिन्छन् । सिरहास्थित बडहरा गाविसमा जन्मिएका प्रतीकले सेभ दि चिल्ड्रेन फन्डको सहयोगमा सन् १९९८ देखि २००२ सम्म मिथिला कलाअन्तर्गत सीपमूलक तालिम सञ्चालन गरेका थिए । यो तालिमको प्रतिफलअनुरूप नेपाली मिथिला कला प्रयोग भएका पहिरनहरू अन्तर्राष्ट्रिय बजार खासगरी अमेरिकामा बिक्री हुन थालेका थिए । 'त्यसबेला नै वार्षिक पौने ३ करोडको व्यापार हुने गरेको थियो', प्रतीक सम्झन्छन्- 'वर्ल्ड ट्रेड सेन्टर ध्वस्त भएपछि यो व्यापारमा कमी आएको थियो ।' प्रतीकका अनुसार अहिले युरोपियन बजारमा पनि यो कलाले स्थान पाउन थालेको छ ।

# शोभना श्रेष्ठ



१८ वर्षीया शोभना श्रेष्ठ हाल बीबीएस पहिलो वर्षमा अध्ययनरत छिन् । शान्तिनगर, काठमाडौंकी बासिन्दा शोभनाको उचाइ ५ फिट ३ इन्च छ । मोडलिङप्रति रुचि राख्ने शोभना नेपाली साइट डटकमका लागि २००८ को जनवरी महिनाकी सुन्दरीका रूपमा प्रस्तुत भएकी छिन् । ५ फिट ३ इन्च अग्ली शोभनाले एयरहोस्टेज हुने लक्ष्य लिएकी छिन् । अरूको कुरा काट्ने मानिस उनलाई पटक्कै मन पर्दैनन् । नृत्य गर्ने तथा पुस्तक अध्ययन गर्ने शोभनालाई नेवारी परिकार अत्यन्तै मन पर्छ । शोभनालाई मनपर्ने संगीतकर्मी सरुन ताम्राकार र नाइन्टिन सेभेन्टी फोर एडी ब्यान्ड हुन् । नेपाली फेसन विकासकै क्रममा रहेको बताउने शोभनालाई मन पर्ने फेसन मोडल याना गुप्ता हुन् । मनाङ, मुस्ताङ घुम्ने इच्छा राख्ने शोभना हयाङ्ग आउटका लागि भक्तपुरलाई रोज्छिन् । नेपाली भएकोमा उनलाई अत्यन्तै गर्व छ । चिटिक्क परेको पहिरनमा सजिन रुचाउने शोभनालाई सभ्य व्यवहार गर्ने मानिसहरू नै मन पर्छन् । शोभना भन्छिन्- 'को मानिस कस्तो छ भन्ने कुरा उसको व्यवहारबाट देखिन्छ ।'

## मुखाले

माओवादी सेनालाई राष्ट्रिय सेनामा गाभे गम्भीर भूल एवं ऐतिहासिक त्रुटि हुने निश्चित छ ।

**सूर्यबहादुर थापा**
**अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

ज्ञानेन्द्रले आमालाई आफूसँगै नलगेर छोराको ऋण तिर्नबाट वञ्चित भएका छन् ।

**नीलाम्बर आचार्य, बुद्धिजीवी**

सुरक्षा परिषद्मा विपक्षी दलको नेता बस्ने दुनियाँमा कहीँ छैन, यस्तो व्यवस्था कांग्रेसले आफू अनुकूल बनाउन प्रस्ताव गरेको हो ।

**डा. बाबुराम भट्टराई,**
**नेता, नेकपा (माओवादी)**

दस कक्षाको मात्र प्रश्न सोधिन थालेपछि एसएलसीको परिणाम राम्रो आउन थालेको हो ।

**अम्बिकाप्रसाद रेग्मी**
**परीक्षा उपनियन्त्रक**

सुरक्षा परिषद्मा विपक्षी दलको नेता राख्नु चेक एन्ड बाइलेन्सका हिसाबले पनि आवश्यक छ ।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

प्रधानमन्त्रीले कहाँ राजीनामा दिने ? के प्रचण्डलाई राजीनामा बुझाउने ?

**शेरबहादुर देउवा**

राजा गएपछि पनि राष्ट्रको चिन्ता गर्ने सेनाको काममा कुनै फरक आएको छैन । फरक कति छ भने अब सेनाको परमाधिपति भएर राष्ट्रपति आउनेछन् ।

**रुक्मांगत कटुवाल, प्रधानसेनापति**

# राम्रो कलेजको छनौट

**प्रदीप बस्याल**

एसएलसीको नतिजासँगै राम्रो कलेजको छनौट कसरी गर्ने भन्ने चिन्ताले पनि उत्तिकै पिरोलिन्छ। नतिजा सार्वजनिक भएलगतै झन्डै २ लाख विद्यार्थी कलेजको खोजीमा लाग्छन्। विगतका अनुभवलाई हेर्दा विद्यार्थीको ठूलो जमात +२ कलेजतर्फ लाग्नेछ, बाँकी विद्यार्थीहरू प्रवीणता तह अध्यापन हुने कलेजतर्फ लाग्नेछन् र सबैभन्दा कम संख्याका विद्यार्थी 'ए' लेवल कलेजतर्फ लाग्नेछन्। सामान्य आँकलनका आधारमा हेर्दा मध्यमवर्गीय परिवारका विद्यार्थीहरू प्लस टु कलेजतर्फ, निम्नवर्गीय विद्यार्थीहरू प्रवीणता तहका कलेजतर्फ र निकै हुने-खाने मानिने उच्च वर्गका विद्यार्थीहरू 'ए' लेवल पढ्ने गरेको पाइन्छ। दिनानुदिन खर्चिलो बन्दै गएको शैक्षिक वातावरणका बीचमा पनि आफूले थेग्न सक्ने आर्थिक भारको बीचमा रहेर स्तरीय कलेज छनौट गर्नु चुनौतीपूर्ण बनेको छ। अझ त्यसबीचमा आउने कलेजहरूका आकर्षक विज्ञापन, राम्रा पोस्टप्याक्ट्सहरूहरूले देखाउने अनेकथरी प्रलोभनका बीचमा विद्यार्थीलाई पर्ने समस्या घटाउन शिक्षक-शिक्षिका, अभिभावक, सञ्चारमाध्यमलगायत अन्य सरोकारका निकायले संवेदनशील भै आफ्नो भूमिका निर्वाह गरे मात्र विद्यार्थीको भविष्य राम्रो दिशातर्फ मोडिएको मानिनेछ। त्यसैगरी विद्यार्थीहरू स्वयंले पनि अरूको लहलहैमा लागेर भन्दा संवेदनशील भै स्वविवेकमा निर्णय लिनु नै बुद्धिमानीपूर्ण हुन्छ।

**के पढ्ने ?**

कलेज छनौटको मुख्य आधार के पढ्ने भन्ने नै हो। एसएलसीमा निकै राम्रो अंक आए विज्ञान, मध्यम अंक आए व्यवस्थापन र सामान्य अंक आउँदैमा मानविकी वा अन्य संकायतर्फ जाने परिपाटी हामीकहाँ छ। यो निकै हानिकारक र आत्मघाती सावित हुनसक्छ। एसएलसीको नतिजा मात्र त्यस्तो मापन तत्त्व होइन, जसले भविष्यको मोड नै बदलिदेओस्। के पढ्ने भन्ने कुरा विद्यार्थीहरूको भित्री इच्छामा भर पर्छ। यसमा लक्ष्य एवं झुकाव नै प्रमुख निर्णायक तत्त्व मानिन्छन्, तर वर्तमान परिप्रेक्ष्यमा धेरै राम्रा सम्भावना बोकेका विषयहरू स्वदेशमै पढ्न सकिने अवस्थाले विद्यार्थीलाई भिन्नभिन्न क्षेत्रमा लाग्न मार्ग प्रशस्त गरिदिएको छ।

**विज्ञान**

- इन्जिनियरिङ (सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक, इलेक्ट्रिकल, कम्प्युटर, इन्फर्मेसन टेक्नोलोजी, आर्किटेक्चर, बायोटेक)
- चिकित्सा (एमबीबीएस, नर्सिङ, आयुर्वेद, पब्लिक हेल्थ, होमियोप्याथिक, रेडियोग्राफी, आदि)
- बायो केमेस्ट्री, इन्भारोमेन्टल साइन्स, बीएस्सी, भेटनरी, कृषि, वन, वाइल्डलाइफ कन्जरभेसन आदि।

**व्यवस्थापन**

- बिजनेस एडमिनिस्ट्रेसन, बिजनेस स्टडिज, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, हस्पिटालिटी, इन्फर्मेसन म्यानेजमेन्ट, डेभलपमेन्ट फाइनान्स, फेसन डिजाइन आदि।

**मानविकी**

- समाजशास्त्र, मानवशास्त्र, सोसल वर्क, जर्नालिज्म एन्ड मास कम्युनिकेसन, संगीत, लिवरल आर्ट्स एन्ड साइन्स, ललितकला, राजनीतिशास्त्र, अर्थशास्त्र, ग्रामीण विकास, गणित, इतिहास, अन्तर्राष्ट्रिय भाषा आदि।

त्यसैगरी शिक्षण पेसातर्फ जान चाहनेहरूका बीच शिक्षा संकाय लोकप्रिय बन्दै गएको छ भने कानुन संकाय पढेकाहरू पनि अब वकालत मात्र नगरेर ठूला-ठूला व्यापारिक एवं गैरव्यापारिक संस्थामा 'लिगल एडभाइजर' भएर राम्रो जीवनयापन गर्न सकिने हुँदा कानुन पनि विद्यार्थीका विषय छनौटको एउटा राम्रो अप्सन हुन सक्छ।



**कसरी चिन्ने राम्रो कलेज ?**

यो निकै जटिल प्रश्न हो। यसको मापदण्ड मानिसैपिच्छे फरक-फरक हुन सक्छ। तर केही संवेदनशील कुरामा सुरुमै चनाखो भएर यथार्थ जानकारी बटुल्न सके नराम्रो कलेजमा फस्नबाट जोगिन सकिन्छ। कलेजको भौतिक संरचना प्रमुख तत्त्व हो। कुनै पनि कलेजको स्थायित्व उसको भौतिक संरचनाले मुख्य रूपमा निर्धारण गरेको हुन्छ। आरामदायी डेक्स-बेन्च, ध्वनि प्रतिरोधक (शान्त) कक्षाकोठा र सीमित विद्यार्थी अट्ने कक्षाहरूमा मात्र अर्थपूर्ण रूपमा अध्ययन-अध्यापन हुनसक्छ। कतिपय कलेजले आफ्ना चिनारी पुस्तिकामा निकै आधुनिक कक्षाकोठा देखाए पनि त्यो सही नहुन सक्छ। त्यसैले विद्यार्थी ती कलेजमा स्वयं गएर अवलोकन गर्नु बुद्धिमानीपूर्ण हुन्छ।

दोस्रो पक्ष शिक्षक-शिक्षिकाको हो। कलेजले राखेका शिक्षक-शिक्षिका कति गुणस्तरीय छन् भनेर आफ्ना अग्रजहरूसँग जानकारी लिनु राम्रो हुन्छ। विभिन्न विषयमा ख्याति कमाएका शिक्षकहरूको नाम मात्र राखेर विज्ञापन गर्ने चलन पनि छ। त्यसैले विद्यार्थीहरूले आफ्नै माध्यम लगाएर यी कुरा जान्नु बुद्धिमानी हुन्छ। कलेजको प्रयोगशाला अर्को महत्त्वपूर्ण पक्ष हो। त्यसपछि मात्र बोर्ड परीक्षाका नतिजा र विभिन्न छात्रवृत्तिमा नाम निकाल्ने विद्यार्थीको क्रम हेर्नु राम्रो हुन्छ। कलेजले ल्याएको उच्च प्रशिक्षत हेर्नुभन्दा पनि समग्र नतिजाले कलेजको गुणस्तरीयताका सम्बन्धमा केही जानकारी दिन सक्छ।

त्यसैगरी कलेजले लिने केही रणनीतिले पनि कलेजको गुणस्तरीयता झल्काइरहेको हुन्छ। सुरुमै सीमित सिट तोकेर सोहीअनुसार भर्ना लिने कलेज राम्रा हुन्। धेरै विद्यार्थी पाउँदैमा आफ्नो क्षमताबाहिर गएर विद्यार्थी भर्ना गर्ने कलेज बढी व्यापारमुखी र कम सेवामुखी मानिन्छन्। मुख्य कुरा त कलेज कसरी चलिरहेको छ भन्नेमा निर्भर हुन्छ- कुनै व्यक्तिविशेषको भरमा वा निश्चित सिस्टममा। सिस्टममा रहेर चल्ने कलेजले विद्यार्थीलाई राम्रो दिशातर्फ लान सक्छ। कुनै कलेजले बढी नै चिल्ला कुरा र नियमभन्दा धेरै टाढा गएर धेरै नै छात्रवृत्ति दिए पनि त्यसको गुणस्तरमाथि प्रश्न तेर्स्याउने ठाउँ हुनसक्छ। मध्यमखाले वा आफूलाई केही कमजोर मान्ने विद्यार्थीले आफ्नो ध्यान धेरै नाम चलेका कलेजतर्फ नलानु नै बेस हुन्छ। किनभने त्यहाँ ती विद्यार्थीमाथि कलेजले कम ध्यान दिने सम्भावना हुन्छ।

**खर्च एवं छात्रवृत्ति**

आजकाल कलेजहरू निकै खर्चिला बनेका छन्। उनीहरू केही मात्रामा छात्रवृत्ति पनि दिन्छन्, तर यी विषयमा पहिले नै स्पष्ट रूपमा नबुझे पछि तिनै कुराले विद्यार्थी एवं अभिभावकमा मानसिक तनाव उत्पन्न हुन्छ। महँगा कलेजमा मात्र राम्रो पढाइ हुन्छ भन्ने विचार पहिले नै त्याग्नुपर्छ। सर्वसुलभ कलेजमा पनि राम्रो पढाइ हुनसक्छ। एसएलसीपछिको पढाइ कलेज वा शिक्षकमा भन्दा पनि विद्यार्थीको मेहनतमा बढी निर्भर हुन्छ, तर त्यसको वातावरण सिर्जना गर्न कलेज तथा शिक्षक-शिक्षिकाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। इन्ट्रान्स परीक्षामा राम्रो गर्न सके निकै राम्रा कलेजमा पनि सजिलै पढ्न सकिन्छ। एसएलसीको प्रतिशत र इन्ट्रान्सको प्रतिशत दुवै हेरेर दिइने छात्रवृत्तिको प्रकृति पनि कलेजैपिच्छे फरक-फरक छन्। कसैले दुई वर्षका लागि, कसैले एक वर्षका लागि मात्र र कसैले प्रतिशत मेन्टेन हुनुपर्ने सर्तमा प्रथम आन्तरिक परीक्षासम्म छात्रवृत्ति दिएका हुन्छन्। सुरुमा छात्रवृत्ति नपाएकाले पनि आन्तरिक परीक्षामा राम्रो अंक ल्याउन सके छात्रवृत्ति पाइने हुँदा एसएलसीमा कम अंक आउँदैमा आत्तिनुपर्दैन।

**अन्त्यमा,**

एसएलसीपछिको पढाइ माध्यमिक तहको भन्दा निकै भिन्न हुन्छ। विभिन्न विषयका सामान्य जानकारी लिने पढाइपछि तिनै विषयमा गहन रूपमा अध्ययन गर्ने गरी विकसित गराइएको हुन्छ। त्यसैले विद्यार्थीले आफूलाई त्यो स्तरको ज्ञान लिन पहिले नै मानसिक रूपमा तयारी गर्नुपर्छ। विद्यालयमा जस्तो शिक्षक-शिक्षिकाले पढाएको मात्र पढ्ने, शिक्षक-शिक्षिकाले पढ भने मात्र पढ्ने बानी त्याग्नुपर्छ, किनभने कलेजको कोर्स विद्यार्थीकै मेहनतका आधारमा सञ्चालन हुने गरी तय गरिएका हुन्छन्। विद्यालयमा त कुन विद्यार्थी कुन पक्षमा कमजोर छ भन्ने कुरा शिक्षक-शिक्षिकालाई थाहा हुने हुँदा उसले सोहीअनुसार पढाउँछन्, तर कलेजको दुई वर्षमा शिक्षक-शिक्षिकाले विद्यार्थी चिन्न नै नपाउन सक्छन्। त्यसैले आफ्ना समस्या निर्धक्क आफैं व्यक्त गर्न सक्नुपर्छ। अरूले के भन्लान् भनेर बसे पछुताउनुपर्ने स्थिति उत्पन्न हुनसक्छ।

# सुकर्मको युरोपयात्रा



नेपाल र जर्मनीको सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई प्रगाढ बनाउने उद्देश्यले नेपालीसिच ड्युट्से जुगेनडिल्फ (एनडीजे) को आयोजनामा गत जेठ ३२ गते जर्मनीको ऐतिहासिक नगरी म्युनस्टरमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। 'नेपाल साँझ' शीर्षक राखिएको उक्त कार्यक्रमको प्रमुख आकर्षण नेपाली शास्त्रीय संगीत टोली 'सुकर्म' थियो। नेपाल र नेपाली संस्कृतिलाई जर्मनीमा परिचित गराउने सिलसिलामा यो कार्यक्रम आयोजित गरिएको आयोजक एनडीजेले जनाएको छ। उक्त सांस्कृतिक कार्यक्रममा सुकर्म ब्यान्डका डा. ध्रुवेशचन्द्र रेग्मी, प्रमोद उपाध्याय र श्याम नेपालीले उपस्थित सयौं दर्शकलाई शास्त्रीय संगीत सुनाएका थिए। कार्यक्रममा आयोजक एनडीएका तर्फबाट सुकर्म ब्यान्डलाई सम्मानित पनि गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि म्युनस्टर नगरका अध्यक्ष डा. सिप्रोस मारिनोसले आफूले यसअघि यति भव्य सांस्कृतिक कार्यक्रम नदेखेको बताए। अध्यक्ष मारिनोसले सुकर्मका तीनै जना कलाकार विश्वका उत्कृष्ट कलाकारमध्ये पर्ने कुरा बताउँदै उनीहरूको प्रस्तुतिले थकित मानिसको मस्तिष्कमा पुर्नताजगी भरिदिने उल्लेख गरे। ध्रुवेशचन्द्र रेग्मी र प्रमोद उपाध्यायले बजाएको सितार र तबलाको उनले खुलेर प्रशंसा गरेका थिए। गत जेठ १७ गते बेलायतमा कार्यक्रम गरेर युरोपयात्रा थालनी गरेको सुकर्मले साउन २२ गतेसम्म यात्रा जारी राख्नेछ। प्राप्त जानकारीअनुसार सुकर्मले जर्मनीपछि नेदरल्यान्ड, बेल्जियम, फ्रान्स, स्वीजरल्यान्डमा आफ्नो प्रस्तुति दिनेछ।

कार्यक्रममा जर्मनीमा बस्दै आएका नेपाली कलाकारहरूले पनि सहभागिता जनाएका थिए। कार्यक्रममा कलाकार शिव श्रेष्ठले लाखे नृत्य प्रस्तुत गरेका थिए। त्यसैगरी नेपाली चलचित्र सपनाको संसारकी नायिका कमला दाहालले आकर्षक नृत्य प्रस्तुत गरेकी थिइन्। कार्यक्रममा कलाकारहरू गणेश घले, लक्ष्मण जोशी, सरिता राई, तुलसी गौचन, ममता-मनीषा गौतम, एन्जिला श्रेष्ठ आदिले आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए।

केश
आस्था हेल्थ केयर
Tel.: 4488829, 2110057

फोन नं. ५५५०६६५


होटल तालिम मोडर्नमा
Switzerland & UK
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House Keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper
Hotel Management
MODERN HOTEL Training Center
Ph:- 4363215, 2315801

आयुर्वेदसंगै आधुनिक जीवनशैली र प्रविधि
निम्न उल्लेखित रोग तथा समस्याहरूको ग्यारेन्टीका साथ उपचार गरिन्छ।
सुन्दरता: दाग, कोठी, खत, कालोपोतो, डण्डीफोर, दुबी, सेतो दुबी तिलकोठी साथै अन्य चर्मरोगहरू
कुलत: जाँड रक्सी लागु पदार्थको सेवन तथा इन्जेक्सन दुर्व्यसनीबाट छुटकारा
प्यारालाइसीस: हातगोडा झमझमाउने हड्डी खिइएको, नशा सम्बन्धि बाथ पक्षाघात
दीर्घरोग: डायबिटिज, दम, जण्डिस, कपाल झर्ने, कपालको चायाँ, ग्यास्ट्रिक तथा अल्सर
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मण्डिखाटार जाने बाटोमा
काठमाडौं फोन: ४३७५०५६, ४३७०५८६

TOEFL/IELTS
Free materials/Lab/Online practice/weekly tests
Free counselling for Study Abroad
English Language- Elementary/Intermediate/Advanced packages
Japanese/German/French/Chinese/Spanish/Hebrew/Korean ... Languages
Computer Courses: Basic/Advanced packages
O'seas Academy (OLC), Bag Bazar, 4-268945, Jamal, 4-244741
"Face to face" Language Video CD Rs. 160/-
(100% American & British faces and voices)
Language Books/Cassettes/CDs/VCDs are available!
OLC's Creative Publications, 4247897

## नयाँ प्रविधि

### होम थिएटर



हामीले घरमा बसेर टेलिभिजन हेरेका छौं । कहिलेकाहीं सिडी भिसिडीको प्रयोग गरेर चलचित्र पनि हेर्छौं, तर यी चलचित्र टेलिभिजनको सानो स्क्रिनमा मात्र हेर्न सकिन्छ । तिनै चलचित्र घरमै बसेर ठूलो स्क्रिनमा हेर्न पाउँदा कति आनन्द लाग्ला ? यो सपना पनि अब पूरा हुने भएको छ । इलेक्ट्रो मेसिनरी इन्टरनेसनलले होम थिएटर नाम दिइएको यो प्रविधिलाई नेपाली बजारमा ल्याएको छ । न्युक्लियर प्रोजेक्टरको प्रयोगबाट यो काम सम्भव हुन्छ । ताइबानी कम्पनीको सहकार्यमा इलेक्ट्रोमेसिनरीकै अनुरोधमा चिनियाँ कम्पनीले यो न्यूक्लियर प्रोजेक्टरको निर्माण गरेको हो । घरको कुनै स्थानमा एउटा ठूलो स्क्रिनको व्यवस्था गरेर यो प्रोजेक्टरको सहायताले चलचित्रलगायत आफूले चाहेको अन्य दृश्य हेर्न सकिन्छ । यो प्रोजेक्टरको क्षमता पनि तुलनात्मक रूपमा बढी छ । अन्य प्रोजेक्टर २ हजार घण्टा मात्र चल्न सक्छन् भने यो ८ हजार घण्टासम्म चल्छ । यो प्रोजेक्टर ३५ हजार रुपैयाँमा पाइन्छ ।

### एफएसएलका चिम



बिजुलीको बिलबाट पीडित ग्राहकका लागि राहतका रूपमा एफएसएलका चिम बजारमा आएका छन् । यो चिमको प्रयोगबाट ८० प्रतिशतसम्म विद्युत्शक्ति बचत हुने दाबी कम्पनीको छ । चिनियाँ कम्पनी भए पनि ब्रान्डेड भएका कारण यो विश्वसनीय भएको बताइन्छ । नेपाल ट्रेड नेटवर्क प्रा.लि.ले बजारमा ल्याएको यो चिमको मूल्य १ सय ६० देखि १ हजार २ सय ७५ रुपैयाँसम्म छ । ३ देखि ८५ वाटसम्म क्षमताका चिम अहिले बजारमा उपलब्ध छन् । बेलायतको एसजीएस नामक गुणस्तर निर्धारण कम्पनीले यो चिमलाई आईएसओ प्रमाणपत्र समेत प्रदान गरेको छ ।

# शक्ति बचाउँछ कम्प्युटरले

तपाईंले याद गर्नुभयो कि भएन, सन् २००७ को अक्टोबर महिनामा गुगलले आफ्नो होम पेजलाई कालो ब्याकग्राउन्डमा परिवर्तन गरेको थियो । त्यतिबेला अमेरिकाको सानफ्रान्सिस्कोमा विद्युत् संयन्त्रमा खराबी हुँदा अन्धकार भएको थियो । गुगलले यसरी संसारभरका कम्प्युटर प्रयोगकर्ताहरूलाई स्क्रिनको ब्याकग्राउन्डबाट शक्ति बचाउन प्रेरित गरिरहेको थियो ।



संसारमा अहिले प्रयोगमा आइरहेका करिब २५ प्रतिशत कम्प्युटरको मोनिटरमा क्याथोड रे ट्युब प्रयोग गरिएको छ । फस्फोरेसेन्ट सतहमा इलेक्ट्रोन किरणद्वारा तस्बिरहरू प्रवाहित गर्न भ्याकुम ट्युव प्रयोग हुन्छ । यसको प्रयोग क्याथोड रे ट्युबद्वारा नै हुन्छ ।

सेतो रंगका वेबपेजहरू डिस्प्लेका लागि क्याथोड रे ट्युवले ७५ वाटको शक्ति खर्च गर्छ । गुगलका बारेमा मात्र विचार गर्ने हो भने गुगलको होमपेजमार्फत प्रत्येक दिन २ अरब वेबसाइट खुल्छन् । प्रयोगकर्ताहरूमध्ये २५ प्रतिशतको मोनिटरमा क्याथोड रे ट्युब भएको तथ्यलाई मात्र आधार मान्दा पनि कम्प्युटरबाट प्रत्येक दिन ५० करोड वाट शक्ति खर्च भैरहेको छ ।

यसैका आधारमा अहिले कालो ब्याकग्राउन्डसहितको होमपेज निर्माण गर्न प्रेरित गर्ने अभियानमा विभिन्न संस्था लागिपरेका छन् । कालो ब्याकग्राउन्डसहितका सर्च इन्जिन निर्माण गर्ने क्रमसमेत प्रारम्भ भएको छ । ब्ल्याक डटकम तथा ब्ल्याकवेबसर्च डटकम यस्ता केही उदाहरण हुन् । यी वेबसाइटमार्फत सर्च गर्दा हामीले पनि अप्रत्यक्ष रुपमा शक्ति बचाइरहेका हुन्छौं ।

यसबाहेक अन्य साधारण तरिकाबाट पनि हामी यो कार्यमा योगदान पुऱ्याउन सक्छौं ।

लामो समयसम्म काम नगर्ने हो भने कम्प्युटर र यसको मोनिटरलाई अफ गरौं ।

मोनिटरको चम्किलोपनलाई सकेसम्म कम गरौं ।

नयाँ कम्प्युटर किन्ने हो भने इनर्जी स्टार ४ दशमलव ० कम्प्लिएन्ट शब्द लेखिएको हेरेर मात्र किनौं ।

२० मिनेटसम्म प्रयोगमा नआएपछि कम्प्युटर आफैं अफ हुने बनाऔं । स्क्रिन सेभरको सट्टामा वालपेपर छानेर राखौं । नयाँ मोनिटर किन्दा फल्याट प्यानल स्क्रिन छानौं ।

यो सानो प्रयासले व्यक्तिगत रूपमा मात्र फाइदा पुगेको हुँदैन, यसले समग्र विश्वको वातावरणलाई बचाउन सहयोग पुऱ्याइरहेको हुन्छ । हजारौं मानिसले यो सानो काम सुरु गरे भने कति ठूलो उपलब्धि हुन्छ होला ? हामी आफैं पनि अनुमान लगाउन सक्छौं ।

## विज्ञान समाचार

### भ्यासेक्टोमीको विकल्प

चिनियाँ चिकित्सकहरूले सन्तान उत्पादनकार्यलाई नियन्त्रण गर्ने अर्को प्रविधि विकास गरेका छन् । यसका लागि उनीहरूले अण्डकोषमा सानो प्वाल पार्छन् । त्यहाँ एउटा सानो ट्युब राखिन्छ । उक्त ट्युबले शुक्रकीट छान्ने फिल्टरको काम गर्छ । सम्भोगको समयमा तरल पदार्थका साथ आएको शुक्रकीट यहीं रोकिन्छ । यसबाट सन्तान उत्पादन हुने सम्भावना हुँदैन । यो प्रविधि ९७ प्रतिशत सफलता प्राप्त हुनेछ । शल्यक्रिया सम्पन्न गर्न १० मिनेट मात्र लाग्छ । यो प्रविधिको ग्वाङझाउ परिवार नियोजन प्रविधि केन्द्रका चिकित्सकहरूले विकसित गरेका हुन् ।

### यौनसम्बन्ध र उमेर



औसतभन्दा कम अथवा बढी उमेरमा यौनकार्य सुरु गर्ने मानिसहरूमा विभिन्न यौनरोग लाग्ने सम्भावना बढी हुने कुरा एक अध्ययनमा देखिएको छ । कोलम्बिया युनिभर्सिटीका डा. थियो स्यानफोर्डको नेतृत्वमा गरिएको यो अध्ययनमा ८ हजार अमेरिकी नागरिक संलग्न थिए । सन् १९९६ देखि २००६ सम्म यो अध्ययन गरिएको थियो । औसत १४ वर्ष वा त्योभन्दा कम उमेरमा यौनकार्य सुरु गर्नेलाई प्रारम्भिक उमेर र औसत २२ वर्ष वा त्योभन्दा पछि सुरु गर्नेलाई अन्तिम उमेर मानिएको थियो । यसो हुँदा १४ र २२ वर्षबीचमा यो कार्य सुरु गर्नेहरूमा भन्दा प्रारम्भिक र अन्तिम उमेरकाहरूमा बढी यौनजन्य रोग लागेको पाइयो ।

### लिपिस्टक र क्यान्सर



लिपिस्टिकमा बीबीपी नामक रसायन हुन्छ । लगातारको सम्पर्कका कारण यो शरीरका विभिन्न भागमा फैलन्छ । त्यसैगरी यसको गन्ध नाक हुँदै शरीरका विभिन्न भागमा पुग्छ । यो स्तनका ग्रन्थिसम्म पनि पुग्छ । त्यसपछि यसले स्तनको विकासमा अवरोध पुऱ्याउँछ । यसबाट स्तन क्यान्सरको सम्भावना पनि बढ्छ । अमेरिकाको फक्स चेस्ट क्यान्सर सेन्टरका डा. जोस रूसोको नेतृत्वमा उक्त अनुसन्धान भएको थियो । चिकित्सकहरूले मुसामा उक्त प्रयोग गरेका थिए ।

# चुरोट बेच्ने मेसिन

अब जापानमा चुरोट किन्न भेन्डिङ मेसिनमा सिक्का छिराउँदा त्यसले व्यक्ति चुरोट तान्न योग्य वा अयोग्य के छ भन्ने कुरा जाँच्नेछ । यो मेसिनले तपाईंको अनुहारमा कति चाउरी परेको छ भन्नेसमेत गन्नेछ । जापानमा चुरोट तान्न वैध उमेर २० वर्ष हो, त्यहाँ ५ लाख ७० हजार यस्ता मेसिन छन् । आगामी जुलाईदेखि यी मेसिनले चुरोट तान्ने मानिस कम उमेरको हो-होइन पहिचान गर्नेछ ।

एक कम्पनीले ग्राहकको अनुहारको अध्ययन गर्ने प्रणाली विकसित गरेको छ । उक्त प्रणालीअनुसार चुरोट किन्नुअघि ग्राहकले भेन्डिङ मेसिनमा रहेको डिजिटल क्यामरामा हेर्नुपर्नेछ । फुजिताका कम्पनीले विकास गरेको यो क्यामराले ग्राहकका आँखावरिपरि कति चाउरी परेको छ, हड्डीको बनावट कस्तो छ , अनुहारको छाला कति लत्रिएको छ भन्ने अध्ययन गर्नेछ । कम्पनीका प्रवक्ता हाजिमे यामामोतोका अनुसार मेसिनमा १ लाखभन्दा बढी व्यक्तिको अनुहारको तथ्यांक राखिनेछ । यसैका आधारमा चुरोट दिने नदिने निर्णय हुनेछ ।

जापानी अर्थ मन्त्रालयले उमेर पहिचान गर्ने तास्पो नामक स्मार्ट कार्ड प्रयोग गर्न अनुमति दिएको छ । त्यसले चालक परिचयपत्रमा भएको उमेर पढ्न सक्नेछ, तर अनुहार पहिचानको प्रणालीलाई सरकारले अनुमति दिन भने बाँकी नै छ ।

# डिजिटल फुटप्रिन्टप्रति सचेत इन्टरनेट प्रयोगकर्ताहरू

प्रविधिले मानिसको व्यवहारमा फेरबदल ल्याउँछ । नयाँ प्रविधिको आगमन र प्रयोगसँगै मानवीय क्रियाकलाप तथा आचरण क्रमशः बदलिने वैज्ञानिक अनुसन्धानले प्रमाणित गरिसकेका छन् ।

पीयू इन्टरनेट एन्ड अमेरिकन लाइफ प्रोजेक्टको नयाँ अध्ययन-प्रतिवेदनले इन्टरनेट प्रयोगकर्ताहरू आफ्नो 'डिजिटल फुटप्रिन्ट' प्रति निकै सजग र सचेत भएको देखाएको छ । अध्ययनमा सहभागीमध्ये ४७ प्रतिशतले अनलाइनमा आफ्नै बारेमा सूचना खोज्ने गरेको देखिएको छ । अहिले मानिसका फुटप्रिन्ट अनलाइन भेटिन्छन् । सम्पूर्ण व्यक्तिगत जानकारी सहजरुपमा अनलाइनमा स्वयम् राख्न सकिने हुँदा प्रयोगकर्ता दिन प्रतिदिन इन्टरनेटसँग नजिकिँदै गएको निष्कर्ष अध्ययनको छ ।

अध्ययनमा सहभागी ६० प्रतिशतले इन्टरनेटमा संग्रहीत सूचनाबाट आफूमा कुनै विचलन नआउने बताए । सर्च इन्जिनमा आफ्नो नाम जोडिएर आएका सूचना लगभग पूर्ण रुपमा सत्यतथ्यमा आधारित भएको विश्वास ८७ प्रतिशत सहभागीले व्यक्त गरेका छन् । वयस्क इन्टरनेट प्रयोगकर्ताको ८२ प्रतिशतले आफ्नो अनलाइन प्रोफाइल जो-कसैले हेर्न मिल्ने गरी राख्छन् ।

अध्ययनले इन्टरनेटको प्रयोगबाट हाल मानिसको जीवनशैलीमा के-कस्तो परिवर्तन आएको छ,स्पष्ट देखाएको छ । मानिसहरू व्यक्तिगत कुरा कसरी इन्टरनेटमार्फत एकअर्कामा पुऱ्याउँछन् र यो संस्कारले कसरी वयष्कहरूमा एउटा बेग्लै संस्कृतिको निर्माण गरिरहेको छ, त्यसको ऐना बनेको छ पीयूको अध्ययनप्रतिवेदन । यू ट्यूब, फि्लकर, फेसबुक, फोटो बकेट, हाइफाइभ र माइस्पेसजस्ता वेब २.० साइटले इन्टरनेट प्रयोगकर्तालाई आफ्नो होमभिडियो, फोटो तथा व्यक्तिगत जानकारी अनलाइनमा राख्न बढावा दिएको निक्यौंल अध्ययनको छ ।

# सफ्टटेकमा नौलो प्रविधि

व्यस्त जीवनशैलीसँगै विभिन्न इलेक्ट्रोनिक सामग्रीको प्रयोग पनि बढ्दो छ । यसरी प्रयोग गरिएका इलेक्ट्रोनिक सामग्रीले हाम्रो जीवनशैली तीव्र र सहज त बनाएको छ तर त्यसबाट हुने नकारात्मक असरका सम्बन्धमा सोच्नुभएको छ ? यी सामग्रीको प्रयोग गर्दा उत्पन्न हुने चुम्बकीय विकिरण, ध्वनि र कम्पनले हाम्रो शरीरमा प्रत्यक्ष वा परोक्ष असर गरिरहेको हुन्छ । यिनै असरलाई न्युनीकरण गर्दै त्यसबाट बाँच्न बायो डिक्स वा ची इनर्जी प्यान्डेट प्रयोग गर्न सकिन्छ । 'साथै हामीले खाने खाद्यवस्तु र पानीपनि पूर्णतः प्राकृतिक छैन, यो विभिन्न कारणले केमिकलयुक्त छ,' नेपाली बजारमा यस सामग्रीको प्रवर्द्धनका तयारी गरिरहेका क्वान्टम इन्टरनेसनलका मीन घले भन्छन्- 'यिनै केमिकलयुक्त खानेकुराबाट बच्न पनि यसको प्रयोग उपयोगी हुन सक्छ ।'

वायो डिक्स र ची इनर्जी



पेन्डेट क्वान्टम इन्टरनेसनलले हालै सार्वजनिक गरेको हो । युनाइटेड वर्ल्ड ट्रेड सेन्टर त्रिपुरेश्वरमा ४ गते बुधबारदेखि शनिबारसम्म चलेको क्यान सफ्टटेकमा सार्वजनिक गरिएका यस्तै नौला प्रविधि आवलोकनकर्ताको मन खिच्न सफल भयो । प्रदर्शनीमा स्वदेशी तथा विदेशी सफ्टवेयर विकासकर्ता कम्पनीका ५० वटा स्टल राखिएका थिए । नेपाली कम्पनीले विकास गरेर विश्वबजारमा ख्याति कमाएका सफ्टवेयर प्रदर्शनीमा आर्कषण बनेका थिए । प्रदर्शनीमा सफ्टवेयर सोलुशन, बीपीओ (बिजनेश प्रोसेसिङ आउटसोर्सिङ) सर्भिसको क्षेत्रमा कार्यकर्ताहरूका कार्यविवरण पनि अवलोकनकर्ताका निम्ती नौलो बने । अन्तरक्रियात्मक श्रव्यदृश्यको माध्यमबाट शिक्षा दिने एजुकेशनल सिडी पनि धेरैको रुचिको विषय बनेको थियो । यो मिदास प्रा.लि.ले उत्पादन गरेको नेपालको पाठ्यक्रम समाविष्ट गरिएको एकमात्र एजुकेसनल सिडी हो । कम्प्युटरको माध्यमबाट शिक्षा दिइने यो पाठ्य सिडी कक्षा नर्सरीदेखि कक्षा दस सम्मका विभिन्न विषय समावेश गरिएको छ । बालमनोविज्ञानलाई आत्मसात् गरी मल्टीमिडिया प्रयोग गरी तयार पारिएको यो मिटा इन्सट्रक्टर अन्तरक्रियात्मक, व्याख्यात्मक र स्वअध्ययनलाई प्रोत्साहित गर्ने तथा क्लासरुम टिचिङको परिपूरक भएको बताइन्छ ।

**शिव मुखिया**

# जीन थेरापीको नयाँ प्रविधि

अमेरिकाको फिलाडेल्फिया बालअस्पतालका विज्ञहरूले जनावरमा परीक्षण गरी जिन थेरापीसम्बन्धी नयाँ प्रविधि आविष्कार गरेका छन् । यो प्रविधि मुटुरोगको उपचारका लागि नयाँ आशाको किरणका रूपमा आएको छ । अनुसन्धान समूह चोपले यो परीक्षण सुँगुरमा गरेको थियो । उनीहरूले मसिना धातुमिश्रित स्टेन्ट्सको प्रयोगबाट जिनलाई मुटुको आर्टरीमा प्रत्यारोपण गरे । रोगले ग्रसित यी आर्टरीमा स्टेन्सको रोपणले मुटुको रक्त सञ्चालनमा सुधार आएको कुरा वैज्ञानिकहरूले बताएका छन् ।

पशुमा गरिएको वंशसूत्र स्थानान्तरणको यो नयाँ परीक्षणमा वंशाणु डेलिभरीका लागि स्टेन्ट्सको प्रयोग गरिएको यो पहिलो उदाहरण हो । फिलाडेल्फिया बालअस्पतालस्थित मुटुरोगसम्बन्धी अनुसन्धान गर्ने प्रयोगशालाका चिकित्सक रोबर्ट जे. लेभीका अनुसार जिन थेरापीको यो नयाँ प्रविधि कोरोनरी आर्टरी रोगको उपचारका लागि नयाँ आशाजनक किरण हो ।


लेभीको समूहले विकसित गरेको जिन डेलिभरिको प्रविधिमा कुनै एक प्रकारको जिन अथवा धेरै प्रकारको जिन अथवा धेरै प्रकारका मिश्रित जीन प्रयोग गरिन्थ्यो जसले आर्टरीको कोषलाई अनियन्त्रित विकास हुनबाट रोक लगाई रगतनली क्षतिग्रस्त हुनबाट बचाउँथ्यो तर अझै नयाँ र अत्यन्त गहिराइमा डुबेर अनुसन्धान गर्नु आवश्यक छ । यसका उपयोगी पक्षहरू र यो प्रविधिको सुरक्षित उपयोगका लागि अझै बढी अनुसन्धान गर्नुपर्ने कुरामा वैज्ञानिक लेभीले उल्लेख गरेका छन् ।

**विज्ञान लेखामाला, नास्ट**



# आशा लाग्दा नयाँ अनुहार





● **दिवस गुरागाई**

प्रत्येक वर्षझैं २०६४ ले पनि ठूलो संख्यामा कलाकर्मी जन्माएको छ । नयाँ आएका सबै कलाकर्मीले आफ्नो स्थान सुरक्षित राख्न सक्छन् भन्ने छैन । यद्यपि यसपटक देखिएका केही नयाँ अनुहार आशालाग्दा छन् । २०६४ को अन्त्यतिर प्रदर्शनमा आएको चलचित्र पर्खिबसेंबाट एक जोडी नायक-नायिका चर्चामा आए । ती चर्चित नयाँ अनुहार थिए- राज बल्लभ कोइराला र यमुना उप्रेती । यमुनाले सोही वर्ष प्रदर्शनमा आएको चलचित्र त्रिशूलमा पनि अनुहार देखाएकी थिइन् । यद्यपि उनले चर्चाचाहिँ 'पर्खिबसें' बाट पाइन् । राम्रो अभिनय गर्ने कलाकारका रूपमा गनिन थालेका राज बल्लभले नयाँ अफरहरू पाउन थालिसकेका छन् ।

केही समय प्रतिबन्ध लागेको चलचित्र अहंकारबाट उदाएकी नायिका प्रेरणा शर्मा पनि सम्भावना बोकेकी नायिका हुन् । केही टेलिचलचित्रमार्फत् दर्शकको प्रिय बन्न थालेकी प्रेरणालाई ठूलो पर्दाले बढी आकर्षित गरेको छ । चलचित्र मर्यादाले तीन नयाँ अनुहारको घुम्टो खोल्यो । यसरी सार्वजनिक हुने अनुहार हुन्- मर्यादाका निर्देशक श्याम भट्टराई, नायक दिवस उप्रेती तथा नायिका रञ्जना शर्मा । श्याम हाल अर्को चलचित्र मौसमको निर्देशनमा व्यस्त छन् भने दिवसले मिस्टर मंगले लगायत केही चलचित्र पाइसकेका छन् ।

चिरञ्जीवी बस्नेतको चलचित्र दाइको ससुरालीमार्फत् नायक बनेका नायक-गायक प्रकाश ओझाको चर्चा यही चलचित्रबाट भयो । ओझा दाइको ससुरालीका प्रमुख पात्र त हुन् नै साथै उनी उक्त चलचित्रका संगीतकार पनि हुन् । त्यसैगरी पूर्वमिस्टर नेपाल जीवन लुइँटेल पनि नायकका रूपमा जम्ने सम्भावना बोकेका युवक हुन् । चलचित्र घातकबाट उदाएका जीवनले आलोक नेम्वाङको सानो संसार र विकास आचार्यको नसिबमा पनि अभिनय गरेका छन् । उनी यी दुवै चलचित्र प्रति निकै आशावादी छन् ।

चलचित्र कागवेनीमा नयाँ कलाकारहरूको बहुमत छ । यो क्वेष्ट इन्टरनेसनलको पहिलो चलचित्र हो भने कागबेनी चर्चित म्युजिक भिडियो निर्देशक भूषण दाहालको पनि पहिलो चलचित्र नै हो । त्यसैगरी यो चलचित्रका दुई तन्नेरी नायक पनि नयाँ नै हुन् । चर्चित पपगायक निमा रुम्बा र नाट्यकर्मी सौगात मल्लले यसअघि नायक हुने मौका पाएका थिएनन् । त्यसैगरी कागवेनीमा सञ्चारकर्मी पूजा गुरुङ तथा रंगकर्मी दिया मास्के पनि नायिकाका रूपमा देखिएका छन् । निमा, सौगात, दिया र पूजाले चाहेको खण्डमा वा मन गरे भने थप चलचित्र पाउँदै जाने देखिन्छ । त्यसैगरी निर्देशक भूषण दाहालले पनि आफूभित्रको निर्देशकीय ज्ञानलाई पक्कै पनि पूर्णविराम लगाउनेछैनन् ।

२०६४ मा सबैभन्दा आशलाग्दा किस्मतका नायक आर्यन सिग्देल देखिए । चलचित्रका निर्माता तथा निर्देशकहरूका अनुसार उनी लामो रेसका घोडा हुन् । एक्सन चलचित्रको बाढी आएको यो बेला आर्यन लभर ब्वायका रूपमा देखिनेछन् । किस्मतपछि आर्यनले फुर्सद पाएका छैनन्, उनका हातभरि चलचित्र छन् ।

२०६४ ले केही नयाँ निर्देशक पनि जन्माएको छ । यसरी जन्मिने निर्देशकमा मर्यादाका श्याम भट्टराई र कागबेनीका भूषण दाहालका साथै अहंकारका दिनेश कार्की, लालसलामका शिवजी लामिछाने, सपूतका योगेश घिमिरे, तेजाबका दीपक परिकोटी आदि छन् । यीमध्ये धेरैजसो निर्देशक दोहोरिने अर्थात् लामो समयसम्म रहने पूर्वअनुमान गर्न सकिन्छ ।

## सम्भावना बोकेका नयाँ कलाकर्मी

| कलाकर्मी | विधा | चलचित्र |
|---|---|---|
| आर्यन सिग्देल | अभिनय | किस्मत |
| श्याम भट्टराई | निर्देशन | मर्यादा |
| राजबल्लभ कोइराला | अभिनय | पर्खिबसें |
| दिवस उप्रेती | अभिनय | मर्यादा |
| जीवन लुइँटेल | अभिनय | घातक |
| प्रेरणा शर्मा | अभिनय | अहंकार |
| योगेश घिमिरे | निर्देशन | सपूत |
| यमुना उप्रेती | अभिनय | पर्खिबसेँ |
| सौगात मल्ल | अभिनय | कागवेनी |
| प्रकाश ओझा | अभिनय/संगीत | दाइको ससुराली |
| दिया मास्के | अभिनय | कागबेनी |






# साह्रै मीठो पकाउँछिन्



'दिवानापन' को सुटिङमा भेटिएकी नायिका अरुणिमा लम्साल युनिटका हेडकुकलाई मीठो खाना बनाउने विषयमा प्रशिक्षण दिइरहेकी थिइन् । 'गोलभेँडाको अचारमा तिलको छोप हाल्नुस् त कस्तो मीठो हुन्छ ।' त्यस्तै उनी अरू परिकारका विषयमा पनि जानकारी दिँदै थिइन् । विचरा कुक सामान्य प्राविधिकले हप्काउँदा त चुपचाप सहनुपर्छ, हिरोइनको कुरा नसुन्ने कुरै भएन । उनी 'तपाईंले भनेको ठीक हो' भन्दै सहमति जनाइरहेका थिए । अरूलाई अर्ती-उपदेश दिन सक्ने अरुणिमा के साँच्चै मीठो खाना बनाउन सक्छिन् ? प्रश्न झर्न नपाउँदै उनले भनिन्– 'पकाउने कुरामा मसँग कसैले पनि सक्नुहुन्न, मेरो हात साह्रै मीठो छ ।' फुर्सदको समय घर बसेको बेला अरुणिमा प्रायः आफैं खाना बनाउँछिन् । श्रीमान्लाई पनि अरुणिमाले पकाएको परिकार साह्रै मनपर्दो रहेछ । चाडपर्वमा त उनी साँच्चै व्यस्त हुन्छिन् । 'घरमा कसलाई के मन पर्छ, सबै मैले नै बनाउने हो,' उनले भनिन् । पारिवारिक जमघटहरूमा त अरुणिमा घरकी हेडकुक नै हुन्छिन् ।

# नेपाल र नेपाली अत्यन्त सुन्दर छन्



भोजपुरी चलचित्रका सुपरस्टार नायक तथा गायक दिनेशलाल यादव निरहुवालाई नेपाल र नेपाली सुन्दर लागे । निरहुवाले भने– 'नेपालमा प्राकृतिक सुन्दरताले भरीपूर्ण थुप्रै स्थान रहेछन् ।' नेपालमा पनि भोजपुरीभाषीको संख्या उल्लेख्य रहेको कुरा आफूले यहाँ आएर मात्र थाहा पाएको बताउँदै उनले चलचित्रको छायाङ्कनका क्रममा स्थानीय बासिन्दाहरूले देखाएको सम्मान तथा अनुशासनबाट आफू अत्यन्त प्रभावित भएको बताए । हालसम्म १४ भोजपुरी चलचित्रमा अभियन गरिसकेका यी व्यस्त नायक आफूलाई भोजपुरीभाषी भन्दा गर्व महसुस गर्छन् ।

हालसम्म भारतको प्रसिद्ध क्यासेट कम्पनी टी सिरिजबाट १ सय भन्दा बढी भोजपुरी एल्बम निकालिसकेका यादवको हालै प्रदर्शित भोजपुरी चलचित्र 'निरहुवा रिक्सावाला' पनि सफल भएको थियो । भोजपुरी चलचित्रमा अश्लीलता रहेको आरोप गलत रहेको बताउँदै यादवले केही गैर भोजपुरीभाषी व्यक्तिले बनाएका चलचित्रमा अश्लीलता देखिए पनि अब त्यो क्रम स्वात्तै घटेको र आफ्ना सबै चलचित्र परिवारका सबै सदस्य एकसाथ बसेर हेर्न सकिने खालका भएको दाबी गरे ।

शङ्कर

# मगर चलचित्रकी नायिका किशा

गोरी अनि ५ फिट ६ इन्च अग्ली किशा पुनलाई दिदी निशाले मोडलिङ क्षेत्रमा भित्र्याइन् । किशा कुनै स्थापित मोडलभन्दा कम देखिन्नन् । उनी भर्खरै प्रवेशिका परीक्षा दिएर बसेकी थिइन्, त्यसैताका पत्रकार शिव शर्मा 'चञ्चल' ले फोटोसेसन गर्न उनलाई लम्लीपोखरा डटकममा पुऱ्याए । जिन्स वेयरमा साप्ताहिकमा उनको तस्बिर प्रकाशित भएपछि किशाको भाग्य नै चम्कियो । त्यही तस्बिरका कारण स्थानीय विक्याप्ड ब्यान्डको 'सँगै जिउने ....' म्युजिक भिडियोमा प्रस्ताव आयो र उनी छोटो समयमै चर्चा बटुल्न सफल भइन् । एकाएक मगर चलचित्र 'आत्मीय' मा सोलो



नायिकाको भूमिकामा अनुबन्धित भएपछि उनको चर्चा अकासिएको छ । नृत्यमा पारङ्गत किशालाई भविष्यमा गैर मगर चलचित्र तथा विशुद्ध नेपाली भाषाको चलचित्रमा खेल्ने इच्छा छ । घर-परिवार र साथीहरूमाझको नितान्त व्यक्तिगत जीवनबाट सार्वजनिक व्यक्तित्व बन्ने अवसरले किशामा कलाकारिताप्रतिको झुकाव बढेको छ ।

# मौसमीको जादु यथावत्



आफ्नो उमेर लुकाउन चलचित्रका नायिकाहरू अरूभन्दा अघि छन् । चल्तीमा रहेका कुनै पनि नायिकाले उमेर सोधेको मन पराउँदैनन् । सोधिहाले बनिबनाऊ उत्तर दिन्छन्- 'महिलाको उमेर नसोध्नु भन्ने थाहा छैन ?' अविवाहित वा चल्तीमा रहेका नायिकाले आफ्नो उमेर सार्वजनिक नगर्नुका पछाडि धेरै कारण होला तर विवाहित र निष्क्रियहरूले उमेर लुकाएचाहिँ त्यसको के अर्थ लाग्ला ? जे अर्थ लागे पनि नायिका मौसमी मल्ल पनि यही ड्याङमा छिन् ।

अहिले चल्तीमा रहेका धेरै नायिका शिशु कक्षामा पढ्दा मौसमी सुन्दरी नायिकामा गनिन्थिन् । आजभन्दा २० वर्षअघि निर्माण भएको चलचित्र तिलहरीमा उनी नायिकाका रूपमा देखिएकी थिइन्, तर रजतपटमा स्थापित मल्ल निकै वर्ष विदेशितर हराइन् । केही वर्षअघि उनी स्वदेश आएर चलचित्रवृत्तमै चासो देखाउन थालिन् ।

उनी निर्मात्री बनेको चलचित्र गिरफ्तारको निर्माण पूरा भएको छ । सायद यही चलचित्रलाई धक्का पुग्ला भनेर आफ्नो उनी उमेर बताउन चाहन्नन् । गिरफ्तारमा उनी उहिलेको चलचित्र झुमाझुमैँ कम्मर मर्काएर नाचेकी छिन् । मौसमीको उमेरअनुसार उनको नृत्य दर्शकले नपचाउलान् भन्ने पीर हो भने भन्नु केही छैन तर मौसमीजी धन्दा नमान्नुस् तपाईंको उमेर चालीसै कटेको भए पनि नृत्य औधी राम्रो छ अर्थात् तपाईंको कम्मर मर्काइमा जादु यथावत् छ ।



**फुर्सदको रमाइलो** : नायक राजेश हमाल गम्भीर मात्र छैनन्, सुटिङका क्रममा रमाइलो गर्न पनि उत्तिकै मन पराउँछन् । पोखरामा निर्देशक श्याम भट्टराईको केशलाई आफ्नो जुँगा बनाउँदै नायक हमाल ।

# मेटलमय धरान

धरान- एकपछि अर्को गर्दै रक ब्यान्डहरूले शनिबार निरन्तर चार घण्टा रक, पप र मेटल गीतहरू प्रस्तुत गरिरहे । धरान र इटहरीका सातवटा ब्यान्डको प्रस्तुति एकै स्थानमा नियाल्न पाउँदा टिनएजर्स र तन्नेरी पुस्ता प्रफुल्ल देखिन्थ्यो ।

सांगीतिक समूह उपासकले एकपछि अर्को गर्दै चारवटा आफ्नै मेटल नम्बर गाउँदै दर्शन धरानद्वारा आयोजित समर रक मेनुफेस्टो तताउन थालेका थिए । त्यसपछि आइरन मेडन, प्यान्टोरा, ल्याम अफ गडका मेटल गीतहरू प्रस्तुत गर्दै इटहरीको नेक्ससले धरानेहरूलाई उफार्‍यो । पहिलोपल्ट धराने दर्शकसामु उपस्थित नेक्ससको प्रस्तुति उत्कृष्ट रह्यो । त्यसपछि धराने युवाहरूको सांगीतिक समूह तपस्वी, ब्ल्याक मेमोरी, दिव्यदृष्टिले पनि एक-से एक मेटल नम्बरहरू गाए ।

ब्रिटिस गोर्खा सामुदायिक भवनमा स्टायलिस आधुनिक संगीतप्रेमी दर्शकहरू मेटल गीतमा टाउको हल्लाउँदै निरन्तर हल्लिरहेका थिए । दोस्रो वर्ष आयोजित समर रक मेनुफेस्टोमा प्रायः सबै ब्यान्डले अंग्रेजी र नेपाली हार्ड रक तथा मेटल गीत प्रस्तुत गरेका थिए । पहिलोपल्ट स्टेजमा उत्रिएको टिन एजर्सहरूको सांगीतिक समूह ब्ल्याक मेमोरीको प्रस्तुति दर्शकहरूको खुबै रुचाएका थिए । मेटल गीत धेरै गाउने संकेत




पाएकाले नै होला , अधिकांश दर्शक कालो पहिरनमा कन्सर्टमा सहभागी भएका थिए । सहभागी सातै ब्यान्डका संगीतकर्मीहरू त पूरै कालो पहिरनमा देखिन्थे ।

सफ्ट रक गाउँदै प्रस्तुत भएका पुराना धराने संगीतकर्मीहरू विकास लिम्बू, मने राई, सुदीप राई र प्रज्ञान राईको समूहले पनि दर्शक उफारेको थियो । मेटलको बाहुल्य रहेको कन्सर्टको अन्त्यमा टोर्नेडोले भेन हयालेनको कान्ट्स स्टप लभिङ, डिप पर्पलको स्मोक अन द एयर र बोन्जोभीको लिभिङ अन अ प्रियर गाउँदै स्लो रकको स्वाद चखाएको थियो ।

# मोहितको मोहनी

काठमाडौं- शनिबार विश्वसंगीत दिवसले राजधानी संगीतमय भएको बेला जावलाखेलको चिडियाखाना अगाडिको मैदानमा धेरैपछि संगीतप्रेमी दर्शकहरूको भीड देखियो । बन्दका कारण राजधानी सुनसान भए पनि मोटरसाइकल, साइकल तथा पैदलयात्रा गरेर सयौं दर्शक मैदानमा थुप्रिएका थिए । कार्यक्रमको सुरुवात गरे सञ्चालक सुरजसिंह ठकुरीले अनि मञ्चमा देखा पर्‍यो संगीत समूह 'माउण्ट ८८४८' । समूहले आफ्ना चर्चित गीतहरू 'बुढेसकालको लाठी', 'मस्की-मस्की' आदि सुनाएपछि दर्शकहरूले प्रतीक्षा गरेको भारतको विघटित समूह 'सिल्क रुट'का गायक मोहित चौहान प्रस्तुत भए । दर्शकहरूसँगै चिच्याउँदै उनलाई पछ्याउन थाले । 'डुबा डुबा रहता हुँ आँखोमे तेरी', 'तेरे बिना नही' लगायत उनले चलचित्र रंगदे बसन्ती तथा जब वी मेटका चर्चित गीतहरू सुनाए । नेपाली चलचित्र सम्झनाको गीत 'गहिरो गहिरो सागरजस्तै' मोहितले दर्शकहरूका लागि 'सरप्राइज'का रूपमा प्रस्तुत गरे । कार्यक्रमको आयोजना यामाहाले गरेको थियो ।





# बन्दमा संगीतदिवस

काठमाडौं- बाटो सबैतिर सुनसान थियो । बन्दका कारण मोटरसाइकलहरू फाट्टफुट्ट चले पनि अन्य सवारी साधनहरू चलिरहेका थिएनन् । त्यसमाथि शनिबार राजधानीका सडकहरू सामान्यतया खाली नै रहन्छन् । भर्खरै पूर्वराजाले छाडेको नारायणहिटी दरबारको अघिल्तिरको सडकमा भने चहलपहल बढेको थियो । दरबारपारिपट्टिको अस्थायी पार्किङमा सयौं मोटरसाइकल राखिएका थिए । सडकको मध्यभागमा बनाइएको स्टेजबाट संगीतकर्मीहरू विभिन्न रक तथा ब्लुज घन्काउन मग्न थिए । 'अन्तर्राष्टिय संगीत दिवस'का अवसरमा आयोजित कन्सर्टमा गत जुन २१ तारिखका दिन दरबार मार्ग संगीतमय बनाइयो । पुरानो समूह कववेभ धेरैपछि दर्शक सामुन्ने उपस्थित भएको थियो भने युवाहरूको ढुकढुकी बनेको समूह 'द एक्स'ले पनि आफ्ना चर्चित गीतहरू सुनायो । गायक दिव्य सुब्बा आफ्नो समूहसहित मञ्चमा देखा परे भने स्याडोजका गायक स्वप्निलले पनि सबैलाई नचाए । दिउँसो दुई बजे आरम्भ भएको उक्त कन्सर्ट रातको नौ बजेसम्म चलेको थियो । त्यही दिन ललितपुरको यलमाया केन्द्रमा त्रिकाललगायतका समूहले सुमधुर शास्त्रीय धुन सुनाएर आएकाजति दर्शकलाई संगीतको संसारमा विचरण गराए भने गौशालाको नेपाल संगीत विद्यालयमा विभिन्न पूर्वीय तथा पश्चिमेली संगीत सुनाइयो । गुरुकुलमा बालबालिकाहरूले विभिन्न प्रकारका संगीत प्रस्तुत गर्दा वयस्कहरू औंला टोकिरहेका थिए । उनीहरूको प्रतिभाको प्रशंसा गर्न कतिपयलाई शब्दको अभाव भैरहेको थियो । त्यो दिन बन्द भए पनि संगीत दिवसको बाढी राजधानीमा जताततै उर्लियो ।

## फिल्मी खबर

-नेपाली चलचित्रको हितका लागि स्थापना भएको चलचित्र पत्रकार संघ, पोखराको दोस्रो अधिवशेनले शिव शर्मालाई अध्यक्षमा निर्वाचित गरेको छ। साप्ताहिकका पोखरा संवाददाता शर्मा अध्यक्षका प्रत्याशी नवीन घायललाई पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका हुन्। समितिको उपाध्यक्षमा विभु भुषाल, सचिवमा विष्णु सुवेदी, सहसचिवमा विजय नेपाल र कोषाध्यक्षमा नवराज चालिसे निर्वाचित भएका छन्। त्यस्तै सदस्यहरूमा मनोहरि पौडेल, अम्बिका राणा, तोरण पुन, विनोद श्रेष्ठ तथा अपिल त्रिपाठी छन्।

• निर्देशक राजेन्द्र उप्रेती तथा निर्माता गोविन्द भट्टको चलचित्र 'सिलसिला'को छायाङ्कन अन्तिम चरणमा पुगेको छ। यो चलचित्रमा विराज भट्ट, रेखा थापा, मिथिला शर्मा आदिले अभिनय गर्दैछन्।

• कुनै हल्लाखल्लाबिना चलचित्र निर्माण गर्ने क्रम बढेको छ। निर्माता हरि पाठकले आफ्नो व्यानर मिडिया फर कल्चर ग्रुपको प्रस्तुतिस्वरूप हाल निर्माण भैरहेको चलचित्र 'छायाँ'को पनि हल्लाखल्लाबिना ४० प्रतिशत छायाङ्कन सम्पन्न भएको जानकारी निर्देशक महेश बराललले दिएका छन्। निर्माणकार्यको समाप्तितिर मात्र चलचित्रको प्रचारप्रसार गर्ने योजना रहेको बराललले बताए। चलचित्रमा दिलीप रायमाझी, उषा पौडेल, सौजन्य सुब्बा, गणेश उप्रेति, विद्या कार्की, हरि पाठक, सूरवीर पण्डित आदिले अभिनय गरिरहेका छन्। छायाँमा वसन्त सापकोटाको संगीत, शिव शर्माको नृत्य एवं अष्ट महर्जनको द्वन्द्व निर्देशन रहनेछ।

• छायाङ्कनका लागि सिक्किम गएको चलचित्र 'तोड'को युनिट राजधानी फर्किएको छ। राजन श्रेष्ठको निर्देशनमा निर्माण भैरहेको उक्त चलचित्रको बाँकी छायाङ्कन काठमाडौं उपत्यकामै गरिदैंछ। विराज भट्ट, सुमन सिंह, रेखा थापा, उमाबेबी आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा महेश खड्काको संगीत, दिनेश अधिकारीको नृत्य तथा रोशन श्रेष्ठको द्वन्द्व रहनेछ।

• द्वन्द्व निर्देशक राजेन्द्र खड्गी तथा उनका छ जना सहायकले संयुक्त रूपमा निर्माण गरिरहेको चलचित्र 'रणसंग्राम'को सम्पादन कार्य सकिएको छ। सेभेन ब्रदर्शको प्रस्तुतिमा शिव श्रेष्ठ फेरि एकपटक 'एंग्री म्यान'को भूमिकामा देखिनेछन्। श्रेष्ठका अतिरिक्त चलचित्रमा सुमन सिंह, अमृत लामा, उषा पौडेल, सम्झना खड्का आदि कलाकारको मुख्य भूमिका रहनेछ। चलचित्रका निर्देशक ज्ञानेन्द्र देउजा हुन् भने यसमा राजेन्द्र खड्गीको द्वन्द्व निर्देशन तथा वसन्त श्रेष्ठ, शान्ता नेपाली र विश्ववन्धुको नृत्य निर्देशन हेर्न पाइनेछ।

• तहल्का डटकम, तेजाब आदि चलचित्रका निर्देशक दीपक परिकोटी अर्को चलचित्र 'धमाका'को निर्माणमा जुटेका छन्। हालै छायाँङ्कन आरम्भ गरिएको यो चलचित्रमा तीनजना नायक राजेश हमाल, निखिल उप्रेती र सुमन सिंह छन् भने नायिका उषा पौडेल छिन्। चलचित्रमा द्वन्द्व निर्देशक रोशन श्रेष्ठ हुन्।



## लभ गुरु रेखा




रेखा थापाजी, म एउटा समस्यामा फसेको छु। त्यसको सामाधान पाए अरू सुझाव माग्नेहरूजस्तै म पनि तपाईंप्रति आभारी हुने थिएँ। म पूर्वी नेपालको एउटा गाउँमा जन्मिएको गरिब युवक हुँ। सानैमा विद्यालय अध्ययन गर्ने क्रममा मभन्दा धनी युवतीसँग मेरो प्रेम तथा शारीरिक संसर्ग भयो। यसले हामी दुवैलाई थप आत्मीय बनायो। गरिब भएका कारण सधैं गाउँमा बस्न सम्भव थिएन। म वैदेशिक रोजगारीमा गएँ। दुई वर्षपछि मेरी प्रेमिकाको विवाह आमा-बुबाको करले अन्तै भयो। उनको श्रीमान्ले पनि मेरी प्रेमिकालाई घरमा छाडेर विदेश हिँडेछ। घरमा दुःखी छु भन्ने उनको गुनासो छ। उनी मलाई पत्र पठाएर तिमीसँगै विवाह गर्न चाहन्छु भन्छिन्। यस्तो स्थितिमा मैले के गर्ने ?

**पूर्वेली ठिटो**

पूर्वेलीजी, किशोर उमेरमा तपाईं र ती किशोरीबीच जुन प्रेम तथा शारीरिक सम्पर्कको कुरा गर्नुभयो, त्यो वास्तविक प्रेम हो कि जवानीको जोस, त्यो छुट्याउनुपर्छ। यदि त्यो प्रेम नै थियो भने त्यो प्रेम दीर्घकालसम्म जीवित रहन्छ। त्यसैको परिणामस्वरूप उनले तपाईंलाई विदेशमा पनि चिठ्ठी पठाइरहेको हुनसक्छ। यदि त्यो जवानीको जोस मात्र थियो भने त्यसलाई सामान्य घटना मान्नुपर्छ।

तपाईंकी प्रेमिकाले विवाह गर्नुअघि आमाबुबासँग आफ्नो प्रेमका सम्बन्धमा कुरा गरिन् कि गरिनन् ? यदि तपाईंसँग भएको प्रेमको चर्चा गरेकी थिइन् र जबरजस्ती विवाह गरिएको थियो भने उनको उद्दार गर्नु तपाईंको कर्तव्य हुन आउँछ। जहाँसम्म म नारी मनविज्ञानको कुरा बुझ्छु, महिलाहरू भविष्यमा अप्ठचारो परेपछि भावनात्मक कुरा गरेर अरूलाई आफ्नो वशमा पार्ने प्रयास गर्छन्। तपाईं विदेशबाट फर्केर उसलाई गाली गर्नुहुनेछ, उसको बेइज्जत गर्नुहुनेछ भन्ने डरले तपाईंलाई भावनात्मक ब्यालकमेलिङ गर्ने प्रयास पनि हुनसक्छ। यसको एउटै मात्र उपाय के छ भने तपाईं आफ्नी प्रेमिकाका आमा-बुबा वा नजिकको आफन्तसँग उनको अवस्था बुझ्नुहोस्। उनले तपाईंहरूको प्रेमको चर्चा गरेकी थिइन् र अहिले पनि तपाईंलाई नै मन पराउँछिन् भने उनीसँग तपाईंले विवाह गर्न डराउनु हुँदैन। यदि तपाईंको डरले यी कुरा गरेकी हुन् भने उनलाई नयाँ जीवन जिउन उचित वातावरण मिलाइदिनुहोस्, ताकि भविष्यमा उनले तपाईंसँग डराउनु नपरोस्।



केवल एक प्रश्न

# तपाईंलाई कस्ती युवती मन पर्छिन् ?

मेरो रोजाइ फरक छ, सुन्दर त हुनैपर्‍यो, सुन्दरसँगै मोडर्न पनि हुनु आवश्यक छ। मोडर्नमा अलिकति लाज पनि मिसिएको हुनुपर्छ। यसबाहेक बौद्धिक कुरा निस्कँदा किच्च हाँसेर मुन्टो अर्कातिर नघुमाउने, उत्ताउली नहोस् तर कामुक देखिने युवती सुन्दर लाग्छन्।

दीपकराज गिरी, हास्यकलाकार

ठूला-ठूला आँखा, रातो-रातो गाला, ओठ पनि त्यस्तै, लामो केश द्रौपदीको जस्तो तर श्रीमान् पाँचवटा नभएर मै मात्र भएको। यो कुरा तपाईंलाई मात्र सुटुक्क भनेको, घरमा श्रीमतीले थाहा पाई भने गेटआउट गरिदिन्छे।

रवि डंगोल, हास्यकलाकार



(लामो हाँसो..) खै कस्तो भन्ने ? के भन्ने ? कस्तो प्रश्न ? आफ्नो संस्कृति र संस्कार मान्ने तर कन्जरभेटिभ होइन। मोडर्न विचारको र स्वतन्त्र धारणा भएको, हेर्दा सुन्दर हुनु आवश्यक छ।

निमा रुम्बा, गायक

राम्रो केश, सुन्दर अनुहार, ठूला-ठूला आँखाभन्दा पनि शीलस्वभाव राम्रो, सबैलाई माया र सम्मान गर्ने युवती।

किरण केसी, हास्यकलाकार






जम्का भेट

नरेन्द्र थापा, नेपाली चलचित्रका प्रसिद्ध खलनायक । २०३९ सालमा चलचित्र 'सन्तान' बाट अभिनयमा पदार्पण गरेका थापाले नेपालमा भिडियो फिल्मको कन्सेप्ट ल्याएका हुन् । उनले पहिलो पटक भिडियो चलचित्र 'बन्धन' निर्माण गरेका थिए । अहिलेसम्म थापाले ४२ भन्दा बढी नेपाली चलचित्रमा अभिनय गरिसकेका छन् । रंगमञ्च सानो पर्दा हुँदै उनी ठूलो पर्दामा आइपुगेका हुन । अनुहारले भन्दा पनि आँखाले खलनायक बन्न साथ दिएको छ उनलाई ।
पछिल्लो पटक उनले चलचित्र निर्देशनमा हात हालेका छन् । शिव श्रेष्ठ, भुवन केसीका समकालीन थापासँग साप्ताहिकको जम्काभेट :

**अभिनयमा जमे पनि पाँच वर्षसम्म विदेशमा हराउनुभयो, नि ?**

एक जर्मन नागरिक मेरो अभिनय हेरेर फ्यान भए। त्यसपछि म जर्मनी-नेपाल ओहोदोहोर गर्न थालें। जर्मनीपछि बेल्जियम गएँ।

**बेल्जियममा कमाएको पैसा चलचित्रमा लगानी गर्नुभएको हो ?**

म मध्यमवर्गीय परिवारको सदस्य हुँ। विदेश नगएको भए मैले चलचित्र बनाउन आफ्नो घर-जग्गा नै बेच्नुपर्थ्यो। विदेशमा कमाएको पैसा अरू क्षेत्रमा लगानी गर्न सक्थें, तर कलाको मोहले मैले चलचित्रमा पैसा खर्चिएँ।



**विदेशमा आफूले भोगेको समस्यालाई देश-विदेश चलचित्रमा उतार्नुभएको त होइन ?**

खास भोगेको भन्दा पनि देखेको कुरालाई चलचित्रमा उतार्ने प्रयास गरेको हुँ। विदेशमा बस्दा घरपरिवार सम्झेर रोएका धेरै दाजुभाइ देखें। मलाई पनि छोराछोरीको सम्झनाले सताएको थियो।

**पैसा कमाउन छाडेर किन आउनुभएको त ?**

त्यहाँ बसिरहेको भए नरेन्द्र थापा भनेर मलाई सम्झन छाड्थे। राष्ट्र र चलचित्रको माया लाग्यो। चलचित्र बनाउँछु र अभिनयलाई नै निरन्तरता दिन्छु भनेर आएको हुँ।

**नेपालमै बसेर चलचित्र बनाउन गाह्रो छ ?**

निश्चित रूपमा यहाँ बसेर सिनेमा बनाउन जटिल छ। यहाँ विदेशी चलचित्रको थिचोमिचो छ। गाह्रो भए पनि चलचित्र क्षेत्रबाटै करिब १४ हजारले आफू र आफ्नो परिवार पालेका छन्।

**-शिव शर्मा**

## बेल्जियममा नेपाली मेला




बेल्जियम-नेपाली दूतावास बेल्जियम तथा बेल्जियमस्थित विभिन्न संघसंथाको आयोजनामा बेल्जियममा नेपाल फेस्टिबल सम्पन्न भएको छ। उक्त अवसरमा आकर्षक नेपाली वेशभूषा प्रदर्शन गर्दै बेल्जियम र नेपालको राष्ट्रिय गान गाइएको थियो। फेस्टिबलमा नेपालको पर्यटन विकासका लागि तयार पारिएको डकुमेन्ट्री पनि प्रदर्शन गरिएको थियो।

वर्षा खड्काद्वारा नृत्य प्रदर्शन गरिएको महोत्सवमा निर्माता अमृत लामाको चलचित्र झाँक्रीको प्रदर्शन गरिएको थियो। सांस्कृतिक कार्यक्रमका रूपमा स्थानीय कलाकाहरूको नृत्य तथा गायनले दर्शकहरूलाई नचाउन सफलता प्राप्त गरेको थियो भने नेपाली वाद्यवादनका सामानहरूको परिचयका साथै नेपाली मौलिक धुनहरूको प्रस्तुतिले कार्यक्रममा रौनक थपेको थियो।

बेल्जिक तथा नेपालीहरूको उत्साहजनक उपस्थिति रहेको उक्त नेपाल फेस्टिबलमा विभिन्न संघ-संस्था, नेपाली दूतावास, ट्राभल एजेन्टलगायत बेल्जिक संघसंस्थाहरूले पनि नेपालीपन झल्कने स्टल राखेका थिए। विभिन्न नेपाली परिकार तथा पेयपदार्थ, नेपाली कपडा अनि गरगहना उक्त कार्यक्रमको आकर्षण थियो। यो कार्यक्रम २१ र २२ जून दुई दिन चलेको कुरा आयोजकहरूले बताए।

## चलचित्र



### तिम्रो मायामा

कलेज जीवनमा युवा-युवतीबीच हुने प्रेमकथामा आधारित नेपाली कथानक चलचित्र 'तिम्रो मायामा' प्रदर्शनमा आएको छ। सुदीक्षा चलचित्र निर्माण कम्पनीको ब्यानरमा निर्मित तथा राजेश विकको लेखन तथा निर्देशन रहेको चलचित्र 'तिम्रो मायामा' मा कलेज पढ्न गएका युवा-युवतीहरू प्रेम चक्करमा फस्दा के-कस्ता समस्या आइपर्छन् र अध्ययनमा कस्तो प्रभाव पर्छ भन्ने कुरा देखाइएको छ। प्रेम गर्नु गलत नभए पनि त्यसमा अभिभावकको स्वीकृतिलगायत धेरै कुरा मेल नखाँदा प्रेममा मिलन र सुख होइन, बिछोड र दुःखैदुःख भोल्दै अन्तमा प्रेमीको मृत्यु र प्रेमिका बहुलाएको देखाइने यो चलचित्र मार्मिक र वियोगान्त छ। रूपन्देहीका बुटवल, लुम्बिनी, शंकरनगर तथा काठमाडौंमा सुटिङ गरिएको चलचित्रमा उत्तम प्रधान, दिवस बस्नेत, उषा पौडेल, टीका पहाडी, अञ्जली लामा, स्मृति स्वर्णकार, मानप्रसाद सुवेदी, कुलचन्द्र पुरी, राम रणपाल, गौतम कालिराज तथा शेरबहादुर गौतम, मुक्ति गैरे आदिले अभिनय गरेका छन्। चलचित्रमा संगीतकार सुरेश सेन्चुरीको संगीत र प्रिया थापा र वीरेन्द्र अग्रहरीको स्वर छ। शिवरत्न ढकालको छायांकन, कमल राईको नृत्य तथा कुमार एन्ड कुमारको द्वन्द्व निर्देशन रहेको यो चलचित्रका निर्माता प्रेम सेन्चुरी, लीलाधर न्यौपाने, मानप्रसाद सुवेदी र गणेश भण्डारी हुन्।

### थोडा प्यार थोडा म्याजिक



रणवीर तलवार अर्थात् सैफ अलि खान देशका ख्यातिप्राप्त उद्योगपति हुन्छन्, तर उनको जीवनमा खुसी हुँदैन। सैफले जसलाई प्रेम गर्छन् उसलाई गुमाउँछन्, त्यसकारण पनि उनको जीवनमा निराशा छाएको हुन्छ। जिन्दगी भोगाइका क्रममा सैफले विभिन्न अप्रत्याशित घटना बेहोर्नुपर्छ। यही क्रममा अदालतको एक फैसला अनुसार उनले चार जना अनाथ बालबालिकाको भरणपोषणको जिम्मा लिनुपर्ने हुन्छ। सैफसँग बदलाको भावना राखेका अनाथ बालबालिकाहरू उनलाई देख्न सक्दैनन्। सैफ पनि उनीहरूसँग आँखा जुधाएर गफ गर्न सक्दैनन्। यसबीच उनीहरूले सुखद जीवनका लागि भगवान्सँग प्रार्थना गर्छन्। भगवान्ले पनि उनीहरूको प्रार्थना सुनेर सैफको परिवारको खुसीका लागि परी अर्थात् रानी मुखर्जीलाई पठाउँछन्। इन्द्रेणीबाट अचानक प्रकट भएकी रानी आयाका रूपमा त्यो घर छिरेपछि घरको वातावरणमा परिवर्तन हुन थाल्छ। यशराज ब्यानरको प्रस्तुतिमा आदित्य चोपडा र कुनाल कोहलीले निर्माण गरेको यो चलचित्रको निर्देशन कुनाल कोहलीले गरेका छन्। चलचित्रमा ऋषि कपुर, अमिशा पटेल, बेबी श्रिया शर्मा, आयुशी बर्मन, रचित सिदाना, अक्षत चोपडा आदिले अभिनय गरेका छन्। चलचित्रको गीत प्रशुन जोशीले लेखेका हुन् भने संगीत शंकर एहसान लोयको छ।

### वाल-ए




आज सार्वजनिक हुने चलचित्र 'वाल ए' रोबोटको कथामा आधारित छ। विज्ञानका चमत्कारिक गतिविधिलाई पर्दामा ल्याउने क्रममा निर्माण पक्षले वाल ए रोबोटलाई नै यो चलचित्रमा मुख्य अभिनेताका रूपमा प्रस्तुत गरेको छ। यदि मानवजातिले पृथ्वी छोडेर जानुपर्ने अवस्था सिर्जना भए कसैले विकास गरिसकिएको रोबोट अफ गर्न बिर्सिए के हुन्छ? भन्ने कथाबाट यो चलचित्र प्रारम्भ हुन्छ। वाल-ए प्रत्येक दिन केका निम्ति आफ्नो विकास गरिएको हो भन्ने अनुसन्धानमा सक्रिय हुन्छ। केही दिनको अध्ययनपश्चात् उसले आफूलाई निर्माण गर्नुको उद्देश्य पत्ता लगाउँछ। वाल-एले जुन निर्दिष्ट उद्देश्यले उसको विकास गरिएको हो, त्योभन्दा अझ बढी भूमिकामा आफूलाई प्रस्तुत गर्छ। वाल-ए अन्तरिक्षमा रहेर आफ्ना सपनाहरू पूरा गर्न सफल हुन्छ। लस एञ्जलस र क्यालिफोर्नियामा छायांकन गरिएको यो चलचित्रमा जेफ गार्लिन, बेन्जामिन बर्ट, किम कोफ, फ्रेड विलार्ड तथा सिगर्ने वेभरले मुख्य भूमिकामा अभिनय गरेका छन्। जीम मोरिस र लिन्डसे के कोलिन्सले निर्माण गरेको यो चलचित्रको निर्देशन एन्ड्र्यु स्टान्टोनले गरेका हुन्।

## सानो पर्दा

• हास्यकलाकार गोपाल नेपाल 'फिस्टे' आफ्ना हास्यकलाकार काका जितु नेपालजस्तै हास्य तथा निर्देशन विधामा पोख्त हुँदैछन्। उनको निर्देशनमा निर्माण भएको हास्यश्रृंखला 'लगन जुर्ला जस्तो छ'ले प्रसारणको बीस भाग पूरा गरेको छ। यसै अवसरमा आयोजित एक भेटघाट कार्यक्रममा श्रृंखलाका कलाकारहरू तथा निर्देशक फिस्टेले आफ्ना भनाइ सञ्चारकर्मीमाझ व्यक्त गरेका थिए। कान्तिपुर टेलिभिजनबाट हरेक बिहिबार राति साढे सात बजे प्रसारण भैरहेको उक्त श्रृंखलामा विवाह गराइदिने एउटा ब्युरोको कथा समेटिएको छ। विवाह नगरे पनि एक न एक दिन लगन जुर्छ भन्ने अवधारणामा निर्माण गरिएको उक्त श्रृंखलाकी निर्मात्री 'जिरे खुर्सानी'की हात्ती अर्थात् अंशु महर्जन हुन्। महर्जनका अनुसार श्रृंखलाले हाल दर्शकहरूको मन जितिरहेको छ। श्रृंखलामा निर्मल शर्मा (गैंडा), अंशु महर्जन (हात्ती), मञ्जु श्रेष्ठ (बिजुली) लगायत शिवहरि आचार्य, भानु अधिकारी, रेशम फिरिरी आदिले अभिनय गरिरहेका छन्।

• नेपाल टेलिभिजनबाट हरेक शुक्रबार साँझ प्रसारण हुने हास्यश्रृंखला 'मेरी बास्सै'मा उक्त श्रृंखलाका चर्चित पात्र 'इक्कु'को पुनः प्रवेश भएको छ। गत साता 'इक्कु' अर्थात् हास्यकलाकार सुलेमान शंकरलाई उनको दाइ 'ठूलो इक्कु'का साथ देखाइयो। ठूलो इक्कुको चरित्र द्वन्द्व निर्देशक शंकरले निर्वाह गरिरहेका छन्। उक्त श्रृंखलामा केही द्वन्द्वका दृश्यको आवश्यकता महसुस गरेका निर्देशकद्वय केदार घिमिरे र सीताराम कट्टेलले हाल सेल्युलोइड चलचित्रको द्वन्द्व निर्देशनमा व्यस्त द्वन्द्व निर्देशक जोडी शंकर-विकासलाई टेलिश्रृंखलामा द्वन्द्व निर्देशन गर्न लगाउने क्रममा शंकरलाई 'ठुलो इक्कु'को भूमिका प्रस्ताव गरेका थिए। आफूले अभिनय गरेको भाग प्रसारण भएपछि मोबाइलमा रातभरि पचासौं फोन आएको शंकरले बताए।



## पलेंटीमा आसामकी गायिका

चौथो वर्षमा चलिरहेको नेपालयको साङ्गीतिक कार्यक्रम पलेंटी श्रृंखलामा मीरा थापा प्रस्तुत हुने भएकी छिन्। आफ्ना बाबु लीलाराम राना गोवाहाटी रेडियोका चर्चित गायक भएका कारण मीरा सानैदेखि सङ्गीतमय बातावरणमा हुर्किन्। रवीन्द्र सङ्गीतमा विशारद गरेकी मीराले थुप्रै बंगाली तथा असमी गीत गाएकी छिन्।

थापा हरिभक्त कटुवाल र भविलाल लामिछानेको प्रेरणाले नेपाली आधुनिक गीत र सङ्गीतमा समर्पित भएकी थिइन्। स्थानीय जर्दा प्राथमिक विद्यालयमा प्रधानाध्यापकका रूपमा कार्यरत थापा बंगाली र नेपाली भाषा पढाउँछन्। स्थानीय कलाकारहरूसँगको सहकार्यमा उनी आसाम र वरिपरिका क्षेत्रहरूमा नेपाली गीत सङ्गीतकोप्रचार प्रसारमा संलग्न छिन्।

हाल नेपालयको 'आर' शालामा अभ्यासमा व्यस्त मीरा भन्छिन्– 'पलेंटीमा गाउन पाउँदा म उत्साहित छु। नेपालमा आएर गाउने यो अवसर पाउँदा मलाई मैले सानैदेखि सङ्गीत सिकेको फल आज पाएजस्तो अनुभूति भैरहेको छ।' मीरा थापाले गाउने हरिभक्त कटुवालका केही नसुनिएका गीत यस पटकको आकर्षण हुने कुरा पलेंटीका संयोजक आभासले बताए।



# साताको स्वर




## मेडिना जोशी

**उड्यो मेरो मन... कस्तो प्रकारको गीत हो ?**

आधुनिक पप गीत हो। किशोरावस्थासँगै आउने शारीरिक परिवर्तनले ल्याएको मनका अनगिन्ती भावनालाई यो गीतले प्रतिविम्बित गरेको छ। यसलाई टेक्नोबिटमा आधारित रोमान्टिक लभ सङ पनि भन्न सकिन्छ।

**गीतको भाव कस्तो छ ?**

एउटा चलेको गायकलाई मन पराएकी एक किशोरीको भावना यो गीतमा छ। भित्रैदेखि मन पराएको उक्त युवा गायकसमक्ष प्रेमप्रस्ताव राख्न ती किशोरी लालायित हुन्छिन्। यो गीतको भिडियोमा हामीले चलेको गायकका रूपमा जविकलाई प्रस्तुत गरेका छौं।

**गीतका लक्षित श्रोता को हुन् ?**

टिनएजरहरू नै हुन्। विद्यालयतहका विद्यार्थीहरूले यो गीतलाई बढी मन पराउँछन्।

**प्रतिक्रिया कस्तो पाउनुभयो त ?**

एकदमै राम्रो छ, मिडियाहरूमा पनि राम्रैसँग बजेको छ।

**यसको म्युजिक भिडियो कस्तो छ ?**

व्यक्तिगत रूपमा मलाई राम्रो लाग्यो, तर कतिपयले अझ राम्रो हुन सक्थ्यो कि भनेका छन्। गीतलाई सही अर्थमा भिडियोमा प्रतिविम्बित गर्नुभएकोमा निर्देशक संगीता श्रेष्ठप्रति म आभारी छु।

**सधैं** पोखरासभागृह संगीतले रनक्क हुन्थ्यो तर यसपटक भने पोखरा उद्योग वाणिज्य संघको सभाहलमा संगीतको बेग्लै रन्को देखियो। बाहिर झरी परे पनि कार्यक्रमको वातावरणले भने दर्शकलाई गर्मीको आभास दिइरहेको थियो। पोखरा सांगीतिक कलाकार संघले विश्व संगीतको पूर्वसन्ध्यामा गरेको कार्यक्रममा यस्तो वातावरण सृजना भएको हो। सबैखाले दर्शकको मन राख्न आयोजकहरूले सबै खाले संगीतलाई कार्यक्रमको आकर्षण बनाएका थिए। पोखरा सांगीतक कलाकार संघको स्वागत गीतबाट प्रारम्भ भएको कार्यक्रममा जातीय संस्कृति झल्कने गीतहरू पनि उत्तिकै घन्किए।दोहोरीप्रेमीहरूका लागि राष्ट्रिय दोहोरी गीत प्रतिष्ठानका कलाकारहरूको दोहोरीगीतको घम्साघम्सी कार्यक्रमको विशेष आकर्षण बन्न पुग्यो। कार्यक्रममा सांगीतिक क्षेत्रमा चार दशकदेखि समर्पित अग्रज गायक तथा संगीतकार राजकाजी गुरुङलाई वरिष्ठ संस्कृतकर्मी सर्वज्ञमान प्रधानाङ्गले दोसल्ला ओढाएर सम्मान गर्नु भएको थियो।

**भोलि** शनिबार राजधानीमा आयोजना हुने दसौं इमेज एवार्डभन्दाअघि आइतबार आयोजित एक कार्यक्रममा उक्त च्यानलका अध्यक्ष आरके मानन्धरले २५ वटै विधामा नामांकनमा परेका संगीतकर्मीलाई प्रमाणपत्र वितरण गरे। बन्दका कारण हरेक विधामा पाँच-पाँच जनाका दरले नामांकनमा परेका १ सय २५ जनामध्ये सबै उपस्थित नभए पनि कार्यक्रममा उपस्थित कलाकारहरूले नामांकनमा पर्नु पनि पुरस्कार पाउनुसरह भएको बताए।

**गायक** प्रकाश श्रेष्ठ राष्ट्रिय गीतहरूको नयाँ संग्रहका साथ फेरि झुल्किएका छन्। 'नयाँ नेपाल' शीर्षकको श्रेष्ठको एल्बम यसै साता सार्वजनिक भएको छ। इमेज एफएमको प्रत्यक्ष प्रसारणबाट सार्वजनिक गरिएको उक्त एल्बम श्रेष्ठको बाह्रौं एकल एल्बम हो।

**गोपीकृष्ण** मुभिजले गत वर्ष घोषणा गरेका सात चलचित्रमध्ये दोस्रो 'सुन्दर मेरो नाम' र तेस्रो चलचित्र 'जीवनमृत्यु' का एल्बम एकैसाथ सार्वजनिक गरिएको छ। गोपीकृष्ण म्युजिक कम्पनीबाट उत्पादित उक्त दुई चलचित्रका क्यासेट तथा सिडीलाई एक समारोहमा दुवै चलचित्रका प्रस्तुतकर्ता उद्धव पौडेल, निर्देशकद्वय रमेश बूढाथोकी र विजय थापा, कलाकारहरू दीपकराज गिरी, गरिमा पन्त, गीतकारद्वय भोला रिजाल र किरण खरेल तथा सङ्गीतकारद्वय आलोकश्री र महेश खड्काले संयुक्त रूपमा विमोचन गरेका थिए। साथमा उपस्थित दर्शक तथा सञ्चारकर्मीहरूलाई पनि उनीहरूसँगै क्यासेटको कभर खोलेर एल्बम सार्वजनिक गराइयो। यसैगरी मंगलबार राजधानीमा आयोजित एक अर्को कार्यक्रममा चलचित्र 'मिस्टर मंगले'को गीति क्यासेट विमोचन गरियो। उक्त चलचित्रका संगीतकार राम कार्की तथा प्रमोद खरेल हुन्।

**हङकङमा** चर्चामा रहेका गायक श्याम गुरुङ जीवनको पहिलो एल्बम निकाल्ने तयारीमा छन्। हङकङमा आयोजना हुने प्रायः कार्यक्रममा विभिन्न गीत प्रस्तुत गरिरहने यी गायकका एल्बमका गीतहरूको रेकर्डिङ हाल काठमाडौंमा भैरहेको छ। एक-दुई महिनापछि स्वदेश फर्केर उनी त्यसमा स्वर भर्ने बताउँछन्। एल्बममा शान्तिराम राई तथा किरण घिमिरे 'माइकल' को संगीत रहनेछ।

**चितवनका** गायक सूदन गैरेले पहिलो एल्बम बजारमा आउनुअगावै स्थानीय कालिका एफएमबाट गायकको पुरस्कार पाइसकेका छन्। महिना दिनभित्र म्युजिक डटकमबाट एल्बम बजारमा ल्याउने तयारी गरिरहेका गायक गैरेले हालै ह्वाइट प्लसबाट पहिलो म्युजिक भिडियो बनाएका छन्। उनले आफ्नो एल्बमको शीर्षक 'डिफाइन' राखेका छन्।

**सामान्यतया** एउटा एल्बममा आठवटा गीत अटाइन्छ। त्यो परम्परालाई तोड्दै गायक शिव परियारले आफ्नो दोस्रो एल्बम 'स्वयं' मा जम्मा छ वटा गीत अटाउने भएका छन्। पहिलो एल्बम 'मोक्ष' का गीतहरू 'फेवातालमा साइँली', 'कोहीले चाँदी राम्रो भन्छन्' बाट चिनिएका गायक परियारको असारको अन्तिम साता सार्वजनिक हुने उक्त एल्बममा भूपेन्द्र खड्का, निर्भीम, दाताराम चापागाईं, जनक पौडेल, ज्ञानु श्रीश तथा रञ्जित ज्ञवालीले एक-एकवटा गीत रचेका छन्। सबै गीतमा गायक स्वयंको संगीत छ।

**गायिका** सुम्मित गुरुङकी छोरी आरती गुरुङको एल्बम 'इच्छा' रिबेल क्रियसनले बजारमा ल्याउने भएको छ। आमा सुम्मितले कुनै बेलामा गाएर चर्चामा ल्याएका गीतहरू 'ओ मेरो प्रियतम', 'म भनी बाँचेको', 'आऊ मेरो नजिक', 'मीठा-मीठा' आदिलाई छोरी आरतीले रि-रेकर्डिङ गराएकी छिन्।

**गायक** रामकृष्ण ढकालको नवौं एकल एल्बम 'मेरो साथी' को प्रबर्द्धन कार्य कान्तिपुर पब्लिकेशन्स, कान्तिपुर टेलिभिजन तथा कान्तिपुर एफएमले गर्ने सम्झौता भएको छ। म्युजिक नेपालले बजारमा ल्याउन लागेको उक्त एल्बममा न्ह्यु बज्राचार्यको एकल संगीत तथा दुर्गालाल श्रेष्ठ, नेत्र कोइराला, कमल श्रेष्ठ मल्ल, सुशील पराजुली एवं भूषण दाहालको शब्द रचना सुन्न पाइनेछ।

**गायक** मिग्मा शेर्पा यतिबेलाका सबैभन्दा माग गरिएका गायकहरूमध्ये पर्छन्। उनको प्रकाशित दुई एल्बममध्ये दोस्रो एल्बम 'फिल'ले उनलाई यो उचाइमा पुऱ्याएको हो। तेस्रो एल्बमको तयारीमा लाग्नुपर्ने बेला भैसक्दा यतिखेर उनी विभिन्न रिमिक्स गीतमा स्वर दिन व्यस्त छन्। देविका बन्दनासँग एल्बम 'मुड'मा उनले 'अच्छा लेकिन'को रिमिक्स गाए भने डिजे राजुको बजारमा आउन लागेको एल्बममा उनले 'तिम्रो त्यो हँसिलो मुहारको' रिमिक्समा स्वर दिएका छन्। यसैगरी गायक शेर्पाले संगीतकार तथा एरेन्जर राजेश लामाका लागि 'जिन्दगीको के भर छर', 'यति धेरै माया दियौ', 'प्रित विना यौवन' आदि रिमिक्स गीतहरू गाएका छन्।

**बुटवलका** गायक हिमाल श्रेष्ठ पहिलो एकल एल्बम बजारमा ल्याउने तयारीमा छन्। उनको पहिलो एल्बमको शीर्षक नजुराइए पनि केही साताभित्रै एउटा गीतको म्युजिक भिडियो बनाउने तयारी गरिएको श्रेष्ठले बताए।

## लाइभ शो

- भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा भोलि शनिबार दिनको ३ बजेदेखि दसौं इमेज एवार्ड कार्यक्रम हुँदैछ। रेड कार्पेटमा देशका चर्चित संगीतकर्मीहरूको उपस्थितिपछि चार बजे आरम्भ हुने उक्त कार्यक्रममा विभिन्न २५ विधामा नामाङ्कन भएका संगीत कलाकारहरूमध्येबाट उत्कृष्टलाई अवार्ड प्रदान गरिनेछ। कार्यक्रममा विभिन्न गायक, गायिका तथा संगीतकर्मीहरूबाट सांगीतिक प्रस्तुति प्रस्तुत गरिँदैछ। साँझ सात बजेसम्म चल्ने उक्त एवार्ड कार्यक्रममा प्रवेश निमन्त्रणापत्र पठाइएका आगन्तुकहरूले मात्र पाउनेछन्। अन्य दर्शकका लागि इमेज च्यानल तथा इमेज एफएमले कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्नेछ।
- आज शुक्रबार साँझ सात बजे होटल याक एन्ड यतिको दरबार हलमा डान्सको एक पृथक् कार्यक्रमको आयोजना हुँदैछ। 'साल्सा एन्ड मोर-डान्स इभनिङ एट द याक एन्ड यति' शीर्षक दिइएको उक्त कार्यक्रममा साल्साका साथै अन्य नृत्य गर्न वा हेर्न पाइने व्यवस्था छ। कार्यक्रमको आयोजना साल्सा डान्स एकेडेमीले गरेको हो।
- चीनको सिचुवान प्रान्तका भूकम्पपीडितहरूको सहयोगार्थ हङकङमा रहेका नेपाली कलाकारहरूको सहभागितामा आउँदो आइतबार काउलुन पार्कको खुला मञ्चमा एक बृहत् सांगीतिक कार्यक्रम हुने भएको छ। 'हामी शूरवीर मात्र होइनौं, दानवीर पनि हौं' भन्ने नाराका साथ एन.आर.एन. र नेपाली कलाकार संघ हङकङको संयुक्त आयोजनामा हुन लागेको उक्त कार्यक्रममा गायकहरू दिनेश सुब्बा, रविन श्रेष्ठ, विक्रम गुरुङलगायत इस्टलाइफ र शास्त्र ब्यान्डका साथै स्थानीय कलाकारहरूको नृत्य पनि प्रस्तुत गरिनेछ। सबैलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको उक्त कार्यक्रममा दर्शकहरूले स्वेच्छाले चन्दा दिन सक्नेछन्। संकलित रकम रेडक्रसमार्फत चीनका भूकम्पपीडितहरूलाई प्रदान गरिने कुरा पनि गुरुङले बताए।

–निर्मल श्रेष्ठ, हङकङ

## ब्यान्ड बक्स

### सायास ब्यान्ड



तीन दाजुभाइमा संगीतप्रति रुचि बढ्दै गएपछि गाउने र बजाउने क्रममा केही साथीहरूसँग मिली स्थापना गरिएको ब्यान्ड हो– सायास। २०६० सालमा स्थापना भएको यो ब्यान्डले अहिलेसम्म ८० भन्दा बढी स्टेज सो गरिसकेको छ। नेपालको पोखरा, पाल्पा, लुक्ला, वीरगन्ज, नारायणघाट, धरानलगायत विभिन्न ठाउँमा आफ्नो पर्फर्मेन्स देखाइसकेको सायास ब्याण्डले हालसम्म विदेशमा कुनै कार्यक्रम गर्ने मौका पाएको छैन। ब्यान्डको प्रारम्भिक दिनहरूमा पारिवारिकदेखि सांगीतिक उपकरण जुटाउन र एल्बम बजारमा ल्याउनसम्म धेरै संघर्ष गर्नुपरे पनि अहिले यो क्षेत्रमा निरन्तरता दिन त्यति गाह्रो नभएको ब्यान्डका बेस गिटारिस्ट रूपेश लामा बताउँछन्।

अहिले ब्यान्डको गायनमा अनिल पाखिन, ड्रमर राजेश लामा, रिड गिटारिस्ट सन्देश श्रेष्ठ, लिड गिटारिस्ट कुमार गुरुङ, बेस गिटारिस्ट रूपेश लामा र ब्यान्डका व्यवस्थापक मनोहर खड्का गरी ६ जना सदस्य छन्। ब्यान्डकै नाम राखेर निकालेको पहिलो एल्बम 'सायास' पछि अहिले यो ब्यान्ड आफ्नो दोस्रो एल्बमको तयारीमा जुटेको छ। दसैंको हाराहारीमा दोस्रो एल्बम रिलिज गर्न लागेको यो ब्यान्डलाई आफ्नो गीत 'पहिलो माया' विशेष मन पर्छ। हिट्स एफ एम म्युजिक एवार्ड २०६२ मा बेस्ट न्यु आटिस, बेस्ट रक कम्पोजिसन तथा बेस्ट ग्रुप विथ भोकल गरी तीन विधामा पुरस्कृत भएको क्षणलाई जीवनको सुनौलो क्षणका रूपमा लिने ब्यान्डका ड्रमर राजेश लामाले बताए।

**अरुणा भट्टराई**





एउटा बालक जसले कहिल्यै पनि चक्कु देखेको थिएन। एकदिन उसले चक्कु देख्यो। धेरै सोच-विचार गरेर उसले चक्कुको विषयमा यस्तो धारणा बनायो- यो आरीको बच्चा हो जसको अहिलेसम्म दाँत निस्किएको छैन।

०००

एडमन्ड हिलारी र तेन्जिङ शेर्पाले सँगै सगरमाथा आरोहण गरे। काठमाडौं आएपछि पत्रकारहरूमध्ये एकले तेन्जिङलाई सोधे-

'खासमा सागरमाथाको टुप्पोमा पहिलेचहिँ को पुग्यो भन्नुहोस् त'

'टुप्पोमा पुग्ने बेलामा सबैभन्दा पहिले म चढे पनि माथिबाट सिंढी झारिदिएँ त्यसपछि सिंढीबाट एडमन्ड आए'- तेन्जिनले उत्तर दिए। यो कुरा एडमन्डले थाहा पाएर त्यस्तो कुरा नगर्न तेन्जिङलाई भने तर दोस्रो पटक पनि प्रश्न गर्दा तेन्जिङले त्यही उत्तर दिए।

अबचाहिँ एडमन्ड अलि रिसाए, अनि तेन्जिङलाई भने- 'कति आफू मात्रै फस्टमा हिमालको टुप्पो चढेको भनेको? कहिलेकाहीं त सेकेन्डमा चढें भन्नु नि, तेन्जिङले ओके भने।

## ठट्यौली प्रकाशसँग

अर्का पत्रकारले तेन्जिङसँग प्रश्न गरे- 'खासमा पहिले टुप्पोमा को पुग्यो?'

'फस्टमा को पुग्यो त्यो त थाहा छैन, सेकेन्डमा म पुगें त्यसपछि मैले सिंढी झारें अनि एडमन्ड आए'- तेन्जिङले उत्तर दिए।

०००

एक व्यक्ति एउटा पान दोकानमा गयो र भन्यो-

साथी मलाई दुई सय सापटी देऊ न।'

यार हुन त तँ मेरो साथी होस् तर पनि म तँलाई पैसा सापटी दिन सक्दिनँ- पानवालाले भन्यो।

किन यार?

अगाडि बैंक देख्दैछस् नि..., हो यो बैंक र मेरो पान दोकान एकै दिन उद्घाटन भएको र त्यसै दिन हामी दुईबीच एउटा सम्झौता भएको छ। कस्तो सम्झौता?- व्यक्तिले सोध्यो। बैंकले पान बेच्न पाउनेछैन अनि मैले लोन दिन पाउनेछैन- पानवालाले उत्तर दियो।

०००

**मेरो कुरा** : बिरामी साथीभाइहरू! जुन दबाइ तपाईंलाई मीठो लाग्छ, बुझ्नुस् त्यो दबाइले तपाईं कहिल्यै निको हुनुहुन्न।

०००

त्यस्तो कुन चीज हो जो जति धेरै पैसा भए पनि किन्न सकिंदैन?

गरिबी।


०००

आफ्नो बच्चालाई दैनिक कुट्नुहोस्। कारण तपाईंलाई थाहा होस् या नहोस् उसलाई अवश्य थाहा हुन्छ।

०००

## कविता

### बसाइँ सरोस्



प्रभु विन्ती लाग्छ भने, पानी परोस् भरे राति
उनको गुन्यू चोली काट्ने, मुसो मरोस् भरे राति
अूध्यारोमा बस्नुपर्छ, बत्ती पनि छैन आज
झलमल्ल आँगनीमा, जुन झरोस् भरे राति
अति सुन्दर तिम्रो मुहार, नौनी घिउ घसेजस्तो
तिम्लाई-मलाई आइपर्ने संकट टरोस् भरे राति
धेरै भयो तिम्रो-मेरो, भेट पनि नभएको
तिम्रो मेरो मिलनले, मुस्कान छरोस् भरे राति
धेरै दुःख भोगेका छन्, नेपाली जनताले
हत्या, हिंसा, आतंकले बसाइँ सरोस् भरे राति।


**–बद्री शिवाकोटी**

### जहाँ बसूँ याद आउँछ

यता बसूँ तिम्रो याद, फेरि उता नि आउँछ
दन्किएर हृदय साथसाथै चिता नै आउँछ
जता हेरूँ तिम्रो मात्र झलक देख्छु म
झझल्को जाग्दा मात्र होइन, सुत्दा नि आउँछ
सम्झनाको सितारमा तारहरू पुराना छन्
औंलाले छोइदिए फेरि धुन मीठो नै आउँछ
झरनाको एकान्तमा जब गुञ्जन सुनी बस्छु
तिमीले सुनाउँथ्यौ जो त्यही कविता नै आउँछ
वर्णमालाको 'स' को धेरै धेरै सम्बोधन छ
मेरा निम्ति 'स' बाट, 'सरिता' नै आउँछ।

**–प्रेमकृष्ण श्रेष्ठ**

### जिन्दगी



रात बिताएपछि छोडेर जानैपर्ने
जिन्दगी बेकम्माको पाटी भो
सम्झनसम्म मन नलाग्ने
बैगुनी निष्ठुरी साथी भो
कतै पुगेर मन छोडी हिंड्नुपर्ने
सुरबिनाको ताल भो
कसैलाई काम नलाग्ने ढुङ्ग हुँदा
कसैको मन्दिरमा देवता भो
कतै श्रीखण्ड कतै खुर्पाको बिंड भो
कसैको आँखामा धूलो भो
कसैको आँखामा फुलो भो
कतै बगर भो कतै बहार भो
सम्झँदा-सम्झँदै भुल्नुपर्ने
कस्तो दोधारे माया भो।

**–तारा के.सी.**

### के गर्‍यौ कुन्नि ?

अभिमान के गर्‍यौ कुन्नि भेटघाटमा सोध्नुपर्ला
टाढा किन आजभोलि वार्तालापमा सोध्नुपर्ला
पूर्णिमाको जून सम्झी पूजा गर्थें मन-मन्दिरमा
हेर्दाहेर्दै जून छैन बादलमा खोज्नुपर्ला
मरिलानु केही छैन केलाई पूँजी खोज्या होला
मागे बरु ज्यानै दिन्थें कमी केमा सोध्नुपर्ला
मनको आशा ओझल पर्‍यो बहार ल्याउने तिमी छुट्दा
बेहोसी भै पिएछु प्याला अब चाहिँ छोड्नुपर्ला
धेरै माया गर्नु मात्र अभिशाप मेरो थियो भने
गर्‍यौ अभिमान केमा तिमीले मेरो प्रेममा खोज्नुपर्ला।

**–विष्णु रिमाल**

### जित्ने नाममा

जित्ने नाममा तिमीसँग हार खाएँ मैले
नसोचेको धक्का अनि मार खाएँ मैले
सँग-सँगै जिउने वाचा कता हरायो
आफैंदेखि आफैं यहाँ मान्छे डरायो
तिम्रै कारण खुकुरीको धार खाएँ मैले
नसोचेको धक्का अनि मार खाएँ मैले
सोचाइको भुमरीमा पो कति हराउने ?
एकान्तमा एक्लै-एक्लै कति कराउने ?
जिउँदै जाँदा कतिपल्ट खार खाएँ मैले
नसोचेको धक्का अनि मार खाएँ मैले।

**–रेसमकुमार सुनुवार**

## लघुकथा

### बोक्सी



त्यसबेला राममाया सबै गाउँलेको दृष्टिमा आदरणीय एवं सम्मानित थिइन्। उनको अगाडि सबैजना श्रद्धाले नतमस्तक हुन्थे। आफ्नो पतिको निधनपश्चात् दान-धर्ममा बढी संलग्न रहेने राममाया गाउँका असहाय, अपाङ्ग एवं गरिबहरूका लागि आशाको केन्द्र नै थिइन्। उनलाई सबैले ईश्वरको साक्षत् रूप मान्थे।

समय क्रममा राममायाको जीवनमा ठूलो आँधी-बेहरी आयो। उनको जीवनको एकमात्र भरोसा सहर पढ्न गएको छोराको पनि दुर्घटनामा परी मृत्यु भयो। त्यो घटनाले उनी धेरै दिनसम्म बेहोस भइन्। होसमा आएपछि पनि राममाया मानसिक पीडाले गर्दा विक्षिप्त छिन्। अहिले उनलाई कसैले पागल अनि कसैले बोक्सीको संज्ञा दिन्छन्।

गाउँमा अचानक झाडापखालाले गर्दा डाँडाघरे साइँलाको छोराको मृत्यु भएपछि सबैले मृत्युको कारण राममाया नै हुन् भनी उनको शरीरमा सिस्नुपानी लगाउने, फलामले डाम्ने, दिसा घोलेर ख्वाउने आदि जस्ता अमानवीय यातना दिएर जंगलीपन देखाए। अहिले गाउँमा घट्ने हरेक घटनाको दोषी राममायालाई नै ठहराइन्छ। आखिरमा राममायालाई 'बोक्सी' भएका कारण गाउँबाटै लखेट्ने सामूहिक निर्णय गरियो। उक्त निर्णयको विरुद्धमा कसैले एक शब्द पनि बोलेनन्। गाउँका बुद्धिजीवी, शिक्षित एवं सभ्य भनाउँदाहरू केवल मूकदर्शक बनिरहे।

**–छत्र क्षितिज**

# राम लिटिल प्रिन्स र सुमी लिटिल प्रिन्सेस



बुटवल- ५१ जना प्रतिस्पर्धीलाई पछि पार्दै रूपन्देहीको करहियाका १४ वर्षीय राम गुरुङ र बुटवल कालिकानगरकी १२ वर्षीया सुमी गुरुङ क्रमशः लिटिल प्रिन्स र लिटिल प्रिन्सेस घोषित भए। ६ वर्षदेखि १४ वर्षसम्मका बालबालिकामा अन्तरनिहित बौद्धिकतासँगै गायन, नृत्य, हास्य आदि प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले ग्यालेक्सी मोडलिङ एजेन्सी काठमाडौं तथा सिद्धार्थ डेभलपमेन्ट बैंकको संयुक्त आयोजनामा सोमबार बुटवलमा सम्पन्न फाइनल सोमा उनीहरू उत्कृष्ट हुँदै उपाधि जित्न सफल भएका हुन्। प्रतियोगितामा बुटवलका १० वटा विद्यालयका २० जना छात्र र ३१ जना छात्रा छनौट भै प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा सृष्टि कार्की र अनमोल शर्मा फस्ट रनरअप र कुसुम थापा तथा कुशल अधिकारी सेकेन्ड रनर-अप भए। उपाधि विजेता दुई जनाले ५ हजार नगद पुरस्कार पनि प्राप्त गरेका छन् भने उनीहरू राजधानीमा हुने राष्ट्रिय स्तरको बालप्रतिभा प्रतियोगितामा भाग लिन पाउने एजेन्सीका प्रबन्ध निर्देशक दीपक घिमिरेले साप्ताहिकलाई बताए। कार्यक्रममा हास्यकलाकार माधव त्रिपाठी तथा स्थानीय कलाकारले दर्शकहरूलाई गीत, नृत्य र क्यारिकेचर प्रस्तुत गरेर दर्शकहरूलाई मनोरन्जन प्रदान गरेका थिए।



# सप्रिन भए मास्टर स्टार

कमलादिस्थित प्रज्ञाभवनको पर्दा उघारिएपछि आईईसी डिजाइनिङ इन्स्टिच्युटका डिजानरहरूको सिर्जना समेटिएको रातो र नीलो रंगको फ्लोरल प्रिन्ट भएको सेतो रंगको सर्ट-पाइन्ट लगाएका ९ देखि १३ वर्ष उमेरसमूहका २४ जना बालकले रमाइलो ढंगबाट उत्साहपूर्वक सामूहिक हिप-हप नृत्य प्रस्तुत गरेपछि प्रारम्भ भएको थियो– वाईवाई मास्टर स्टारको प्रतियोगिता। नेपलिज फेसन होमको आयोजना तथा रोहिया महर्जन एवं विवेक श्रेष्ठको संयुक्त कोरियोग्राफीमा सञ्चालित उक्त प्रतिस्पर्धा परिचयात्मक चरण, ट्यालेन्ट राउन्ड, वेस्ट ड्रेस राउन्ड, टप टेन र टप फाइभ गरी चरणबद्ध रूपमा अघि बढेको थियो। अन्ततः टप फाइभमा पुगेका प्रतिस्पर्धीले एक दिनका लागि नेता हुने अवसर पाए के गर्नुहुन्छ? भन्ने प्रश्नको सामना गरे। फाइनलिस्ट सबैले आ-आफ्नै तर्क दिए, तर सप्रिन शाक्यको उत्तर उत्कृष्ट ठहरियो। उल्लेखित प्रश्नमा सप्रिनको उत्तर थियो- 'म एक दिनका लागि नेता भए केही गर्न सक्दिनँ, किनभने बुद्धिमान नेताहरूले त वर्षौंसम्म केही गर्न सकेनन्। म त एक जना बालक न हुँ, म के नै गर्न सक्छु र?' यही जवाफले सप्रिनले वाईवाई मास्टर स्टारको उपाधिसहित युरो किड्सबाट रु. ५ हजार नगद पुरस्कार पनि प्राप्त गरे। लाक्पा लामाले दोस्रो स्थानमा चित्त बुझाए भने तेस्रो स्थानमा सुस्मित रजौरे छनौट भए। लाक्पा र सुस्मितले क्रमशः ३ हजार र २ हजार नगद पुरस्कार पनि प्राप्त गरे। प्रतियोगितामा सुस्मितले मास्टर पसर्नालिटीको एवार्ड पनि जिते। यसैगरी प्रतीक श्रेष्ठ इनोसेन्ट, रीत मानन्धर डिसिप्लिन, अन्सुल प्रजापति फोटोजेनिक, पारुहाङ लिम्बू हेयर, अमिर राई फ्रेन्डसिप, सुन्वित मास्के स्किन, सुविन खड्गी बेस्ट ड्रेस, सन्जेश श्रेष्ठ चार्मिङ, अजय कवाङ ट्यालेन्ट तथा विसद श्रेष्ठ स्माइल उपाधिका विजेता छनौट गरिएका थिए।



# पोखरामा लिटल सनसाइन

सौन्दर्यसँग सम्बन्धित प्रतियोगिताहरू पोखरामा बग्रेल्ती आयोजना हुन थालेका छन्। साना स्कुले नानीहरूलाई लक्षित गरी यसपटक फेरि पोखरामा जित हाम्रो प्रा.लि.ले मिस लिटिल सनसाइन ट्यालेन्ट कन्टेस्ट गर्न लागेको छ। असार २१ गते हुने प्रतियोगिताको तयारीमा आयोजकहरू जुटिसकेका छन्। साना नानीहरूलाई ऱ्याम्पमा क्याटवाक गर्नेदेखि वाक कलालगायतका बारेमा १५ दिनदेखि प्रशिक्षण दिइएको छ। नृत्य, स्वस्थ्य परीक्षण, लिडरसिप क्लास, व्यक्तित्व विकास, स्टेज परफर्मेन्स आदि कक्षा सहभागी नानीहरूलाई दिइरहेको आयोजक संस्थाका प्रबन्ध निर्देशक राजेश जोशीले बताए। संस्थाले यसअघि राजधानीलगायत देशका विभिन्न भागमा बालबालिकासँग सम्बन्धित दर्जनौं कार्यक्रम गरिसकेको छ।

राजेश जोशी र रवीन्द्र बज्राचार्यले कोरियोग्राफी गरिरहेको प्रतियोगितामा ७ देखि १२ वर्ष उमेरसम्मका बालिकाहरू सहभागी छन्। प्रतियोगितामा मिस लिटल सनसाइन विजेता हुनेलाई नगद पुरस्कारका साथमा ट्रफी प्रदान गरिनेछ। अन्य एवार्डतर्फ फस्ट रनरअप, सेकेन्ड रनरअप, ट्यालेन्ट, फोटोजेनिक, डिसिपिलिन, पर्सनालिटी, परफर्मेन्स, बेस्ट ड्रेस, कन्फिडेन्स, क्याटवाक, बेस्ट हेयर तथा मोस्ट फ्रेन्डली आदि विधामा सहभागीहरूलाई पुरस्कृत गरिनेछ।

# किड्ज क्यापिटल

बालबालिकामा भएको प्रतिभा उजागर गर्ने उद्देश्यले आगामी आइतबार प्रतियोगात्मक कार्यक्रम 'किड्स क्यापिटल-२००८' हुने भएको छ। ग्रीन एप्पल इन्टरटेनमेन्ट प्रा.लि.को आयोजनामा हुने उक्त इभेन्टमा किड्स क्यापिटल-२००८ को ताज



जित्न ४० बालबालिका भिड्नेछन्। प्रतिस्पर्धाबाट एक जना बालक र एक जना बालिकालाई शीर्ष उपाधि प्रदान गरिने आयोजक संस्थाकी इभेन्ट म्यानेजर जमुना लामाले साप्ताहिकलाई बताइन्।

प्रतियोगिताका लागि पहिलो अडिसन राउन्डमा ५६ जना बालबालिकाबाट ४० जनालाई छनौट गरिएको थियो। आयोजकहरूका अनुसार छनौटमा परेका ४० जनाको गत शनिबार भीएस निकेतन कलेजमा ट्यालेन्ट सो गरिएको थियो। लामाका अनुसार आइतबार हुने मुख्य कार्यक्रममा बालबालिकाले स्टेज पर्फमेन्ससँगै निर्णायकहरूको प्रश्नका उत्तर दिनेछन्। नेपाल प्रज्ञाप्रतिष्ठान, कमलादीमा हुने अन्तिम प्रतिस्पर्धामा नारायण पुरी, प्रशान्त ताम्राकार, प्रभा अमात्य, डा. विनिता प्रधान, विनु श्रेष्ठ तथा ज्ञानिशोभा तुलाधर निर्णायक रहनेछन्।

## सन्देश

कैलाश, तिम्रो सामान मसँग छ, लिन आऊ। तिम्रो फोन पनि उठ्दैन, किन ? मैले तिमीलाई धेरै खोजें तर फेला पार्न सकिनँ।

**शेरबहादुर**

दूरसञ्चारका हाकिमज्यूहरू, के हो तपाईंहरूको चाला ? मोबाइलको नेटवर्कको स्थिति त साह्रै नाजुक छ नि ? क्रान्तिकारी मन्त्रीको विभाग भएर यति बिजी भएको हो कि ?

**पीडित ग्राहक**

इटहरीका गायक प्रकाश ओझालाई शुभकामना छ। तपाईंको नयाँ गीत, नयाँ क्यासेट चाँडै सुन्न पाइयोस्। साप्ताहिकको चुट्किला पनि नियमित पढ्न पाइयोस्। तपाईंको नयाँ म्युजिक भिडियो कहिले आउँछ ?

**प्रयास**

कोपिला, म तिमीबिना बाँच्न सक्दिनँ भन्दिनँ, किनभने म झूटो कसम खान चाहन्नँ। मलाई बुझ, म तिम्रो सच्चा प्रेमी हुँ। म तिमीलाई जनम-जनम साथ दिन तयार छु। एकपटक मेरो पसलमा आएर आफ्नो मनको कुरा भन है।

**विमल**

कर्मा ब्यान्डका ब्रोहरूमा हार्दिक शुभकामनाका साथै निरन्तर प्रगतिको कामना।

**यू एन्ड टी**

प्रेम त्यस्तो लड्डु हो जसलाई खानेहरू पछुताउँछन्, यो लड्डुले पेट गडबड गराउँछ, सुगरको बिमार बनाउँछ। तसर्थ हे युवा साथीहरू हो, यो लड्डु खाने लोभ नगर, किनकि यसमा निश्चित रूपमा पछुताउनुपर्छ।

**शिवराज**

मेरो मोबाइलमा घरीघरी मिसकल दिने सुन्दरी, तिमी को हौ ? तिमी मबाट के चाहन्छ्यौ ?



प्रस्टसँग भन। मलाई यसरी मिसकल गरेर नसताऊ।

**श्याम**

सम्पूर्ण गणतन्त्रवादी चलचित्रकर्मीहरूलाई गणतन्त्र नेपालको हार्दिक शुभकामना। अब नयाँ नेपालमा नयाँ ढंगले चलचित्र बनाउनुहोला।

**नवराज काफ्ले**

गणतन्त्रवादी नेता एवं जनतालाई हार्दिक बधाई। नेपालको प्रगति तथा शान्तिको शुभकामना।

**विप्लवमान राजभण्डारी**

नायिका यमुना उप्रेतीजी, तपाईंको फिल्म हेरेँ, साह्रै राम्रो लाग्यो। एक्टिङ पनि दामी छ। निरन्तर प्रगति गरेर नेपाली फिल्म जगत्मा छाउनु, नेपालको नम्बर वान हिरोइन हुँदै हलिउडसम्मको यात्रा गर्नु, शुभकामना।

**जीतु (जीत)**

नायक आर्यन सिक्देललाई मेरो सम्झना, प्रेम अनि उहाँको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**पर्ल**

## जीवनको गोरेटोमा

### मेरो भन्नु

जिन्दगी एक यात्रा, यात्राको यही दौरानमा धेरैसँग परिचय भयो, मित्रता गाँसियो। कसैलाई मैले असल मित्रभन्दा ज्यादा उपमा दिइनँ, दिन सकिनँ। आज तिमीलाई देखेँ, तिमीसँग भेट भयो। अचम्म लाग्छ, परिचय हुनुअगावै ढुकढुकीमा तिम्रो नाम गुन्जन्छ। मनमा तिमी मुस्काउँछ्यौ। आँखाको लेन्सले तिम्रै तस्बिर कैद गर्छ। यस्तो किन ? प्रश्न तेर्सिन्छ। मेरो मनले भन्छ, तिमीलाई माया भयो। मेरो मस्तिष्क बोल्छ, तिमीलाई प्रेमले छोयो। मेरो मन र मस्तिष्कको आवाजलाई नकार्न सकिनँ। त्यसैले भन्छु मलाई साँच्चै माया भयो।

म तिमीलाई माया गर्छु। यद्यपि चोखो अनि निःस्वार्थ प्रेम गर्छु भनेर भन्न सक्दिनँ। मेरो प्रेम निःस्वार्थ छ भनेर दावी गर्ने आँट ममा छैन। मेरो प्रेममा पनि केही स्वार्थ पक्कै छ। मलाई लाग्छ, तिमीलाई चाहनु नै मेरो ठूलो स्वार्थ थियो। स्वतन्त्र रूपमा फुलिरहेको फूलमा भमराले छड्के आँखा लगाउनु पक्कै स्वार्थभन्दा परको कुरा हुन सक्दैन। तिम्रो स्वतन्त्रतालाई लत्याएर तिमीसँगै बाँच्न चाहने मेरो रहर पक्कै स्वार्थ नै हो। तिम्रो एक्लो जीवनमा आफ्नो दुःख-सुख बाँड्न चाहने मेरो इच्छालाई स्वार्थ होइन भनेर म भन्न सक्दिनँ तर मेरो स्वार्थ अरू प्रेमरोगीहरूको भन्दा पृथक छ, अनौठो छ र उच्च छ। तिमीलाई अँगालोमा बेर्ने रहर मेरो स्वार्थबाट दूर छ। तिमीलाई चुम्बन गर्ने चाह मेरो उद्देश्यभित्र पर्दैन। तिमीलाई मेरो प्यास मेट्ने वस्तुका रूपमा ग्रहण गर्नुले मेरो स्वार्थलाई मूर्त तुल्याउन सक्दैन। यदि मेरो स्वार्थलाई यही रूपमा हेरेकी छ्यौ भने तिमीले गलत बुझ्यौ। मेरो प्रेमलाई गलत ढंगले परिभाषित गर्‍यौ र मेरो प्रेमबाट गलत ज्ञान लियौ। किनकि, मेरो प्रेम शारीरिक आकर्षण होइन, अन्तरआत्माको भावनात्मक उपज हो।

म तिमीलाई माया गर्छु। तिमीले प्रमाण खोज्यौ भने मैले शीर झुकाउनुपर्नेछ। साँच्चै मेरो प्रेमका ठोस प्रमाणहरू छैनन्। छाती चिरेर घाउ बनाउने साहस ममा छैन। नाडी रेटेर रगत बगाउने आँट मनले गर्दैन। बाइकमा सँगै टाँसिएर हुइँकिने क्षमता मभन्दा धेरै माथि छ। शब्द-शब्दमा पैसाको वर्षा गराउने औकात छैन मसँग। त्यसैले प्रिय, यदि तिमी मलाई माया गर्छ्यौ भने मेरो प्रेममा विश्वास छ भने बिन्ती मेरो प्रेमको प्रमाण नखोज किनकि मेरो प्रेम भौतिक प्रमाणबाट दूर तर आत्मासँग नजिक छ।

म तिमीलाई माया गर्छु, सँगै बाँच्ने कसम खान्छु तर सँगै मर्ने कसम खान सक्दिनँ। जीवन हामीले सँगै जिए जस्तै हाम्रो एकसाथ मृत्यु असम्भव छ। भोलि म मर्दा न तिमी मसँगै चितामा जल्न सक्छ्यौ, न तिमी मर्दा म नै जल्न सक्छु। यथार्थको धरातलभन्दा पर टेकेर आवेगमा म यस्तो वाचा गर्दिनँ। भोलि पूरा गर्न नसक्ने वाचा आज गर्दै हिँड्नुको औचित्य देख्दिनँ म। वाचा र कसमभित्रको प्रेम सत्य, निःस्वार्थ र अमर रहन्छ भन्ने धारणाको म खण्डन गर्छु। म त प्रेम वाचा र कसमको सामीप्यमा भन्दा विश्वासको गर्भमा



हुर्किरहेको देख्छु। म त प्रेम वाचा र कसमको सँगालोमा भन्दा विश्वासको छहारीमा मौलाइरहेको पाउँछु। त्यसैले वाचा गरिनँ, कसम खाइनँ तर शंका नगर प्रिय किनकि मेरो प्रेम वाचा र कसमको दहभित्र झाँगिएको लेउ होइन, विश्वासको बगैंचामा फक्रिएको रातो गुलाब हो।

म तिमीलाई माया गर्छु। यसको अर्थ तिमीले पनि मलाई माया गर्नैपर्छ भन्ने होइन। मेरो प्रेम कुनै नियमभित्र बाँधिएको छैन। तिमी स्वतन्त्र छ्यौ। इच्छा भए हुन्छ भन, इच्छा छैन त नाइँ भन। मेरो प्रेम स्वीकार्य भए सहमतिको ताली बजाऊ, स्वीकार्य छैन त विरोधको घन्टी पिट। मेरो प्रेममा विश्वास भए आत्माले ग्रहण गर, शंका लागे घृणाको झटारो हान। मेरो कुनै गुनासो रहनेछैन तर सत्य यही हो– मेरो तिमीप्रतिको प्रेम अब कहिल्यै बिलाउनेछैन, नष्ट हुनेछैन।

**–मकवानपुरे**

## साप्ताहिक साथी



नहाँसी बोल्न नजान्ने प्रेमकुमार श्रेष्ठ २० वर्षका छन्। आफ्नै व्यवसाय गरेर जीवन चलाइरहेका प्रेमको उचाइ ५ फिट ५ इन्च छ। आईएड अध्ययन गरिरहेका प्रेम पत्रमित्रता एवं समाजसेवामा रुचि राख्छन्। दुःख-सुखमा साथ दिने तथा धनी-गरिबबीच भेदभाव नगर्ने स्वभाव मन पराउने प्रेमकुमार श्रेष्ठलाई बूढाथुम-८, धादिङमा पत्राचार गर्न सकिन्छ। उनको इमेल ठेगाना shrestha_premkumar@yahoo.com हो।



रोजगारीको सिलसिलामा मुम्बई पुगेका गणेश कार्की १९ वर्षका छन्। ५ फिट ५ इन्च अग्ला गणेश आठ कक्षा उत्तीर्ण गरेपछि मुम्बई पुगेका हुन्। हँसिलो स्वभावका गणेश पत्रमित्रता तथा भ्रमणमा रुचि राख्छन्। गहुँगोरो वर्णका गणेश दुःख-सुखमा साथ दिने तथा पत्रमित्रतालाई निरन्तरता दिने व्यक्तिसँग मित्रता गाँस्न चाहन्छन्। उनलाई ganeshkkbs@gmail.com मा पत्राचार गर्न सकिन्छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................

......

उमेर : ............................ उचाइ : ..................

..............

पेसा : ............................ शिक्षा : ......................

......

स्वभाव :................................ वैवाहिक स्थिति :

.......................


अभिरुचि : ..............................वर्ण : ..................

......

# बोझोले पुरिएर अस्तित्व गुमाउँदै पार्वतीकुण्ड

**नवदीप अजनवी**

रसुवा– कुण्डैकुण्डले भरिएको जिल्ला रसुवाका महत्त्वपूर्ण कुण्डमध्ये पार्वतीकुण्ड पनि एक हो। यहाँका दर्जनौं कुण्डमध्ये पार्वतीकुण्ड धेरैले सम्झिने र अरूभन्दा केही सजिलै पुग्न सकिने कुण्ड हो। जिल्लाको उत्तरी क्षेत्रको गत्लाङ गाविसको वडा नम्बर-५ मा पर्ने पार्वतीकुण्ड अहिले बोझोका कारण पुरिने अवस्थामा छ। बर्सेनि वरपर पहाडबाट आएको माटो कुण्डमै थुप्रिने, ढलेका सल्लाका रूखहरू नहटाइँदा र बोझो फैलिइरहेकाले कुण्ड साघुरिँदै गएको छ।



कुण्डमा पुग्दा यस्तो लाग्छ, यो बोझो खेती गरिएको खेतको ठूलो गरा हो। बोझोले भरिएको ठाउँमा वरपरबाट बगेर आउने माटो र गेगरले गर्दा ताल ठमठम्ती हिंड्न सकिने चौर बनिसकेको छ। यहाँको बोझो हटाएर कुण्डको संरक्षण गर्न बोझो लिलामीको कार्यक्रम ल्याउँदा स्थानीयवासीले भगवान् रिसाएर महाप्रलय हुन्छ भन्दै नदिएको लाक्पा तामाङले बताए। यही असहयोगका कारण बोझो र ढलेका रूखहरू हटाउने योजना असफल भएको तामाङको भनाइ छ। दुई वर्गकिलोमिटरमा फैलिएको कुण्डको तीन भागको एक भाग सतह पुरिइसकेको छ।

स्थानीय वयोवृद्धहरूले भने बोझो भगवान्को वस्त्र भएकाले त्यसलाई निकाल्न नमिल्ले बताउँदै आएका छन्। 'कुण्डमा जथाभावी गरे भगवान् रिसाउँछन्, कहिले ठूलो वर्षा हुन्छ कहिले लामो खडेरी पर्छ,' स्थानीय वृद्ध हर्कबहादुर तामाङले भने– 'महामारी फैलिने, असिना पर्ने, बाढीपहिरो आउनेजस्ता विपत्ति सामना गर्नुपर्छ।'

यो कुण्ड पत्ता लागेको विषयमा पनि रमाइलो किंवदन्ती प्रचलित छ। स्थानीय घले दरबारमा पालेको कुकुर हराएछ। खोज्दै जाँदा उक्त कुकुरले खानाको अभावमा कुण्डको पानी खाएर पेट भर्ने गरेको राजाका सेनाले भेटेछन्। त्यही क्रममा यो कुण्ड पत्ता लागेको भनाइ छ, तर यहाँ कुन राजाले कहिले शासन गरे र उनको दरबार कहाँ थियो भन्ने विषयमा ऐतिहासिक प्रमाणहरू पाइदैन। कुण्डवरिपरि रहेको रूखबाट झरेको पात चरा आएर लाने गरेको विश्वास स्थानीय बासिन्दाहरूमा पाइन्छ। हिमालय पर्वतमा बस्ने शिवपार्वतीले विवाहपछि जलविहार गरेको हुनाले शिवपार्वतीकुण्ड भन्न थालिएको उक्त कुण्ड पछि गएर पार्वतीकुण्ड नामले परिचित भएको बुढापाकाहरूको भनाइ छ।


किंवदन्ती र भनाइहरू जेसुकै भए पनि यति सुन्दर कुण्ड प्रकृतिले हामीलाई दिनु नै गौरवको कुरा हो। समुद्री सतहबाट २ हजार ५ सय ४ मिटर उचाइमा रहेको यो कुण्ड अनुपम प्राकृतिक दृश्यले भरिपूर्ण छ। कुण्डमा हेर्दा हरिया जंगल र लेकाली सल्ला नाचिरहेको देखिन्छ, अनि माघ-फागुनको हिउँ पर्ने मौसममा जाने हो भने त हिउँले ढाकेका वरपरका अग्ला पहाडहरू सबै कुण्डमा आएर पौडी खेलिरहेजस्तो लाग्छ, –स्थानीय बासिन्दा पेम्बा छिरिङले बताए।

गरिबी निवारणका लागि पर्यटन कार्यक्रम (टीआरपीएपी) ले यो कुण्ड सफा गर्ने प्रयास नगरेको भने होइन, तर गाउँलेहरूको असहयोगका कारण अहिलेसम्म सफल हुन सकेको छैन्। टीआरपीएपी कुण्डवरिपरि कम्पाउन्ड, पर्यटक विश्रामस्थल र बगैंचा बनाउने योजनामा पनि सफल भएको छैन। यहाँ आइपुग्ने हरेक आन्तरिक तथा बाह्य पर्यटक कुण्ड पुरिन लागेकोमा दुखमनाउ गरेर फर्कन्छन्। 'धार्मिक हिसाबले महत्त्वपूर्ण, त्यो पनि पर्यटकिय क्षेत्रमा भएकाले यसको संरक्षण गर्नैपर्छ,' पहिलो पटक त्रिशूलीबाट घुम्न पार्वतीकुण्ड आएका दामोदर नेपालले भने– 'यहाँ पार्वतीकुण्ड नाम गरेको ताल थियो भनेर बोझोको चौर हेरेर फर्कने दिन नआउला भन्न सकिँदैन।'

पर्यटन क्षेत्रमा काम गर्ने संघ-सस्था एवं सरकारी निकायले बेलैमा चासो नदिने हो भने यो कुण्ड पुरिन धेरै वर्ष कुरिरहनुपर्दैन। कुण्डको सरसफाइ एवं विशेष संरक्षणमा जोड नदिए १४-१५ वर्षमा यो पूरै पुरिने अनुमान गरिन्छ। कुण्ड पुरिँदै गएपछि यहाँ आन्तरिक एवं बाह्य पर्यटक घटेको स्थानीय होटल व्यावसायी सोनाम लाक्पाले बताइन्। हिन्दू धर्ममा उल्लेख गरिएको १ सय ८ कुण्डमध्ये गोसाइँकुण्ड, सूर्यकुण्डपछि पार्वतीकुण्ड प्रसिद्ध मानिन्छ। कुण्डको छेवैमा दुई दशकअघि नेपाली सेनाले शिवपार्वतीको मन्दिर बनाइदिएपछि पूजाआजा गर्न आउनेहरूको संख्या बढेको पाइन्छ। यहाँ जनैपूर्निमा, महाशिवरात्रि तथा बालाचतुर्दशीमा मेला लाग्छ।

त्रिशूली धुञ्चे सोमदाङ सडकको छेउमा पर्ने भएकाले त्यहाँ पुग्न पनि सजिलो छ। काठमाडौंबाट स्याफ्रुबेसीसम्म बस चल्छ। त्यसपछि पैदल हिंड्ने हो भने सात घण्टाजति लाग्छ। सवारी साधन लिएर जाँदा २ घण्टामा पुग्न सकिन्छ। राजधानीदेखि करिब १ सय ४५ किलोमिटर टाढा कुण्ड पुग्दा नजिकैको पर्यटकीय गाउँ गत्लाङ पुगेर शुद्ध ग्रामीण परिवेशको आनन्द लिन सकिन्छ। यो क्षेत्रबाट देखिने गणेश हिमाल, साञ्जेन हिमालका आँखैमा टासिरहूझैं लाग्ने बादलुको घुम्टोभित्र लुकामारी खेलिरहने दृश्य, आकर्षक लेकाली वनले ढाकेका पहाडहरूले कसको मन नलोभ्याउला ?

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, फ्रक, पुतली, पाइन्ट, सिसी, लुगा, जुत्ता, घर, छाना, औंला ।

## ध्रुवीय भालु नष्ट हुने

क्यानाडाका ध्रुवीय भालु खतरामा परेको चार दशकभित्रमा समूल नष्ट हुने चेतावनी विश्व वन्यजन्तु कोषले दिएको छ । पृथ्वीको बढ्दो तापमान तथा मानिसहरूको सिकार गर्ने प्रवृत्तिले ध्रुवीय भालुलाई नष्ट हुने अवस्थामा पुर्‍याएको हो । क्यानाडाको हिउँले ढाकिएको उत्तरी क्षेत्रमा सम्पूर्ण ध्रुवीय भालुको दुईतिहाई संख्या छ । तर प्रदूषण, बढ्दो गर्मी तथा सिकारका कारण त्यसको संख्या द्रुतगतिमा कम हुँदै गएको छ ।



## जन्मदिनको शुभकामना


प्रिन्सी धिताल
२०५८ असार १३


सबिब महर्जन
२०५९ असार १३


सोनिक स्मृत
२०६४ असार १४


पूजा पोखरेल
२०६१ असार १५


स्वीकृति गौतम
२०६२ असार १५


सतिश सापकोटा
२०६१ असार १८


लक्की सिंह
२०६१ असार १९


शशांक रेग्मी
२०६० असार १९


जस्वानी खरेल
२०६० असार १९


एन्जिला लिम्बू
२०६२ असार १५



रिवाज निरौला
२०६४ असार १३


अप्सरा भट्टराई
२०५६ असार १५



स्वीकृति दास
२०६४ असार १४


नितेश श्रेष्ठ
२०५६ असार १८


कुशल नेपाली
२०६० असार १५



## हाम्रा पितापुर्खा



मानिसहरू एक लाख वर्षसम्म स-साना समूह बनाई बेग्लाबेग्लै रूपमा बस्ने गरेको अमेरिकाका आनुवांशिक अनुसन्धानकर्ताले बताएका छन् । त्यसरी बस्दा उनीहरूको जीवन कष्टकर मात्र नभै झन्डै विनाश हुने अवस्थामा पुगेपछि एकीकृत भएर बस्ने गरेको अनुसन्धानकर्ताको भनाइ छ ।

७० हजार वर्षपहिले जलवायुमा भएको अकस्मात् परिवर्तनले झन्डै मानिसको अस्तित्वलाई समाप्त पारेको र त्यो प्राकृतिक प्रकोपबाट पृथ्वीमा मानिसको सानो संख्या मात्र बाँच्न सफल भएको अनुसन्धानमा संलग्नहरूको निष्कर्ष छ । सो प्राकृतिक विनाशबाट केवल २ हजारजतिको संख्यामा मात्र मानिस बाँच्न सकेको डरलाग्दो भनाइ वैज्ञानिकहरूले अघि सारेका छन् । सो बचेको संख्यामा पछि जनसंख्यामा व्यापक वृद्धि भएको र अफ्रिका महादेशबाट विश्वका अन्य महादेशमा फैलिएको आनुवांशिक अनुसंधानमा जुटेका वैज्ञानिकहरूले बताएका छन् ।

## संघर्ष र सफलता

### इन्द्रा नुइ



५२ वर्षीय इन्द्रा नुई भारतको पेप्सी कम्पनीकी अध्यक्ष हुन् । उनले सन् १९९४ मा यो कम्पनीमा काम गर्न थालेकी थिइन् । नुईले अमेरिकाको याले युनिभर्सिटी अफ म्यानेजमेन्टबाट व्यवस्थापनमा स्नातकोत्तर गरेकी छिन् ।

लगातारको मेहनतबाट सन् २००६ मा इन्द्रा कम्पनीको अध्यक्ष बनिन् । उनको प्रयासबाट कम्पनीले अन्य क्षेत्रमा पनि लगानी बढायो । अहिले पेप्सीले भारतमा टाको बेल, केएफसी र पिज्जा हटजस्ता फास्टफुड व्यवसायसमेत सञ्चालन गरेको छ । सन् १९९८ मा उनले ट्रपिकाना र क्वाकर ओट्सजस्ता कम्पनीलाई पेप्सीसँग विलय गरेकी थिइन् । यी सबैका कारण अहिले कम्पनी धेरै अगाडि बढेको छ र उनको लोकप्रियता पनि ।

सन् २००० मा इन्द्राले धेरै अधिकारसहितको विशेष जिम्मेवारी पाएकी थिइन् । बिजनेस विक म्यागेजिनका अनुसार त्यसपछि कम्पनीको वार्षिक आय ७२ प्रतिशतले बढ्यो । सन् २००६ मा आएर कम्पनीको खुद मुनाफा दोब्बर वृद्धि भएर ५ अरब ६० करोड पुग्यो ।

यी सबैका कारण उनले संसारका प्रतिष्ठित सम्मानहरू पाएकी छिन् । विश्वप्रसिद्ध पत्रिका टाइमले सन् २००७ मा संसारलाई प्रभावित गर्ने सय महिलाको सूचीमा उनलाई पनि समावेश गर्‍यो । पेप्सीबाहेक उनी अन्य धेरै संस्थामा क्रियाशील छिन् ।

## जन्मदिनको शुभकामना

कुपन

नाम :......................................................

जन्म मिति :..................................................

स्कूल :..................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## कुरा गर्ने कम्प्युटर

बेलफ्रास्टस्थित बल्किन्स विश्वविद्यालयको एक टिम नयाँ कम्प्युटर सिस्टम विकसित गर्न जुटेको छ । उक्त सिस्टमको नाम सेन्सेटिभ आर्टिफिसियल लिस्नर दिइएको छ । यो अध्ययन युरोपियन प्रोजेक्स सिमेनको एक हिस्सा हो । कुनै व्यक्तिसँग संवादमा सामेल भएपछि यो कम्प्युटर सिस्टमले आफ्नै तरिकाको व्यवहार गर्छ । यदि कम्प्युटर प्रयोगकर्ताले नकारात्मक व्यवहार गरे यसले पनि अलग व्यवहार गर्नेछ । केही समयमै कम्प्युटरले मानिससँग कुरासमेत गर्न सक्ने बताइएको छ । वैज्ञानिकहरूका अनुसार मानिसको बोलीको टोन र अनुहारको हाउभाउको प्रतिक्रिया दिएर मानिससँग कम्प्युटरले कुरा गर्न थाल्नेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | ■ |
| | | | ४ | | | | ■ | ■ |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| | | | | ९ | | | | |
| ■ | | | | १० | | | | |
| ■ | | | | ११ | | | | |
| ■ | | | | १२ | | | | |

**प्रतियोगीको नाम :**

**ठेगाना :**

**ठाडो**

१ 'जीवनको गोरेटो' का लेखक (४,२)
२ 'घनचक्कर'का कलाकार (२,३,३)
३ 'नशा' एल्बमका गीतकार (३,४)
४ महँगा नायक ? (३,३)
५ खेल नं. १५ मा स्वीडेनविरुद्ध (२)
६ खेल नं. ११ मा क्रोएसियाविरुद्ध (३)
७ खेल नं. १९ मा पोल्यान्डविरुद्ध (४)
८ खेल नं. १४ मा फ्रान्सविरुद्ध (५)

**तेर्सो**

१ गणतन्त्रका प्रणेता (४,३,२)
२ चलचित्र 'नसिब' का निर्माता (२,३,२)
३ 'गिरफ्तार' का निर्देशक (३,३)
४ 'घनचक्कर'की कलाकार (२,२)
९ एक राशि (२)
१० मोक्तान थरकी गायिका (३)
११ खेल नं. १३ मा इटालीविरुद्ध (४)
१२ खेल नं. १० मा टर्कीविरुद्ध (४)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. १६ को विजेता


भलाकाजी तामाङ, भीमपथ, पोखरा

### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : कुकुर, चरा, ब्रस, टोपी, कैंची, माछा ।

### बाटो पत्ता लगाऊ ?







# गर्मीमा मज्जा

शिव शर्मा

पोखरा- यतिबेला गर्मीले सबैलाई हैरान बनाएको छ । गर्मीकै कारण काममा अल्छीपन तथा निद्रा लाग्ने समस्याले धेरैलाई सताएको पाइन्छ । घरबाहिर हिंड्यो, पसिनाले शरीर नै लपक्कै हुन्छ । यस्तो बेला पानीमा प्रफुल्ल भएर रमाउन पाएपछि जो पनि फुरुङ हुन्छन् । यो मौसममा स्वीमिङ पुल र खोलानालामा मन खोलेर पौडी खेल्ने र सिक्नेहरूको झुन्ड बाक्लै देखिन्छ । गर्मीले आत्थु-आत्थु पारेपछि पानीमा नखेली सुख्खै छैन ।

दीक्षा गुरुङ पेसाले हर्बल ब्युटीपार्लरकी ब्युटीसियन हुन् । स्वीमिङ पुलमै भेटिएकी दीक्षाले फुरुक्क पर्दै भनिन्- 'शीतलता प्रदान गर्नुका साथै पौडीले शरीर पनि मेन्टेन गर्दो रहेछ ।' स्वीमिङले आनन्दको अनुभूतिसँगै शरीरलाई पनि फुर्तिलो र ताजा बनाउँछ ।

मोटो शरीर हुनेहरू तौल घटाउन नियमित स्वीमिङ पुल धाउँछन् । अत्यधिक गर्मीको बेला पानी सबैका लागि आवश्यक पर्छ । त्यही आवश्यकतालाई परिपूर्ति गर्न स्वीमिङ पहिलो रोजाइ बन्छ । केही युवायुवती केवल रमाइलोका लागि मात्र पनि स्वीमिङ पुल जाने गरेको पाइन्छ । स्वीमिङ पुलमा भेटिएकी थोरै लजाउँदै एक युवतिले भनिन्- 'गर्मीमा पौडी खेल्दाको मज्जा नै बेग्लै हुन्छ ।' हो त, उनले भनेझैं पानीमा नभिझी यो मौसममा को थामिन सक्छ र ? जसलाई पनि एकपटक पानीमा डुबुल्की मारूँ-मारूँ बनाइहाल्छ । चिसोको अनुभूति सँगाल्न स्वीमिङ आउनेहरूको जगजगी बढी छ, -स्थानीय स्वीमिङ पुलका प्रशिक्षकहरू बताउँछन् । यहाँ होटलदेखि सामुदायिक रूपमा पनि स्वीमिङ पुलहरू सञ्चालित छन् । फेवातालमा पौडिनेहरूको कुरा भने बेग्लै छ । डुङ्गाको शयर गर्दै फेवातालको पानीमा छाल मार्ने विदेशी पर्यटकहरू यो मौसममा उस्तै देखिन्छन् । विदेशीहरूले पौडिनका लागि स्वीमिङ पुलभन्दा यहाँको फेवाताललाई नै रोज्ने गरेका छन् ।

पौडी सिक्नेहरूका लागि पनि यो मौसम त्यत्तिकै उपयुक्त मानिन्छ । स्कुले केटाकेटीदेखि पाकासम्म स्वीमिङ पुलहरूमा प्रशिक्षण लिइरहेको बग्रेल्ती देख्न पाइन्छ । हिमालीटोलका शम्भु लिम्बू भन्छन्– 'गर्मीले अत्याएपछि स्वीमिङ पुलमा फाल हालिहाल्छु ।' युवतीहरू आफ्नो शरीरलाई स्लिम तुल्याउन स्वीमिङ गर्छन् । स्वीमिङले भोक जगाउँछ अनि शरीरलाई तन्दुरुस्त राख्न मद्दत गर्छ । त्यही भएर त गर्मीमा स्वीमिङ जानुपर्छ भन्ने संस्कारको विकास भैरहेको छ ।

स्वीमिङले रमाइलोसँगै शारीरिक व्यायाम एवं फुर्ती प्रदान गर्ने हुनाले हरेक अभिभावक आफ्ना बाबुनानीहरूलाई स्वीमिङ पुल पठाउन आतुर देखिन्छ । पौडी खेल्नाले कम्मर तथा ढाड दुख्ने रोग निको हुनुका साथै मस्तिष्क चुस्त र श्वास-प्रश्वाससमेत राम्रो हुने धारणा पौडीबाजहरूको छ । सखारै र साँझको स्वच्छ समय पौडीका लागि उत्तम मानिन्छ । वैशाख महिनाको सुरुवातसँगै असारसम्मको तीन महिना पौडी खेल्नेहरूको लस्कर लाग्छ । स्वीमिङ पुलमा छिरेपछि पौडीपारखीहरू समय बितेको पत्तै पाउँदैनन् । गर्मीमा चिसो पानी र जाडोमा तातो पानीमा पौडी खेल्नुको आनन्द नै बेग्लै हुन्छ । यतिबेला चिसो पानीमा खलखली पसिना पखाल्दै पानीमा रमाउनेहरूले सबै थकान बिर्सन्छन् । पौडीले मन नै चंगा बनाउँछ, मोडल केदार बास्तोला भन्छन्- 'स्वास्थ्य र फुर्तिलो शरीरको त कुरै नगरौं ।'

## मायालु सम्बन्धका लागि

**नयाँ लुक बनाउनुहोस्** : आफूलाई नयाँ लुक दिनुहोस् । नेट वा साटिनको गुलाबी, रातो वा कागती रंगको नाइट ड्रेस लगाउनुहोस् । शरीरमा हल्का मीठो परफ्युम छर्नुहोस् । केश छोटो छ भने छोड्नुहोस्, लामो भए जुरो बनाउनुहोस् । त्यसरी मेकअप गर्नुहोस् जसले गर्दा श्रीमान्ले तपाईंमा नयाँ उत्साह र ताजापन महसुस गर्नुहुन्छ ।

**कफीको चुस्कीसँग चर्चा** : क्यान्डल लाइटमा आफूलाई मनपर्ने डिनर गर्नुहोस् । डिनरपछि आरामले बैठक कोठामा बस्नुहोस् । कफी पिउँदै दिनभरिका र कार्यव्यस्तताले गर्दा भन्न बाँकी कुराहरूमा खुलेर चर्चा गर्नुहोस् । कुनै पनि अप्रिय वा बोझिला कुरालाई चर्चाको विषय नबनाउनुहोस् । एक-आपसका नितान्त निजी कुराहरू बताएर अझै नजिक हुनुहोस् । आफ्ना मात्र होइन श्रीमान्का कुरा पनि ध्यानपूर्वक सुन्नुहोस् ।

**प्रशंसा गर्नुहोस्** : आफ्ना जीवनसाथीको प्रशंसा गर्नुहोस् । हरेक पल श्रीमान्लाई यो महसुस गराउनहुहोस् कि उनीबिना तपाईं निकै अधुरो हुनुहुन्छ । हरेक मानिसमा कमीकमजोरीहरू हुन्छन् तर उनका राम्रा कुराको प्रशंसा गर्नुहोस् । उनको तपाईंप्रतिको ध्यान, उनको मायालु कुराको प्रशंसा गर्नुहोस् । वास्तवमा मानवीय जीवनमा खुसी र सुखका लागि प्रशंसा एकदम आवश्यक हुन्छ ।

**संगीत** : संगीतबिनाको जीवन शून्य हुन्छ । त्यसैले कोठाको ढोका बन्द गरी झ्यालको पर्दा पनि लगाउनुहोस्, रंगीन नाइट बल्ब बाल्नुहोस् र बिस्तारै आफूलाई मनपर्ने रोमान्टिक गीत बजाउनुहोस् । त्यसपछि बिना कुनै कारण तपाईंहरूको मन उत्तेजित हुन्छ ।

**हल्का स्पर्श** : बिस्तारै-बिस्तारै एक-अर्काको केश सुमसुम्याउनुहोस् । एक-अर्काभित्र संसार पाएको अनुभव गरी सारा संसारलाई बिर्सनुहोस् । बिस्तारै निधारमा चुम्नुहोस् र भन्नुहोस् 'आई लभ यु टु मच ।'



**चलचित्र** : राति आफूलाई मनपर्ने चलचित्र हेर्नुहोस् । एक-अर्काबीच चल्दै, जिस्कँदै चलचित्र हेर्नुको मज्जा नै बेग्लै हुन्छ । त्यसपछि एक-अर्कालाई अँगालोमा बाँधेर सुत्नुहोस् ।


# Classified

## रोजगार

नेपाल सरकारद्धारा मान्यता प्राप्त संस्थालाई SLC, +2 दिइ रहेका शिक्षित अशिक्षित महिला कर्मचारीको आवश्यकता ७५००।- २२२२६१३

Silverreed / Brother मेशिन तथा कुरुसकाँटीले बुन्न जान्नेले सम्पर्क: रेणु श्रेष्ठ ४२६००७३, ४२६९७०१

महिला कर्मचारीहरु चाहियो, घरमै बसि काम गर्न सकिने ६०००। गौशाला ४४६६७०० (गृहणी/ विद्यार्थीहरुले समेत गर्न मिल्ने)

३ महिला रिसेप्सनिष्ट चाहियो, (का.म.न.पा. वार्ड नं. ४,७,८,९,३५ का ले मात्र सम्पर्क गर्नुहोला, ९८४१४६०१३७

मिडजोन ट्राभल एजेन्सीलाई अनुभवि टिकेटिङ्ग अफिसर/ कर्मचारीहरु चाहियो ५५३८७६२ बागडोल

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

चालु अवस्थामा रहेको OTIS ४००Kg भार क्षमता भएको Com list बिक्रिमा ९८४१६०५८५५

## सम्पर्क

किस्ताबन्दीमा: ०% ब्याजदरमा, कम्प्युटर, टेलिभिजन, फ्रीज, वाशिङ्गमेसिन, डिभीडी, मोबाइल, पंखा, मिक्सचर, कोरियन ब्लाङ्केट, डिजिटल क्यामेरा, भ्याकुम क्लिनर, म्याट्रेस, वेल्जीयम कार्पेट, ग्यास चुलोसेट (एट्रेक्सन नेपाल प्रा.लि., २०८२७३५, २०१२७१७) शनिबार पनि खुल्ला रहनेछ ।

जुनसुकै पत्रपत्रिकामा विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९, सुष्मीता विज्ञापन सेवा कौशलटार चौक ।

## तालिम

सुमन मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर नयाँबजार खुशिबुमा महिलाद्धारा महिलाहरुलाई कार रु ५०००।, मोटरसाइकल रु १५००।, स्कुटर रु २०००। मा सिकाइन्छ, ४३५७०८३, ९८४१२३४६९५

FM Technician Training Video Audeo Editing, Advertise, Creation, Anchoring, Photography, Artist, Model Production contact, Derby Int'l: 4424933, 9841442941, 9841514776, Job Guaranty

## घर जग्गा

घर जग्गा खरिदको लागि बालुवाटा ,मेतिदेवी, भैसीपाटी, बसुन्धारा, महाराजगंज, ४३६४२८४ ९८०३५०८०७५

धुम्बाराही, सामुखुसी चक्रपथ ए यामा ०-७-०-०, ०-६-०-०, ० ८-०-० प्लटहरु बिक्रीम ४३६४२८४, ९८०३५०८०७

बालाजु बाइपास ट्र्याक रोडमा ४ आना जग्गा बिक्रीमा ४३६४२८ ९८०३५०८०७५

## ब्यूटि पार्लर

NGO को सहयोगमा सञ्चालित निःशुल्क ब्युटिसियन तालिम लिई स्वरोजकार बनौं, प्रिन्सेस ब्यूटि होम, चाबहिल, ९८४१७६६२१४, ९८४१४१५२१५

Complete ब्युटिसियन कोर्षको व्यबस्था स्वरोजगारको व्यवस्था NBTC गौशाला, २१००५६३, ९८४१७७९८८९

बरिष्ठ ब्यूटिसियनद्धारा हेयरस्ट्रेट ग्यारेण्टीका साथ गर्नुका साथै ब्यूटिपार्लर सम्बन्धि सम्पूर्ण कार्यहरु सस्तो मूल्यमा गरिन्छ, न्यु आई.डि.एल. ब्यूटिपार्लर एण्ड ट्रेनिङ्ग सेन्टर, नयाँ बानेश्वर शिवदर्शन हल देखि ५० मिटर दक्षिण,पहिलो तल्लामा ।

ज्ञानोदय स्कुल बाफलमा ब्यूटिपार्लर बिक्रिमा ९८४१४७३०९७

## बिहावारी

अमेरिकामा कार्यरत वर्ष ३४ को एक शिक्षित आर्यन युवकलाई एक अत्यन्त सरल, अनुशासित र सुन्दर बधुको आवश्यकता परेको हुँदा योग्य महिलाले सिघ्र सम्पर्क राख्नु होला, मोवाइल ९८०३८६२६६२ इमेल sanjog4@hotmail.com

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा मोवाइल ९८४१-४१७०२२ वा ४४८०१०० Ext नं. १११११ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।



# युरोको ज्वरो

सुरज श्रेष्ठ आफूलाई मन पर्ने टिम हारेपछि रोए, दुई घन्टासम्म आफ्ना दाइहरूसँग समेत बोलेनन्। दाइले उनलाई धेरै बेर फकाएपछि मात्र उनी अलिकति 'कुल' भएका थिए रे।

यो असर जूनको पहिलो सातादेखि सुरु भएको युरो कप-२००८ को हो। विराटनगर स्थायी घर भएका सुरजलाई मनपर्ने टिम पोर्चुगल थियो तर उक्त टिमलाई जर्मनीले घर फर्कायो। 'पोर्चुगलले राम्रो खेलेर पनि हाऱ्यो त्यसैले चित्तै बुझेन, 'ब्याड लक', - सुरजले भने। काठमाडौंमा बसेर ब्रिजकोर्स गरिरहेका सुरज पोर्चुगलपछि इटलीको पक्षधर बने पनि उनको यो टिमले पनि स्पेनसित हार मान्नुपऱ्यो।

एक महिना नियमित खेल हेर्नु र आफ्नो काम पनि भ्याउनु सबैका लागि सजिलो हुँदैन। त्यसैले पनि यसपटक युरो कप नियमित हेर्ने दर्शकको संख्या पहिलेको भन्दा कम छ। 'पहिले-पहिले टोलमा यस्ता खेल हेर्दा धेरै होहल्ला सुनिन्थ्यो, आफ्ना साथीहरूलाई फोन गरिन्थ्यो, नयाँ सडककी रोशनी प्रधानले भनिन्- 'अहिले त्यस्तो हल्लै हुदैंन अनि साथीहरूलाई फोन गर्दा उनीहरू सुतिसकेका हुन्छन्।' फुटबल मन परेपनि अरूजस्तो उनी बाहिर गएर गेम हेर्न भने पाउँदिनन्। 'बाहिर गएर हेर्न मिल्दैन, त्यसैले घरमै नियमित हेर्छु,'- प्रधानले भनिन्। रूसको समर्थन गर्ने प्रधान रातको निद्रा दिउँसोसमेत पूरा गर्न पाउँदिनन्। 'कहाँ निदाउनु ? पसल कुर्नुपर्छ, दिउँसो त फुर्सद नै हुदैन,' उनले थपिन्- 'खाना खाएर छिटै सुत्यो अनि म्याच सुरु हुनेबेला उठेर हेर्छु।' प्रधानको न्युरोड पाकोमा कस्मेटिक पसल छ।

यस्ता फुटबल मेला हेर्ने व्यवस्था होटलमा मिलाइन्छ, 'स्पोर्ट्स बार' त्यसको उदाहरण हो। अन्य समयभन्दा सेमिफाइनल र फाइनलमा यस्ता ठाउँमा फुटबलप्रेमीहरूको भीड देखिन्छ। 'आफूसँगैका धेरै साथीसँग बसेर खेल हेर्नुको मज्जा बेग्लै हुन्छ,'- अर्जुन सिटौलाले भने। रातभरि खेल हेरेर उनी बिहानको दस बजे अफिस पुग्छन्। अर्जुनले आफ्नै नाममा पब्लिकेसन खोलेका छन् र त्यसको सम्पूर्ण जिम्मेवारी उनमै भएकाले काम छाडेर बस्न पनि मिल्दैन। तर युरो कपको ज्वरोले पनि उनलाई उत्तिकै तताएको छ। युरोकै लागि उनले आफ्नो कोठालाई विभिन्न फुटबल खेलाडी तथा टिमका पोस्टरले सजाएका छन्। यसरी रातभरि खेल हेरेर दिनभरि काम गर्दा स्वास्थ्यमा असर पर्दैन त ? उनको उत्तर यस्तो थियो- 'अहँ केही हुँदैन, बरु आफूले सपोर्ट गरेको टिमले जितेन भने ह्याङ्ग हुन्छ।' प्रतियोगितामा टर्की र चेकबीच भएको स्पर्धा निकै रोमाञ्चक लागेको अर्जुन बताउँछन्। जर्मनीका पक्षधर सिटौला युरोकप विजेता उनकै टिम हुने कुरामा विश्वस्त रहेको उनको यो भनाइले पुष्टि गऱ्यो- 'जर्मनीले जितेपछि तपाईं मेरो ग्र्यान्ड पार्टीमा आउनुस् है।'

एसएलडी इन्टरनेसनल कम्पनीमा कार्यरत सुजन श्रेष्ठ पनि नबिराई युरोकप हेरिरहेका छन्, तर दुर्भाग्य उनको मनपर्ने टिम हारिसक्यो। त्यसैले अब उनी जर्मनीको पक्षमा छन्। रातभरि खेल हेर्नु र बिहान आफ्नो काममा जुट्नु अन्य फुटबलप्रेमीझैं उनका लागि पनि नौलो कुरा होइन, तर यसले उनको कामलाई कुनै असर नपारेको श्रेष्ठ बताउँछन्- 'छिटै सुत्ने बानी भएकालाई त गाह्रै हुन्छ तर म जहिले ढिलै सुत्ने भएकाले खासै फरक पर्दैन, बिहान आठ बजेसम्म त सुत्न पाइन्छ नि !'

उनी खेल हेर्दा रमाइलोका लागि साथीसँग बाजी पनि थाप्छन्। अहिलेसम्म उनले दुईपल्ट मात्र बाजी जिते, 'के गर्नु, मैले रोजेको टिम जहिले हार्छ तर रमाइलै हुन्छ,' उनले भने- 'बाजी थापेर हेर्दा बढी उत्साही भइन्छ, तर पैसा नै कमाउने उद्देश्यले भने बाजी खेल्नु हुँदैन।'

शिला पाण्डे



## युरो २००८ का खेलहरू



**खेल नम्बर २३**

**ग्रीसविरुद्ध स्पेन**

युरो २००८ को तेइसौं खेलमा (समूह 'डी' अन्तर्गत) स्पेनले ग्रीसलाई १ का विरुद्ध २ गोलले पराजित गरी समूह पहिलो हुँदै क्वाटरफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा ग्रीसका तर्फबाट एन्जेलोस कारिस्टियासले १ गोल गरेका थिए भने स्पेनका तर्फबाट ड्यानियल गुइजा र रुवेन डिला रेडले १/१ गोल गरेका थिए।

**खेल नम्बर २४**

**रूसविरुद्ध स्वीडेन**

युरो २००८ को चौबीसौं अर्थात् समूह 'डी' को अन्तिम खेलमा स्वीडेनलाई रूसले शून्यका विरुद्ध २ गोलले पराजित गरी समूह दोस्रो हुँदै क्वाटरफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा रूसका तर्फबाट एन्डेरी कार्साभिन र रोमान पाभलेनचेन्कोले १/१ गोल गरेका थिए।

**खेल नम्बर २५**

**पोर्चुगलविरुद्ध जर्मनी**

युरो २००८ को पच्चीसौं तथा पहिलो क्वाटरफाइनलमा पोर्चुगललाई जर्मनीले २ का विरुद्ध ३ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा समूह 'ए' बाट पहिलो भएको पोर्चुगलका तर्फबाट नुनो गोमेज र हेल्डर पास्टिगाले १/१ गोल गरेका थिए भने जर्मनीका तर्फबाट बास्टियन स्वासटेगर, मिरोस्लाभ क्लोज, माइकल बालाकले १/१ गोल गरेका थिए।

**खेल नम्बर २६**

**क्रोएसियाविरुद्ध टर्की**

युरो २००८ को छब्बीसौं तथा दोस्रो क्वाटरफाइनलमा क्रोएसियालाई टर्कीले पेनाल्टी सुट आउटमा १ का विरुद्ध ३ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा समूह 'बी' बाट पहिलो भएको क्रोएसियाका तर्फबाट इभान क्लास्निक र समूह 'ए' बाट दोस्रो टर्कीका तर्फबाट सेमिह सेन्टुकले १/१ गोल गरेपछि खेल अतिरिक्त समयमा पुगेको थियो। दुवै पक्षबाट गोल नभएपछि निर्णयका लागि पेनाल्टी सुट आउटको सहयोग लिइएको थियो।

**खेल नम्बर २७**

**नेदरल्यान्डविरुद्ध रूस**

युरो २००८ को सत्ताइसौं तथा तेस्रो क्वाटरफाइनलमा नेदरल्यान्डलाई रूसले अतिरक्त समयमा १ का विरुद्ध ३ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा समूह 'सी' बाट पहिलो भएको नेदरल्यान्डको रुड भ्यान निस्टोलरोयले १ गोल गरे पनि समूह 'डी' बाट दोस्रो भएको रूसका तर्फबाट एन्ड्रेइ कार्साभिन, रोमान पाभलेनचेन्को र दिमित्री तोरबिन्सिले १/१ गोल गरेका थिए।

**खेल नम्बर २८**

**इटालिविरुद्ध स्पेन**

युरो २००८ को अट्ठाइसौं तथा चौथो क्वाटरफाइनलमा इटालीलाई स्पेनले पेनाल्टी सुट आउटमार्फत २ का विरुद्ध ४ गोलले पराजित गरी सेमिफाइनलमा प्रवेश गऱ्यो। उक्त प्रतिस्पर्धामा समूह 'सी' बाट दोस्रो भएको इटाली र समूह 'डी' बाट पहिलो भएको स्पेनबीचको खेलमा अतिरिक्त समयमा समेत दुवै पक्षबाट गोल हुन सकेको थिएन।

# मैदानबाहिर



क्वाटरफाइनलमा पोर्चुगललाई पराजित गरेपछि सेमिफाइनलसम्म लामो छुट्टी भएपछि जर्मन टिमका खेलाडी जेन्स लेहम्यान आफु बसेको होटेलको बगैंचामा रहेको रेस्ट चियरमा बसेर साथीहरुलाई मेल गर्दै।


## मित्रसँगै प्रतिस्पर्धा

युरोपमा एउटै क्लबको प्रतिष्ठाका लागि व्यावसायिक प्रतियोगिता खेलिरहेका खेलाडीहरू युरो २००८ का लागि भने अलग भएका छन्। उनीहरू अहिले आफ्नो देशको प्रतिष्ठाका लागि क्लबका मित्रहरूसँगै प्रतिस्पर्धा गरिरहेका छन्। युरोपको सफल क्लब स्पेनको रियल म्याड्रिड क्लबबाट खेल्ने खेलाडीहरूले मैदानमा क्लबको मित्रता त्यागे पनि मैदानबाहिर भने उनीहरूबीच पुरानै मित्रवत् व्यवहार देखिन्छ। रियलबाट खेल्ने छ जना खेलाडीले अहिले विभिन्न राष्ट्रको प्रतिनिधित्व गरिरहेका छन्। जसमा क्रिस्टोप माट्जेल्डर जर्मनीको तर्फबाट मैदानमा उत्रिएका थिए भने वेस्लि सेज्डर, रुड भ्यान निस्टोल रोय, अर्जेन रोबेन नेदरल्यान्डबाट र इकर कासिलास र सर्गेई रामोस स्पेनबाट र पेपे पोर्चुगलका तर्फबाट मैदानमा उत्रिएका थिए। संयोगवश मैदानमा प्रतिस्पर्धा गर्नुपरे पनि उनीहरू एक-अर्कालाई जितको शुभकामना दिन्छन् भने अरू बेला पनि एक-अर्काको सफलताको कामना गर्छन्। ब्राजिलियन मुलका पेपे भन्छन्- हामी मैदानबाहिर असल मित्र हौं, तर मलाई जर्मनीविरुद्ध खेल्दा माट्जेल्डरसँग कसरी संघर्ष गर्ने भन्ने कुराले सताएको थियो।



## भाग्य बदलियो

युरोपियन फुटबलको डिफेन्डिङ च्याम्पियन जर्मन फुटबल एसोसिएसनका अध्यक्ष अलि अन्धविश्वासी स्वभावका छन्। अध्यक्ष थिओ वान्जिगरले गत वर्ष चीनमा सम्पन्न महिला फुटबलको विश्वकपमा सहभागी हुने क्रममा उनलाई स्थानीय ट्याक्सीचालकले भाग्य बढ्ने उपहार दिएका थिए। चिनियाँ परम्परामा रहेको उक्त वस्तुलाई अध्यक्ष थिओले आफ्नो देशको कुनै पनि फुटबल म्याच भयो कि साथै लान्थे। उनले यो उपहार पाएदेखि अहिलेसम्म जहिले पनि बोकेर लगेको दिन जर्मनीले मैदानमा सफलता हात पारेकै हुन्थ्यो। यही कारणले उनलाई यो उपहारप्रति विश्वास थियो। यही क्रममा जर्मनी र क्रोएसियाबीच भएको म्याचमा पनि उनले त्यो उपहारलाई आफ्नो खल्तीमा हालेर जर्मनीको विजय होस् भन्ने आशाका साथ रंगशालामा गएका थिए, तर मैदानमा भने जर्मनी क्रोएसियासँग १ का विरुद्ध २ गोलले पराजित भयो। यो नतिजाले थिओको उक्त उपहारप्रतिको विश्वास केही डगमगाए पनि प्रशिक्षक जोचिम लिओ भने आफू कुनै पनि किसिमको अन्धविश्वासमा विश्वास नगर्ने बताउँछन्।



## ओच्छ्यान लिलाममा

ठूला प्रकृतिका खेलकुद प्रतियोगिता आयोजना गरेर देशले प्रतिष्ठा मात्र पाउँदैन, प्रशस्त आम्दानी पनि गर्छ। प्रतियोगिताको समयमा अधिकांश मानिसको ध्याउन्न पैसा कमाउने नै हुन्छ। यद्यपि कसरी पैसा कमाउने भन्ने कुरा भने फरक हुन सक्छ। अर्को सातापछि युरोको एक संस्करण समाप्त हुनेछ, त्यसपछि आयोजक राष्ट्रका व्यापारीहरू हिसाब-किताब गर्न थाल्नेछन्, तर जुक्ति भएका व्यापारीहरू भने युरोको समाप्तिपछि अर्को व्यापारमा हात हाल्ने छन्, त्यो हो– युरोमा सहभागी भएका खेलाडीहरू सुतेको ओच्छ्यान लिलाम गर्ने। पहिलो चरणको प्रतियोगिताबाट बाहिरिएको सहआयोजक अस्ट्रियाका तर्फबाट यसपटक नायक भएका इभिका भास्टिक, कप्तान एन्ड्रियास इभान्सिज र प्रशिक्षक जोसेफ हिकसबर्गर सुतेको ओच्छ्यानलाई अनलाइन किनमेल वेबसाइटको अस्ट्रिया संस्करण इबेले लिलाममा राखेको छ। अस्ट्रियाको ब्यालेन्स रिसोर्ट होटलमा बसेका खेलाडीहरू सुतेको उक्त ओच्छ्यान लिलाम गरेर उठेको रकम सामाजिक संस्थालाई दिने घोषणा गरिएको छ। सहआयोजक भएका कारण उक्त होटलले आफूलाई सामाजिक कार्यमा समर्पण गरेको हुनसक्छ।

# ब्याडमिन्टनमा भारतीय वर्चस्व



नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय अनुभव दिलाउने उद्देश्यका साथ बजाज डिक्सकभर ब्याडमिन्टन प्रतियोगिता काठमाडौंमा सम्पन्न भएको छ । यदाकदा हुने अन्तर्राष्ट्रिय स्तरको ब्याडमिन्टन प्रतियोगिताका रूपमा विगतमा हुने गरेको सेटलाइट ब्याडमिन्टन अहिले नयाँ रूपमा देखिएको छ । दक्षिण एसियाली स्तरमा रहेको उक्त प्रतियोगितामा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र नेपालका गरी ६३ खेलाडी सहभागी थिए ।

प्रतियोगितमा नेपालले एक कांस्य पदक प्राप्त गऱ्यो । नेपाली महिला ब्याडमिन्टनकी शीर्ष खेलाडी सुमिना श्रेष्ठको अनुपस्थितिमा सारादेवी तामाङलाई आफ्नो जोडीका रूपमा पाएकी पूजा श्रेष्ठले यो प्रतियोगितामा पनि तेस्रो स्थान हात पारिन् । दक्षिण एसियाली स्तरको ब्याडमिन्टनमा पूजा र सुमिनाको जोडीले प्रायःजसो तेस्रो स्थान हात पार्दै आएको थियो ।

प्रतियोगिताको सेमिफाइनलमा भारतीय जोडी ज्वाला गुप्ता र श्रुति कुरियनसँग पूजा-सारादेवीको जोडी पराजित भएपछि तेस्रो स्थानमा सीमित भएको हो । गुप्ता र कुरियनको जोडी युगल खेलमा उत्कृष्ट मानिन्छन् ।

पूजा र सारादेवीलाई छाड्ने हो भने यो प्रतियोगितामा नेपालका अन्य कुनै पनि खेलाडीले आफ्नो अस्तित्वसमेत देखाउन सकेनन् । पहिलो पटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी नाङसाला तामाङका लागि क्वाटरफाइनलमा प्रवेश गर्नु महत्त्वपूर्ण हुन सक्छ, तर बलराम थापा र इन्द्र मेहता पनि क्वाटरफाइनलभन्दा अघि बढ्न सकेनन् । २० नेपाली खेलाडीको माझमा क्वाटरफाइनलमा प्रवेश गर्ने अन्य खेलाडीमा पंकज चन्द र विशाल प्रधानको जोडी रह्यो । धेरै खेलाडी भने पहिलो चरणबाटै बाहिरिए ।

दक्षिण एसियाली क्षेत्रमा सुपर पावरका रूपमा रहेको भारतले यो प्रतियोगितामा पनि आफूलाई सोही रूपमा प्रस्तुत गर्दै सम्पूर्ण स्पर्धाको स्वर्ण पदक हात पाऱ्यो । पाँचवटै स्पर्धामा स्वर्ण पदक हात पार्दै भारतले आफूलाई अजेय रूपमा प्रस्तुत गरेको हो । पुरुष एकलमा शीर्ष वरियता पाएका चेतन आनन्दले उपाधि हात पार्ने क्रममा अर्का भारतीय खेलाडी जे भीएस विद्याधरलाई २१-१६,२१-१७ को सोझो सेटमा पराजित गरे । यसै गरी मिश्रित युगलमा पनि भारतीय जोडी डिजु भी र ज्वाला गुप्ताको जोडीले जेभीएस विद्याधर र श्रुति कुरियनको जोडीलाई २१-१२, २१-१५ ले पराजित गऱ्यो । महिला युगलको फाइनलमा ज्वाला गुप्ता र श्रुति कुरियनको जोडीले भारतकै अञ्जली कलिता र पी ज्योत्सनाको जोडीलाई २१-६, २१-८ ले पराजित गरे ।

यी तीनवटै स्पर्धामा भारतीय खेलाडीबीच फाइनल भिडन्त भए पनि अन्य दुई स्पर्धामा भने अन्य दुई स्पर्धामा भने दुई देशीय प्रतिस्पर्धा भएको थियो । पुरुष युगलको फाइनलमा अक्षय दिवालकर र डिजु भीको भारतीय जोडीले बलियो आँकिएका पाकिस्तानका अतिक मोहम्मद र रिज्वान आजमको जोडीलाई १९-२, २१-१०, २१-१२ ले पराजित गऱ्यो ।

भारतीय टिमलाई शतप्रतिशत विजय दिलाउने क्रममा महिला एकलमा विभारी बासुमतीले श्रीलकांकी थिलिनी जयसिंघेलाई २२-२०, २३-२१ ले पराजित गरिन् । दुवै सेट अत्यन्त प्रतिस्पर्धात्मक रहेको उक्त खेलको दुवै सेटमा श्रीलंकाली खेलाडी जयसिंघ विजयको नजिक पुगेर पनि जितबाट वञ्चित भइन् । ५ हजार डलर पुरस्कारराशिको यो प्रतियोगितमा युगलमा प्रत्येक विजेता खेलाडीले १ सय ५७ डलर प्राप्त गरे । यसै गरी उपवजेताले ७५ तथा तेस्रो स्थान प्राप्त गर्ने खेलाडीले ५० अमेरिकी डलर प्राप्त गरे ।

यसै गरी व्यक्तिगत स्पर्धाका विजेता खेलाडीले ३ सय ७५ अमेरिकी डलर, उपविजेताले २ सय अमेरिकी डलर र तेस्रो हुनेले १ सय डलर प्राप्त गरे । प्रतियोगिताले नेपाली खेलाडीलाई अन्तर्राष्ट्रिय स्तरको अभ्यास गराउन र आफ्नो स्तर मापन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको नेपाल ब्याडमिन्टन संघका अध्यक्ष प्रकाशबहादुर शाहीले बताए ।

# पहिलो पटक ह्यान्डबल प्रशिक्षक



कास्की- प्रशिक्षकको दक्षता बढाएर ह्यान्डबलको विकास गर्ने उद्देश्यले नेपालमै पहिलो पटक सञ्चालित ओलम्पिक ह्यान्डबल सोलाडारिटी प्रशिक्षक तालिम पोखरामा सम्पन्न भएको छ । तालिममा राष्ट्रिय खेलकुद परिषद्, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका गरी ३४ प्रशिक्षक सहभागी थिए । उनीहरूलाई ह्यान्डबलको सैद्धान्तिक एवं व्यावहारिक पक्षमा प्रशिक्षण दिइएको थियो । प्रशिक्षकको भूमिका अन्तर्राष्ट्रिय ह्यान्डबल महासंघका जर्मनी प्रशिक्षक उल्फग्याङ लोवेकले निर्वाह गरेका थिए । उनले खेल र खेलाडीको विकासका लागि प्रशिक्षकको दक्षता वृद्धि अनिवार्य भएको बताए । 'असल प्रशिक्षकविना असल खेलाडी उत्पादन हुन सक्दैन, राम्रो खेलाडी नजन्मिएसम्म खेलको विकास हुँदैन' समापनको प्रमाणपत्र वितरण गर्दै लोवेकले भने- 'प्रशिक्षकहरूले उत्साहपूर्वक सहभागिता जनाए, यो खुसीको कुरा हो ।'

कास्की जिल्ला ह्यान्डबल संघ एवं अन्तर्राष्ट्रिय ह्यान्डबल महासंघको संयुक्त आयोजनामा सञ्चालित प्रशिक्षण कार्यक्रम एक साता चलेको थियो । आयोजकका अनुसार यसअघि नेपाली टोलीले यससम्बन्धी अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण (दुई दशकअघि) सन् १९८६ मा पटियालामा लिएको थियो ।

प्रशिक्षणले ११ औं साफ च्याम्पियनमा नेपालका लागि जितको ढोका खोल्ने विश्वास आयोजकहरूको छ । ह्यान्डबलका वरिष्ठ प्रशिक्षक जीवन बस्नेतले प्रशिक्षणबाट ह्यान्डबलसम्बन्धी नयाँ शैली र नियमहरूका बारेमा जानकारी मिलेको बताए । उनले यसले खेलको विकासमा सहयोग पुऱ्याउन सक्ने आत्मविश्वास बढेको बताए ।


**प्रेम नेपाली**


# जितुवा शम्भुजित, हरुवा राजेश















तस्विरहरू : महेश प्रधान

लागूपदार्थविरुद्धका सद्भावना दूत राजेश हमाल नीलो हाफ पाइन्ट र सेतो टिसर्ट लगाएर दशरथ रंगशालाको मैदानमा देखिए । उनलाई अर्की सद्भावना दूत निरुता सिंहले साथ दिइन् । त्यहाँ अरू कलाकार पनि थिए । शिव श्रेष्ठ, भुवन केसी, मौसमी मल्ल, श्रीकृष्ण श्रेष्ठ, राजेन्द्र खड्गी, श्रवण घिमिरे, रेजिना उप्रेती, आकाश अधिकारी, अशोक शर्मा, अर्जुन कार्की, कृष्ण शिवाकोटी आदि ।

उनीहरूलाई निजी तथा आवासीय विद्यालयहरूको संगठन (प्याब्सन)का सदस्यहरूले साथ दिँदै थिए, अनि उनीहरू भिड्दै थिए, संगीतकर्मीहरूसँग । संगीतकार शम्भुजित बासकोटाको नेतृत्वमा संगीतकर्मी तथा गायकहरू आनन्द कार्की, प्रकाश श्रेष्ठ, सत्यराज-स्वरुपराज आचार्य, स्याडोजका स्वप्निल, नरेन लिम्बू, जुना प्रसाईं, यम बराल, प्राश्ना शाक्य, माण्डवी त्रिपाठी, रेश्मा सुनुवार आदि ।


उनीहरूलाई पनि राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठन (एनप्याब्सन)का सदस्यहरूले साथ दिँदै थिए । खेल निकै रमाइलो भयो । बल कहिले कलाकार टोलीको खुट्टामा त कहिले संगीतकर्मी टोलीको खुट्टामा । बलको पछाडि आफूले देखेका-चिनेका कलाकारहरू दौडिएको देखेर दर्शक उत्तेजित हुँदै कराइरहेका थिए । युरो कप फुटबलको रौनकमा रंगिएको राजधानीमा यस प्रकारको रमाइलो फुटबल खेलले दर्शकदीर्घामा रहेका अधिकांश स्कुले विद्यार्थीलाई मनोरञ्जन दिइरहेको थियो । राजेश हमाल, भुवन केसी, श्रीकृष्ण श्रेष्ठजस्ता नाम चलेका कलाकारले एउटा पनि गोल गर्न सकेनन् र मैदानबाट बाहिरिए । बरु उमेरले अग्रज भए पनि शम्भुजित बासकोटाले तालमाल मिलाएर गोल ठोके । संगीतकर्मीले कलाकारहरूलाई आधा दर्जन गोल ख्वाए । यसरी एउटा रमाइलो मैत्रीपूर्ण फुटबल खेल गत शुक्रबार सम्पन्न भयो ।



## प्रसंग कतिपय



विक्रम राई



अभूतपूर्व रूपमा अहिलेसम्मकै उच्च उत्तीर्ण प्रतिशत रहेको प्रवेशिका परीक्षाको नतिजा तत्कालीन रसियन स्टाइल जस्तो देखिए पनि प्रकाशित भैसकेको छ। दस वर्षसम्मको निरन्तर परिश्रमको फलले धेरैलाई यस पटक नेपाल टेलिकमको सोह्र सयले बधाइ प्रदान गऱ्यो। नेपालमा हाइ स्पिड इन्टरनेट सुविधा नभएकाले पनि सबै नतिजा सुन्न टेलिफोनमै झुम्मिनुपऱ्यो।

लाखौं विद्यार्थी र तिनका अभिभावकहरूले टेलिफोनको सोह्र सय नम्बर डायल गर्दा दिनभर नेटवर्क जाम भए पनि अनेकौं पटकको प्रयासपछि सफल हुँदा दूरसञ्चार झुरसञ्चार होइन पो रहेछ भन्ने पनि लाग्यो। मोबाइलकोसेवाले कुख्याती कमाएको बेलामा हाम्रो दूरसञ्चार झुरसञ्चार भएको सबै मोबाइलधारीलाई थाहा भएकै हो। तथापि गाँउ-गाँउमा पुगेको सञ्चार सुविधाले छिटो छरितो र सरल रूपमा वा भनौं घरमै बसीबसी आफूले दिएको परीक्षाको नतिजा सुन्न पाँउदा पहिलेको जस्तो अहिले सास्ती खेप्नु परेको छैन। असफल विद्यार्थीहरू पनि मौका परीक्षाको तयारीमा जुटेका छन्। त्यसो त एक-दुई पटक हुने असफलताले मानिसको जीवनमा खासै असर गर्दैन, व्यक्तिले आफूभित्र रहेको आत्मविश्वास नगुमाउन्जेलसम्म। टेलिफोनबाट पहिलो बधाइ सुनिसकेपछि नमात्तिनु वा असफलतामा नआत्तिनु नै विद्यार्थीहरूका लागि आवश्यक चीज हो।

हाम्रो समाज पुरातनवादीहरूले जरा गाडेको समाज हो। चैतमा परीक्षा दिंदाका छोराछोरीहरू तीन महिनापछि असारमा नतिजा आएसम्म छिप्पिसकेका हुन्छन्। यो परीक्षा उत्तीर्ण गरेपछि आफ्ना सन्तान सबै कुरा बुझ्ने र परिपक्व भएको अभिभावकहरूलाई लाग्छ जुन एकदमै गलत हो। परीक्षा उत्तीर्ण भएपछि सहरमा आमाबुबाले किनिदिने मोटरसाइकल उपहारले पनि विकृतिको सुरुवात गरेको छ जसले गर्दा पढ्नका निम्ति छोराछोरीहरूले बार्गेनिङ गर्ने संस्कार बढेको छ। पहिले कम साक्षरता र थोरै जनघनत्वका कारण यस प्रकारको परीक्षामा सफल भएपछि नै थुप्रै अवसर पाइन्थ्यो। यो शैक्षिक योग्यता भएपछि जागिर खान सजिलो थियो। अब त्यो अवस्था छैन। विद्यालय शिक्षाको तह पनि बढेर कक्षा १२ सम्म पुगेको छ तर कही नभएको जात्रा यही गाँउमा भने झैं अझै पनि विश्वविद्यालयहरूले उच्च माध्यमिक तह सञ्चालन गरिरहेका छन्। विश्व बैंकको अनुदानले केही काम गरे पनि राजनैतिक दबाबका सामु निर्णय निरीह साबित भएको छ। नेपाल सरकारको उच्च माध्यमिक तहलाई ए लेभलले सौता हालेको छ। शैक्षिक तहचाँहि एक तर शिक्षाका प्रकार अनेक भएको छ। यद्यपि विद्यार्थीहरूको लगाव र दिन-प्रतिदिन उच्च माध्यमिक तहको कक्षा ११ र १२ को कार्यक्रमप्रति विश्वास बढ्दै जानुले यसको लोकप्रियता बढाएको छ। भूमण्डलीकरणको कारणले गर्दा पनि दस जोड दुईको माग बढेर गएको छ।

अहिले सफल विद्यार्थीहरूमा कहाँ पढ्ने भन्ने नै ठूलो अन्योल रहेको पाइन्छ। त्यसो त सबै उच्च माविहरू राम्रो शिक्षा र त्यस प्रकारकै वातावरण दिन्छु भनी खुलेका हुन्छन् र त्यसमा पनि निजी विद्यालयहरूको विज्ञापनले सबैलाई आकर्षित गरेको छ। शिक्षामा बजारशास्त्रले काम गरिरहेको स्थितिमा निजी विद्यालयहरूले प्रचार प्रसारमा करोडौं खर्च गरेका छन्। धेरै कारणहरूमध्ये यो एक कारणले पनि शिक्षामा व्यापारीकरणको आरोप निजी विद्यालय सञ्चालकहरूमाथि लाग्ने गरेको छ।

अन्तमा यो प्रवेशिका परीक्षामा सफल भएका विद्यार्थीहरूलाई बधाइ तथा उनीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दै असफल भएकाहरूलाई अर्को पटक अझ बढी मेहनेत गरी सफल हुनुहोस्, हार्दिक शुभकामना अनि जय होस् सबैको।

## र्‍याम्पमा बेहुली



ल्याक्मे ब्राइडल मेकअप कम्पिटिसन सम्पन्न भएको छ। ल्याक्मे र सौन्दर्य कला व्यवसायी संघको संयुक्त आयोजनामा यो छुट्टै खालको प्रतियोगिता गत शनिबार सम्पन्न भएको छ। सोल्टी क्राउन प्लाजाको मेघामल्हार प्रेक्षालयमा भव्य रूपमा सजाएको स्टेजअगाडि बसेका निर्णायकहरू स्नेहा राणा, प्रजनि राणा, सिर्जनासिंह योञ्जन, राजेश धाख्वा र मेलिना मानन्धर मूल्यांकन गर्न व्यस्त देखिन्थे। १ सय ५० जना सहभागी ब्युटिसियनबाट छानिएका ३० जना फाइनलिस्ट ब्युटिसियनहरूले बेहुली श्रृंगारमा आफ्नो कला र सीपको दक्षता प्रस्तुत गरे आ-आफ्ना प्रतिनिधि मोडलमार्फत। सांस्कृतिक एवं भौगोलिक आधारमा हिमालयन बेल्ट, जनजाति, आर्यन, नेवार र तराई गरी विभाजन गरिएको थिम अन्तर्गत सहभागी ब्युटिसिनहरूले आफूलाई परेको थिमअनुसार नै आफ्नो मोडललाई मेकअप, हेयर स्टाइल र ब्राइडल पहिरनका साथै सुहाउँदो गरगहना तथा अन्य एक्सेसरिजमा प्रस्तुत गरेका थिए। अन्ततः २८ महिला एवं एक जना अर्का पुरुष ब्युटिसियनलाई उछिन्दै झापा घर भै हाल न्युरोडमा ब्युटी प्वाइन्ट ब्युटिपार्लर सञ्चालन गरिरहेका राजेश घिमिरेले बेहुली सज्जा प्रतियोगिताको सर्वोत्कृष्ट ब्युटिसियनको एवार्ड हात पारे। राजेशले एवार्डसहित ५० हजार नगद पुरस्कार पनि प्राप्त गरे। राजेशले आफ्नो मोडल कृतिका थापालाई राई भेषमा बेहुली बनाएका थिए। हरियो रंगको बनारसी साडी, नौगेडी र कम्पनी मालासहित र्‍याम्पमा उत्रिएकी कृतिकालाई बेहुलीका रूपमा सजाउने क्रममा उत्कृष्ट आइमेकअपको एवार्ड पनि राजेशले नै जिते। प्रतियोगितामा मोडल कृति श्रेष्ठलाई हिमालयन बेल्टको बेहुलीका रूपमा सिंगारेकी काठमाडौंको रिमा बज्राचार्यले फस्ट रनरअपको एवार्ड जितिन् भने पाटनकी निशा शाक्यले सेकेन्ड रनरअपको एवार्ड हात पारिन्। निशाले आफ्नो मोडल पूजा शाक्यलाई नेवार दुलहीका रूपमा प्रस्तुत गरेकी थिइन्। पूजाको मुहारको मेकअपका लागि निशाले क्रमशः रु. २५ हजार र १० हजार नगद पुरस्कार पनि प्राप्त गरिन्। अन्य उपाधितर्फ भोजपुरकी सुशीला गौतमले बेस्ट लिप मेकअप, खोटाङकी मीना राईले वेस्ट हेयर स्टाइल तथा काठमाडौंका रूपल छेत्रीले तरुणिका क्रिएसनको ब्राइडल वेयरका लागि वेस्ट अटायरको एवार्ड जितेका थिए।

**रोजिन शाक्य**

## मिस नेपाल बन्ने कि ?



यदि तपाईंमा आत्मविश्वास छ र आफ्नो व्यक्तित्वलाई प्रतिस्पर्धात्मक वातावरणबाट अझ निखार्न चाहनुहुन्छ भने मिस नेपाल-२००८ प्रतियोगिताले तपाईंलाई निमन्त्रणा गरिरहेको छ। काठमाडौं जेसिजको सहभागिता, द हिडेन ट्रेजरको आयोजना तथा डाबर वाटिकाको मुख्य प्रायोजन रहने मिस नेपाल प्रतियोगिताको १३ औं संस्करणका लागि इच्छुक नेपाली युवतीहरूबाट सहभागिताका लागि आवेदन मागिएको छ। आयोजक संस्था द हिडेन ट्रेजरका अनुसार मिस नेपाल-२००८ मा सहभागिता जनाउन सहभागी नेपाली नागरिक हुनुपर्छ। मिस नेपालमा सहभागी हुन १८ वर्ष पूरा भै २५ वर्ष उमेर समूहभित्र हुनुपर्ने, अविवाहित, दस जोड दुई वा सो सरहको अध्ययन पूरा गरेको हुनाका साथै कम्तीमा ५ फिट ४ इन्छ उचाइ हुनुपर्ने आधार नियम तोकिएको छ। मिस नेपाल-२००८ की विजेताले कोएसियामा सम्पन्न हुने मिस वर्ल्ड प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्व गर्नेछिन् भने पुरस्कारका हकमा मिस नेपालको ताज सहित १ लाख नगद पुरस्कार र काइनेटिक नोभा बाइक प्राप्त गर्नेछिन्। फस्ट रनरअप विजेताले नगद पुरस्कार ६० हजार प्राप्त गर्नेछिन् भने उनले मिस अर्थ इन्टरनेसनलमा सहभागिता जनाउनेछिन्। सेकेन्ड रनरअप विजेताको प्रतिनिधित्व भने ब्युटी अफ द वर्ल्ड प्रतियोगितामा रहनेछ र उनले ४० हजार नगद पुरस्कार प्राप्त गर्ने आयोजक संस्थाले जनाएको छ।





































**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक: **कैलाश सिरोहिया**, निर्देशक: **विनोदराज ज्ञवाली** तथा **स्वस्तिका सिरोहिया**, सम्पादक: **सुवास ढकाल**।